# सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन भोगाई
## (जलजला कम्युन, सिरिबाङ, रोल्पाको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत समाजशास्त्र
विभागको स्नातकोत्तर तह उपाधिको लागि आँशिक आवश्यकता
परिपूर्ति गर्न तयार पारिएको
शोधपत्र

कुमार बर्तौला
रोल नं. ३६
सिम्बोल नं. २८३४६६
रजिस्टेसन नं. ६-२-४०-२२८-२०१२

समाजशास्त्र केन्द्रीय विभाग
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
२०८१

**समाजशास्त्र केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्ति गर्नको लागि उपाधि प्राप्तिको लागि श्री कुमार बर्तौलाले "सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन भोगाई ( जलजला कम्युन, सिरिबाङ, रोल्पाको एक अध्ययन)" शिर्षकको सोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको छ । उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत सोधपत्रलाई स्वीकृती र अनुमोदनका लागि मुल्याङ्कन कमिटीमा सिफारिस गर्दछु ।

मिति :

................................

उप.प्रा.डा. केशवराज सिलवाल

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

**समाजशास्त्र केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्ति गर्नको लागि उपाधि प्राप्तिको लागि श्री कुमार बर्तौलाले "सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन भोगाई (जलजला कम्युन, सिरिबाङ, रोल्पाको एक अध्ययन)" शिर्षकको सोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मुल्याङ्कन समिति

.......................

विभागीय प्रमुख

सह-प्रा.डा. पासाङ शेर्पा

...........................

शोधनिर्देशक

उप-प्रा. डा. केशवराज सिलवाल

........................

बाह्य शोध निर्देशक

प्रा. डा. सुरेन्द्र मिश्र

मिति : २०८१/०९/०७

# कृतज्ञता

यस शोधपत्र “सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन भोगाई ( जलजला कम्युन, सिरिबाङ, रोल्पाको एक अध्ययन)”ले मेरो अध्ययन कार्यको नतिजाको फलस्वरूप साकार रूप लिन सफल भएको छ, जसका लागि सुनछहारी गाउँपालिका रोल्पाका उत्तरदाताहरूसँग मैले अनुसन्धानको उद्देश्य प्राप्तिका लागि सोधपुध गरेको थिए । यसका साथसाथै मैले विभिन्न व्यक्तिहरू तथा संघ संस्थाहरूबाट साथ, सहयोग र समर्थन पाएको छु जसलाई यहाँ समावेश गरेको छु । सर्वप्रथम मेरो शोधपत्रका शोध निर्देशक उप-प्रा. डा. केशवराज सिलवाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु, जसले सल्लाह, सुझाव तथा शैक्षिक विज्ञता प्रदान गर्नुभयो ।

शोध तथा अध्ययन गर्ने अवसर प्रदान गरेकोमा समाजशास्त्र केन्द्रीय विभाग तथा यस विभागका विभागीय प्रमुख सह-प्रा.डा. पासाङ शेर्पा ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । आदरणीय गुरु डा. गुमानसिंह खत्री, लगाएत समाजशास्त्र विभागका सम्पुर्ण गुरुहरू जसले मलाई विभिन्न समयावधिमा महत्वपुर्ण सल्लाह सुझाव प्रदान गर्नु भयो, उहाँहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अन्तमा मेरो यस शोत्रपत्रलाई आफ्नो महत्वपुर्ण सुझाव सल्लाह दिई अन्तिम रूप प्रदान गर्नुहुने बाह्य शोध निर्देशक आदरणिय गुरु प्राध्यापक सुरेन्द्र मिश्र प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकर्ता

कुमार बर्तौला

२०८१

# विषयसूची


| | |
|---|---|
| सिफारिस पत्र | ii |
| स्वीकृती-पत्र | iii |
| कृतज्ञता | iv |
| **परिच्छेद १ : परिचय** | **१** |
| १.१ पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अनुसन्धानका उद्देश्यहरू | ६ |
| १.४ अध्ययनको औचित्य | ६ |
| १.५. अध्ययनको संरचना | ७ |
| **परिच्छेद २ : साहित्य समीक्षा** | **१०** |
| २.१ सामूहिकता र कम्युनको अवधारणा | १० |
| २.१.१ पेरिस कम्युन | १२ |
| २.१.२ सोभियत कम्युन | १३ |
| २.१.३. चिनियाँ कम्युन | १४ |
| २.२ नेपालको सन्दर्भमा कम्युन | १६ |
| २.३. सैद्धान्तिक समीक्षा | १८ |
| २.४ मार्क्सवाद | ज्ञढ |
| २.५. अवधारणात्मक ढाँचा | २१ |
| **परिच्छेद- ३ : अध्ययन विधि** | **२३** |
| ३.१ अनुसन्धान ढाँचा | २३ |
| ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य | २४ |
| ३.२.१ अध्ययन क्षेत्रको परिचय | २४ |
| ३.२.२ जेलबाङको सामाजिक जनसांख्यिकी | २५ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोत | २५ |
| ३.४ उत्तरदाताको छनौट/तथ्याङ्क संकलनको विधि | २६ |
| ३.४.१ व्यक्तिगत घटना अध्ययन | २७ |

३.४.२ गहन अन्तर्वार्ता २७

३.४.३ मुख्य सूचनादाता अन्तरवार्ता २८

३.५ तथ्याङ्क विश्लेषणको तरिका २८

३.६ अध्ययनको सिमा २८

**परिच्छेद-चार : जलजला कम्युन स्थापना र अभ्यास ३०**

४.१ जनयुद्धको सुरुवात ३०

४.२. रोल्पाको राजनीतिक परिवेश ३३

४.३. सुनछहरी गाउँपालिकाको सामाजिक परिवेश ३४

४.४. जलजला कम्युन निर्माणको परिवेश ३५

४.५. कम्युनमा सहभागीहरूको विवरण ३७

४.६. कम्युनको संगठन संरचना र जिम्मेवारी बाँडफाँड ३८

४.७. कम्युनमा उत्पादन तथा वितरण प्रणाली ४०

४.८. कम्युन र स्थानीय समुदाय बीचको सम्बन्ध ४२

४.९. कम्युनमा सुशासनको अभ्यास ४२

४.१०. पार्टीको सहयोग र सुपरिवेक्षण ४३

**परिच्छेद ५: कम्युन सदस्यहरूको जीबन भोगाई र कम्युनको वर्तमान अवस्था ४५**

५.१. कम्युन सदस्यहरूको जीवन भोगाइ सम्बन्धी घटना अध्ययन ४५

५.२. कम्युन सदस्यहरूको जीवन भोगाइ ५२

५.३. हाल कम्युन छोडेका सदस्यहरूको अवस्था ५५

५.४. पार्टीको यथार्थ संगत भनाई र गराँई वीचको तादम्यता ५६

५.५. हाल कम्युन अवस्था ५८

**परिच्छेद ६ : सारांश, निष्कर्ष** ६०

६.१ अध्ययनको सारांश ६०

६.२ निष्कर्ष ६१

**सन्दर्भ सामग्री ६४**

**प्रश्नावली ६७**

**अध्ययन क्षेत्रको तस्बिरहरू** ७०

# परिच्छेद १ : परिचय

यो परिच्छेदले यस अनुसन्धानको परिचयात्मक अंशको बारेमा छलफल गर्दछ । यस अध्ययनको पृष्ठभूमीमा समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य र अध्ययनको संरचना समावेश छ । यस अध्ययनको पृष्ठभूमिमा शोधकर्ताले कम्युनको परिचय, नेपालमा जनयुद्दकालमा स्थापित कम्युनहरूको अवस्थाहरूको बारेमा चर्चा गर्दछ । यो परिच्छेदमा शोधपत्रको उद्देश्य र प्रश्नहरू पनि समावेश छन् ।

## १.१ पृष्ठभूमी

कम्युन हरेक व्यक्तिलाई उसको सरोकार र आवश्यकता अनुसार उपभोगका सामग्री वितरण गर्न सकिने सिद्धान्तमा विश्वास राख्ने साम्यवाद (कम्युनिज्म) का अनुयायीहरूको सामूहिक बसोबास थलो हो । कम्युनिष्टहरू कम्युनलाई समाजवादको सबभन्दा तल्लो सङ्गठन मान्दछन् । जसमा खेती, उद्योग, शिक्षा र संस्कृति, व्यापार र मिलिसिया आदि क्षेत्र सम्मिलित हुन्छन् । कम्युन एक तल्लो सामाजिक सङ्गठन हो । त्यसका साथै उनीहरूले यसलाई राज्यको शासनको एक तल्लो अङ्गको रूपमा पनि हेर्ने गर्दछन् । कम्युनलाई उत्पादनका साधनहरूमाथि र स्रोतको वितरणको सामुहिक नियन्त्रण गर्ने राज्यसत्ताको यस्तो आधारभूत एकाइको रूपमा व्याख्या गरेका छन् । (मार्क्स-एङ्गेल्स, १९८७) । त्यसैले कम्युन निर्माणलाई कम्युनिस्ट अन्दोलनले समाजमा सहर र गाउँ, मजदुर र किसान, शारीरिक र बौद्धिक श्रमबीचको भेद हटाएर समाजवादी समाजलाई साम्यवादी समाजको निर्माणमा लैजाने माध्यमका रूपमा लिएका हुन्छन् । समुदायको आर्थिक र राजनीतिक चेतनाको विकासमा यसले महत्वपूर्ण भुमिका खेलेको हुन्छ ।

'कम्युनलाई राज्यसत्ता शासक वर्ग (एक पक्ष)को हातबाट अर्को पक्षको हातमा हस्तान्तरण गर्ने क्रान्ति नभएर स्वयम वर्गीय आधिपत्यको त्यस भयानक यन्त्रको उन्मुलन गर्ने क्रान्ति हो भन्ने मान्दछन (मार्क्स-एङ्गेल्स, १९८७) । समाजवादी आन्दोलनको विश्व इतिहासमा १८७१ मार्च १८ का दिन पेरिसका मजदुरहरूले कम्युनको स्थापना गरेका थिए । तर, ७२ दिनपछि अर्थात १८७१ मे २८ का दिन पेरिस कम्युनको अन्त भयो । यस्तै त्यसपछि

अक्टोवर क्रान्ति (१९१७) पछि सोभियत सङ्घ र चिनियाँ जनवादी क्रान्ति (१९४९) पछि चीनमा राष्ट्रिय रूपमा नै कम्युनको स्थापना र सञ्चालन गरिएको थियो (मुखर्जी, २०६७) ।

नेपालको सन्दर्भमा विश्व कम्युनिष्ट आन्दोलनको विकाससँगै नेपालमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले वि.सं.२०५२ साल फाल्गुण १ गते जनयुद्धको सुरुवात गरेको थियो । पश्चिम नेपालको रोल्पा तथा रुकुमबाट जनयुद्धको विकास हुँदै देशव्यापी बन्यो । जनयुद्धको तीव्र विकाससँगै पार्टीले विविध वैज्ञानिक साम्यवादी योजनाहरू पनि विस्तार गर्दै लग्यो । त्यही अनुरूप जनयुद्धको विकासको ८ बर्ष नपुग्दै जाँजरकोटबाट सुरु गरेर रोल्पा र रुकुममा वैज्ञानिक साम्यवादी व्यवस्थाको भ्रुणको रूपमा माओवादी कै शब्दमा जनकम्युनको अभ्यास गरेको थियो । यस वेला माओवादीले जाजरकोटको जुनीमा जुनी रोल्पाको थवाङ गाविसको राँचीवाङमा अजम्बरी, रुकुमको प्वाङ गाविसको छिपखोलामा बलिदान , रोल्पाको जेलबाङ ठूला गाँउमा जलजला कम्युन स्थापना र सञ्चालन गरेका थिए (मुखर्जी, २०६७) ।

रोल्पाको थवाङ बजार भन्दा केही माथितिर र जलजलाको सानो गाउँ राचिवाङमा वि.सं. २०६० साल जेष्ठ १४ गते अजम्बरी जनकम्युन स्थापित भएको थियो । शुरुमा ६ घरको सम्पूर्ण जग्गा जमिन र सम्पत्ति सामूहिकीकरण गरी कम्युनको गठन भएको हो । त्यसपछि सातौं चरण सम्म क्रमशः ६ घर, ८ घर, ९ घर, २१ घर, २२ घर, ३२ घर हुँदै जम्मा ३३ घरको सम्पूर्ण जग्गा जमिन तथा धन सम्पत्ति सामूहिकीकरण गरी कम्युनको विस्तार भएको थियो । ३३ घर मध्ये जम्मा ३१ घर मगर जाति र एक-एक घर क्षेत्री र दलित रहेका थिए ( नयाँ दिशा, २०६४) ।

कम्युनले सामूहिक रूपमा थवाङको राचिवाङमा नै दुई वटा लामा-लामा आकारका दुई तला (भुई तला समेत गरी) भएका आकर्षक घर बनाएको थियो । जहाँ माथिल्लो तलामा १८ कोठा र तल्लो तलामा १५ कोठा गरी जम्मा ३३ कोठा रहेका छन् । त्यहाँ ३३ घरका लगभग १४८ जना परिवारहरू बस्दछन्, जसमा विशेषगरी शहीद परिवार, बेपत्ता परिवार, कार्यकर्ता परिवार र जनमुक्ति सेना परिवार छन् । स्थानीय स्तरबाट घरमा विजुली बत्ती, टेलीभिजन र टेलिफोनको प्रवन्ध गरिएको थियो (नयाँ दिशा, २०६४) ।

कम्युनले गोबाङमाथि एउटा नमूना विद्यालय स्थापना गरेको थियो । जसको नाम शहीद स्मृति नमूना निम्न माध्यमिक विद्यालय थवाङ, रोल्पा राखिएको थियो । कम्युनमा हाल

जम्माजम्मी ४८ जना बच्चा बच्ची रहेका थिए । जसमध्ये २३ जना जतिले त्यही नमूना विद्यालयमा अध्ययन गर्दथे । नमूना विद्यालयमा ६ जना शिक्षक र १ जना शिक्षिका रहेका थिए (नयाँ दिशा, २०६४) ।

जतिवेला नेपालमा माओवादी सशस्त्र विद्रोह विकास हुदै थियो त्यसवेला पेरुको आन्दोलन निरन्तर कमजोर हुदै थियो । श्रीलंकाको राष्ट्रिय मुक्ति आन्दोलन पनि नराम्रोसित पराजित भयो भने अन्यत्र पनि कम्युनिस्ट आन्दोलनले बाटो समाउन सक्ने स्थितिमा थिएन । तर नेपालमा माओवादी आन्दोलन देशभित्र र बाहिर सम्पूर्ण शक्तिलाई एकतावद्ध पार्दै तीव्र विकास भएको थियो । माओवादीले नेपाली कम्युनिष्ट आन्दोलन कमजोर भयो भने यसको विश्वव्यापी सन्देश नकारात्मक जाने कुरालाई केन्द्रमा राखेर संसदवादी राजनीतिक दल ( सात दल)सँग मिलेर ठूलो राजनीतिक परिवर्तन ल्याउने भूमिका खेलेको थियो । त्यसैले माओवादीले सञ्चालन गरेको जनयुद्ध र सात पार्टीले सञ्चालन गरेको जनआन्दोलनको बलमा २०७२मा संविधानसभाबाट नेपालको संविधान जारी भयो । यस संविधानको प्रस्तावनामा भनिएको छ "....लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न......संविधानतः 'समाजवाद-उन्मुख' राज्य हो । (नेपालको संविधान, २०७२) र, अबको बाटो हो- समाजवाद उन्मुखताको बाटो ।

समाजवादमा मानिसले उनीहरूको आर्थिक जीवनमा नियन्त्रण गर्न सक्छन । उनीहरू आर्थिक कानुनका जञ्जीरबाट मुक्त हुन्छन र आफ्नो आर्थिक गतिविधीलाई आफै परिभाषित गर्न स्वतन्त्र हुन्छन । यस्तो निर्णय बजार पुँजीको सञ्चय वा अतिरिक्त मूल्यले होईन, व्यक्ति आफैले गर्न पाउछ। पुँजीवादी आर्थिक कानुनबाट सम्पूर्ण समाजको मुक्ति व्यक्तिको स्वतन्त्रता र उसको गुमेको मानवीयता तथा पृथक मानवीय पहिचान फिर्ताका लागि अनिवार्य सर्त हो (मन्सुर, २०८०) ।

"समाजवादी क्रान्ति पुर्व नै कम्युनको अभ्यास 'परिमाणको गुणमा रूपान्तरण' भन्ने सैद्धान्तिक मान्यतालाई स्वीकार गर्दै समाजवादी समाज निर्माणका लागि गरिएको सचेतन प्रयत्न हो । पुरानो (रक्त सम्वन्धमा आधारित) परिवारलाई भत्काएर नयाँ (वर्ग सम्बन्धमा आधारित) परिवार निर्माणको थालनी हो । साम्यवादको झल्को दिने सामूहिक जीवन शैलीको अभ्यास हो । यसलाई बचाउनु र यसको उज्यालोमा जनतालाई सामूहिकताको अभ्यासमा प्रेरित गर्नु आज हाम्रो प्राथमिक कार्यभार हो" (पोखेल, २०७१) ।

तर युद्दताका शुरु गरिएका ती कम्युनहरू सञ्चालन हुन नसक्ने अवस्थामा पुगेका खवरहरू सार्वजनिक भएक छन । कम्यन सदस्यहरू केही पुरानो घर फर्किसकेका छन । केही संस्थाको अचल सम्पति कुरेर बसेका छन । तर ती सामाजिक र राजनीतिक केन्द्र बन्न सकेका छैनन (बुढाथोकी, २०७८) ।

त्यसैले नेपालको समाजवादी आन्दोलनलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन यी अभ्यासको इतिहास, र वर्तमान अवस्था पहिचान र समस्याहरूको बिश्लेषण गरी अनुभवजन्य ज्ञानलाई संग्रहित गर्न आवश्यक छ। यसबाट प्राप्त अनुभवजन्य ज्ञानले नेपालमा सामाजवादी समाजको आधार निर्माणमा महत्वपूर्ण योगदान दिनेछ ।

## १.२ समस्याको कथन

२०७२ मा संविधानसभाबाट नेपालको संविधान जारी भयो । यस संविधानको प्रस्तावनामा भनिएको छ “.....लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न..... संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं” (नेपालको संविधान, २०७२) । त्यसैले नेपाल संविधानतः ‘समाजवाद-उन्मुख’ राज्य हो । र, अबको बाटो समाजवाद उन्मुख हो ।

समाजवाद भनेको सामुहिक उत्पादन र सामुहिक वितरणको प्रणाली हो । समाजवादले यसको आर्थिक ढाँचा, सामाजिक प्रणाली र सांस्कृतिक मूल्य पद्धतिलाई इंगित गर्दछ । सुरक्षा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, आवास, सामाजिक सुरक्षा, सार्वजनिक अवसरको समन्यायिक वितरण र रणनीतिक महत्वका लगानीमा राज्यको जिम्मेवारी, व्यापार र व्यवसायमा निजी क्षेत्रका साथै सहकारी र सामुदायिक स्वामित्व सहितको गतिशील अर्थप्रणाली, नागरिक सर्वोच्चता र उपभोक्ता हितबाट अनुप्राणित सामाजिक उत्तरदायित्व सहितको बजार अर्थतन्त्रलाई इङ्गित गर्दछ ।

कम्युन समाजवादी व्यवस्थाको आधारभुत अङ्ग हो । त्यसैले विगतमा बनेका कम्युनहरूको सान्दर्भिकता अझ बढेको छ अझ संविधानका रक्षा, कमजोरी र विसंगत प्रावधानको संशोधन तथा परिमार्जन गर्ने दृष्टिकोणबाट मात्र समाजवादको सार्थक बहस, कार्यान्वयन र निर्माणलाई मार्गप्रशस्त गर्न सकिन्छ । यसकालागि नयाँ कम्युन निर्माणको आह्वान हुनु आजको आवश्यकता हो । परिस्थिति हिजो भन्दा अहिले अनुकुलको बनेको छ ।

समाजवादलाई एक सैद्धान्तिक आदर्श र परिकल्पनाबाट एक व्यावहारिक यथार्थमा परिणत गर्न सकिन्छ। तर ध्यान त्यता गइरहेको छैन। सचेतनापूर्वक क्रान्तिको झिल्को स्वरूप निर्माण गरिएको नवलपरासीको “डण्डा कम्युन” विघटन भईसकेको छ। यद्यपी यसको भौतिक सम्पति बाँकि छ। आफुलाई विचारधारात्मक कम्युन भन्ने दिवाकर बालग्राम चितवन र आधारशिला महोत्तरी उसकै भनाईमा रक्षा र विकासका लागि पार्टीलाई आग्रह गरिरहेको छ।

अर्कातर्फ, नेकपा माओवादीले साम्यवादी कम्युनिष्ट नीति अँगाल्दै सशस्त्र युद्धकै क्रममा सञ्चालन गरेका रोल्पाको थबाङमा अजम्बरी जनकम्युन, जेलबाङमा जलजला, रुकुममा बलिदान जनकम्युन र जाजरकोटमा जुनी जनकम्युन रुघ्ण बन्दै गइरहेका छन। कम्युनका भौतिक घर भएपनि परिवार संख्या घट्दो छ। प्रारम्भमा यहाँबाट शुरु गर्ने र सत्तामा पुगेर देशभर यस्तै कम्युन अभ्यास गर्ने माओवादी स्कुलिङ आफै हावा गफमा परिणत भइसकेको छ।

सरकारमा पुगेपछि नेताहरूबिचमा शुरु भएको मतभेद कम्युनसम्म पुगेको छ। फरक-फरक विचार आउन थालेका छन्। युद्धकालसँगै रहेका कम्युन परिवार सदस्यहरू केही प्रचण्ड पक्ष, केही विप्लव र केही वैद्यको समर्थनमा पुगेका छन्। यसले कम्युन आफै विघटनको पर्खाईमा रहेको छ।

वामपन्थी आन्दोलनको महत्वपूर्ण सवाल भएतापनि कम्युनको विषय वामपन्थी आन्दोलनभित्र नै व्यवस्थित र सङ्गठित रूपमा बहस र छलफल भने कमै भएको पाइन्छ। विभिन्न समयमा नेपालका विभिन्न कम्युनिस्ट सङ्गठनले विभिन्न ठाउँमा कम्युन निमार्ण गर्ने प्रयत्न गरेको देखिन्छ तर ती कम्युनहरू लामो यात्रा तय गर्न भने असफल रहे। सञ्चालनमा भएका केही कम्युनहरू पनि शास्त्रीय रूपमा गरिएको व्याख्या अनुसार कतिको चलेका छन् त्यो भने विवादको विषय बनिरहेको छ र ती कम्युनहरू तीव्र क्षयीकरणको दिशा तर्फ उन्मुख छन्।

हिजो संकटमा उर्जासहित सामाजिक रूपान्तरणमा योगदान गर्ने उद्देश्यले स्थापना भएको कम्युन आजको सहज परिवेशमा रुग्ण बन्दै गइरहेका छन्। कम्युनका भौतिक सम्पत्ति भएपनि कम्युन सदस्यहरू कम्युन घरमा छैनन्। जनयुद्ध जस्तो महान क्रान्ति र अफठ्यारो परिस्थितीमा सफलतासहित सन्चालन भएको कम्युन आज सन्चालन नहुनु र त्यो अवस्थामा

उत्साहसहित कम्युनमा बस्नका लागि आफ्नो घरबार छोडेका कम्युन सदस्यहरू पुनः सामुहिकता छोडेर कहाँ गए ? उनिहरूको अवस्था कस्तो छ ? कसरी पहिले सामुहिकता लागु गरियो र अहिले त्यो किन हुन सकेन ? आदि कुरामा यो अनुसन्धान कार्यले खोज गर्नेछ । अध्ययनलाई सजिलो, व्यवस्थित तथा निश्चित विषयमा केन्द्रित गराउनको लागि मैले निम्न अनुसन्धान प्रश्नहरू तय गरेको छु ।

- जलजला कम्युनमा सामुहिकताको सुरुवात किन र कसरी गरियो ? कम्युनमा कोको सहभागी भए ?
- कम्युनमा सामुहिकता कसरी लागु गरियो ?
- कम्युन सदस्यहरूको जीवन भोगाइ कस्तो र कम्युन छोडेका सदस्यहरू के गर्दैछन् ?

## १.३ अनुसन्धानका उद्देश्यहरू

यस अध्ययनको सामान्य उद्देश्य नेपालमा नेकपा (माओवादी) सशस्त्र विद्रोहको समयमा स्थापना भएको जलजला कम्युनको अवस्था विश्लेषण गर्नु हो । र, यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

- कम्युनमा सामुहिकताको सुरुआत, सहभागिताबारे खोज गर्ने ।
- कम्युनमा सामुहिकताको अभ्यासबारे खोज र विश्लेषण गर्ने ।
- कम्युनका सदस्यहरूको जीवन भोगाइ र अनुभव थाहा पाउने ।

## १.४ अध्ययनको औचित्य

नेपालमा हालसम्म अभ्यास भएका सामुहिक बसाइ वा कम्युनको बहुआयामीक ढङ्गबाट अर्थात यसलाई ऐतिहासिक दृष्टिबाट हेर्ने, ती कम्युनहरूको सञ्चालन पद्धति, त्यहाँ बसोबास गरेका मान्छेहरूको अनुभव, ती कम्युनहरूले सामना गर्नुपरेको समस्याहरू, आदीको वस्तुगत अध्ययन भएको छैन । नेपालको समाजवादी आन्दोलनमा भएको यो प्रयोगबारे कुनै व्यवस्थित अध्ययन र प्रकाशन नहुँदा यो इतिहास विस्मृतिमा जाने सम्भावना हुन्छ । त्यसकारण यो अध्ययनले समाजवादी आन्दोलनलाई आफ्नो इतिहास स्मृतिमा राख्न सहयोग गर्ने छ । साथै, यो क्षेत्रमा प्राज्ञिक अनुसन्धानको पनि अभाव छ र यो अध्ययनले नेपालको समाजवादी आन्दोलनको यो इतिहासलाई दस्तावेजीकरण गर्न सघाउने छ ।

## १.५. अध्ययनको संरचना

यो अध्ययनमा परिचय देखि निष्कर्षसम्म छ वटा विभिन्न परिच्छेद रहेका छन् ।

**परिच्छेद एक :**

यो परिच्छेदले यस अनुसन्धानको परिचयात्मक अंशको बारेमा छलफल गर्दछ । यस अध्ययनको पृष्ठभूमीमा समस्याको कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य र अध्ययनको संरचना समावेश छ । यस अध्ययनको पृष्ठभूमिमा शोधकर्ताले कम्युनको परिचय, नेपालमा जनयुद्दकालमा स्थापित कम्युनहरूको अवस्थाहरूको बारेमा चर्चा गर्दछ । यो परिच्छेदमा शोधपत्रको उद्देश्य र प्रश्नहरू पनि समावेश छन् ।

**परिच्छेद दुई :**

यस परिच्छेदले नेपालको राजनीतिक आन्दोलनको क्रममा कम्युनिष्ट पार्टीहरूले अभ्यास गरेको कम्युन, सामूहिकरण प्रक्रिया, सामुहिक उत्पादन र वितरण प्रणालीको जाँचपड्ताल गर्दछ । कुनै पनि अध्ययन अनुसन्धान गर्दा त्यस विषयसँग सम्बन्धित अनुसन्धानहरूको सिंहावलोकन गर्नुपर्दछ । साहित्य समीक्षाले अनुसन्धानको लक्ष्य यस अघि भएका अध्ययन/अनुसन्धान निष्कर्षहरू भन्दा किन भिन्न छ ? यसको समानता र फरकपना के हो ? कुन कोणबाट अध्ययन-विश्लेषण गरिएको हो ? कमी भएको विषय वा क्षेत्र के हाे? कसरी यसलाई पुरा गर्न सकिन्छ ? लगायतका विषयमा विद्यमान ज्ञानको अन्वेषण गरी अनुसन्धानको कमी (Gap) पहिचान गर्न महत्वपूर्ण भुमिका खेल्दछ ।

सामूहिकता र कम्युनका अवधारणाहरूको समीक्षा मार्फत माओवादी जनयुद्धकालमा अभ्यास गरिएका कम्युनहरूको सैद्धान्तिक र ऐतिहासिक रूपमा बहुमूल्य अन्तर्दृष्टिहरू प्राप्त हुन्छन् । त्यसैगरी, विवेकवाद, सामाजिक रूपान्तरण र सामाजिक दिगोपनको समीक्षाले ती कम्युनहरू स्थापनाको अन्तर्यको खोज गर्दछ । यस समीक्षाले अध्ययनको महत्व र गुणस्तरीय मूल्याङ्कन गर्नको लागि निश्चित रूपरेखा प्रदान गर्दछ । यसले परिणामहरूलाई अन्य परिणामहरूसँग तुलना गर्न सहयोग गर्दछ । यस थेसिसको पहिलो भागले विभिन्न सामूहिकताका सिद्धान्तहरू र अनुभवजन्य अनुसन्धानहरूको जाँच गर्दछ । दोस्रो, विभिन्न प्रकारका कम्युनहरूको अन्वेषण गर्दछ । त्यसपछिका खण्डहरूले विवेक, सामाजिक रूपान्तरण,

र सामाजिक दिगोपनमा केन्द्रित भएर कम्युन, सामूहिक जीवन, सामूहिक कृषि र सहकारीहरू बीचको सम्बन्ध स्थापित गर्दछ ।

**परिच्छेद तीन :**

यस अनुसन्धानको उद्देश्य माओवादी जनयद्धका दौरानमा नेकपा माओवादीले आफ्नो केन्द्रीय आधार इलाका  निर्माण भएका कम्युनहरू सञ्चालन गर्नु पछाडिको कारण र हाल तिनको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा सुक्ष्म तरिकाले खोज गर्नु हो । यसले खासगरी निर्माण, अभ्यास तथा सञ्चालन प्रक्रिया कस्तो थियो, कम्युनलाई समुदायले  कुन तह सम्म स्विकार भन्ने भन्ने कुरा बुझ्न सहयोग गरेको छ । शान्ति प्रक्रियापछि ती कम्युनहरू कसरी विघटनमा पुगे भने अर्को तिर नयाँ हाल उनीहरू के गरिरहेका छन । यो किन र कसरी भयो भन्ने विषयमा त्यती अध्ययन अनुसनधान हुन सकेको छैन । त्यसैले यस अनुसन्धानको उद्देश्य माओवादी जनयद्धका दौरानमा स्थापना भएका कम्युनमा सामुहिक ताको अभ्यास कसरी गरिन्थ्यो ?  भन्ने कुराको सुक्ष्म तरिकाले खोज गर्नु हो ।

**परिच्छेद चार :**

यस परिच्छेद अन्तरगत अध्ययन क्षेत्र रोल्पा जिल्लामा माओवादी जनयुद्धको सुरुवात, सामाजिक परिवेश, यसको प्रभाव, कम्युन निर्माण, अभ्यासका विषयमा विश्लेषण गरिएको छ । केन्द्रीय इलाकाका रूपमा रोल्पा र त्यहाको जनजीवनलाई व्याख्या गरिएको छ ।  साथै जेलबाङमा सञ्चालित जलजला ख समुह कम्युन सञ्चालन, यसमा सामाहित हुने परिवार, कम्युन - समुदाय सम्बन्ध, कम्युनमा पार्टीको भूमिका र कम्युनमा सुशासनको अभ्यासको बारेमा चर्चा गरिएको छ ।

**परिच्छेद पाँच :**

यस परिच्छेद अन्तरगत कम्यनमा रहेका ५ जना सदस्यको घटना अध्ययन र उनीहरूको जीवन भोगाई, कम्युन विघटन पछाडि कम्युन सदस्यहरूको अवस्था र पार्टी सम्बन्धकोबारेमा प्राप्त तथ्य तथ्याङ्कको प्रस्तुती र विस्लेषण गरिएको छ ।

**परिच्छेद छ :**

यस परिच्छेदमा सारांश र निष्कर्ष रहेको छ ।

# परिच्छेद २ : साहित्य समीक्षा

यस परिच्छेदले नेपालको राजनीतिक आन्दोलनको क्रममा कम्युनिष्ट पार्टीहरूले अभ्यास गरेको कम्युन, सामूहिकरण प्रक्रिया, सामुहिक उत्पादन र वितरण प्रणालीको जाँचपड्ताल गर्दछ । कुनै पनि अध्ययन अनुसन्धान गर्दा त्यस विषयसँग सम्बन्धित अनुसन्धानहरूको सिंहावलोकन गर्नुपर्दछ । साहित्य समीक्षाले अनुसन्धानको लक्ष्य यस अघि भएका अध्ययन/अनुसन्धान निष्कर्षहरू भन्दा किन भिन्न छ ? यसको समानता र फरकपना के हो ? कुन कोणबाट अध्ययन-विश्लेषण गरिएको हो ? कमी भएको विषय वा क्षेत्र के हो ? कसरी यसलाई पुरा गर्न सकिन्छ ? लगायतका विषयमा विद्यमान ज्ञानको अन्वेषण गरी अनुसन्धानको कमी (Gap) पहिचान गर्न महत्वपूर्ण भुमिका खेल्दछ ।

सामूहिकता र कम्युनका अवधारणाहरूको समीक्षा मार्फत माओवादी जनयुद्धकालमा अभ्यास गरिएका कम्युनहरूको सैद्धान्तिक र ऐतिहासिक रूपमा बहुमूल्य अन्तर्दृष्टिहरू प्राप्त हुन्छन् । त्यसैगरी, विवेकवाद, सामाजिक रूपान्तरण र सामाजिक दिगोपनको समीक्षाले ती कम्युनहरू स्थापनाको अन्तर्यको खोज गर्दछ । यस समीक्षाले अध्ययनको महत्व र गुणस्तरीय मूल्याङ्कन गर्नको लागि निश्चित रूपरेखा प्रदान गर्दछ । यसले परिणामहरूलाई अन्य परिणामहरूसँग तुलना गर्न सहयोग गर्दछ । यस थेसिसको पहिलो भागले विभिन्न सामूहिकताका सिद्धान्तहरू र अनुभवजन्य अनुसन्धानहरूको जाँच गर्दछ । दोस्रो, विभिन्न प्रकारका कम्युनहरूको अन्वेषण गर्दछ । त्यसपछिका खण्डहरूले विवेक, सामाजिक रूपान्तरण, र सामाजिक दिगोपनमा केन्द्रित भएर कम्युन, सामूहिक जीवन, सामूहिक कृषि र सहकारीहरू बीचको सम्बन्ध स्थापित गर्दछ ।

## २.१ सामूहिकता र कम्युनको अवधारणा

सामान्य ढंगबाट हेर्दा सामूहिकता र कम्युन उस्तै लाग्दछ, तर यी विचमा व्यापक भिन्नता रहको छ । सामूहिकताले व्यापक अवधारणालाई समेट्छ भने कम्युनले यसको व्यावहारिक अभिव्यक्तिलाई प्रतिनिधित्व गर्दछ । सामूहिकीकरणले आर्थिक उत्पादन, वितरण, र मानिसहरूलाई समूहमा संगठित गर्ने जस्ता गतिविधिहरू सामूहिक रूपमा सञ्चालन गर्ने कार्यान्वयन वा दृष्टिकोण समावेश गर्दछ । कम्युन एक किसिमको सामाजिक र आर्थिक संगठन हो जुन केही निश्चित मूल्यहरूमा आधारीत हुन्छ । सामूहिकीकरण मुख्यतया सामूहिक कृषि

प्रयासहरूमा केन्द्रित हुन्छ । यहाँ प्रारम्भमा सामूहिकतालाई सम्बोधन र त्यसपछि कम्युनको अन्वेषण गरिएको छ ।

सामूहिकताले कुनै पनि राजनीतिक वा सामाजिक/आर्थिक सिद्धान्त वा अभ्यासहरूलाई जनाउँछ जसले उत्पादन र वितरणका साधनहरूमा साम्प्रदायिक वा राज्य स्वामित्व र नियन्त्रणलाई प्रोत्साहित गर्दछ (स्कोट एण्ड मार्सल २००९, पेज १००) यसले मानिसहरूलाई तिनीहरूको जमिनको साथ एकत्रित गर्ने रणनीति लागू गर्दछ (फिट्जप्याट्रिक २०१०, पेज १५६०) । यसरी, सामूहिकीकरण भनेको उत्पादन, वितरण र उपभोग जस्ता सामाजिक र आर्थिक प्रयासहरूमा लिइने समूह कार्यहरूको प्रक्रिया हो । यसले मूख्यतया मानिसहरूमा जग्गा सङ्कलन लागू गर्ने प्रविधि प्रयोग गर्दछ (फिट्जप्याट्रिक २०१०, पेज १५६०)

कम्युनका अभ्यासहरू सामूहिकीकरणको अभिन्न पक्ष हुन, समाजशास्त्र लगायतका विषयमा कम्युनको धेरै अनुसन्धान फेला पार्न सकिन्छ । (मार्क्स, १८७२; वेबर १९४७; डाइमण्ड १९७१; रिग्वाई १९७४; अब्राम एण्ड म्याककुलोच,१९७६; गोल्ड, १९९१ ) मार्क्सले कम्युनलाई वर्गसङ्घर्षको अभिन्न तत्वको रूपमा बुझ्छन्, जसले परिवर्तनकारी समाजको प्रतिनिधित्व गर्दछ जसमा सर्वहारा वर्ग वा मजदुर वर्गले नियन्त्रण लिएको हुन्छ । उनका अनुसार कम्युनले अस्तित्ववान सत्ताधारी वर्गको शासनको अर्थतन्त्रको आधारलाई जरैदेखि उखेल्न एक लिभरको रूपमा काम गर्छ । (मार्क्स, पेरिस कम्युन, मे १८७१) कम्युनका मुख्य विशेषताहरूमा निजी सम्पत्तिको उन्मूलन, उत्पादनका साधनहरूमा सामूहिक स्वामित्वको अवलम्बन, निःशुल्क शिक्षा र स्वास्थ्य सेवाको प्रावधान, र सामूहिक निर्णय प्रक्रियाको कार्यान्वयन (मार्क्स एण्ड एंगेल्स, १८७२) समावेश छ । वेबरले कम्युनलाई सामूहिक सामाजिक सम्पर्क र गतिविधिसँग जोडे, तर डायमण्डले कम्युनलाई पूर्व अवस्थित सामाजिक व्यवस्थाको लागि वैकल्पिक संस्थाको रूपमा देखे । डायमण्डको लागि, कम्युन एक अवस्था हो, जसले अद्वितीय व्यक्तिहरू र तिनीहरूको एकअर्कासँगको सम्बन्धमा आधारित थप महत्त्वपूर्ण र अपरिहार्य सामाजिक संरचनाको लागि मार्ग बनाउँछ (डायमन्ड १९७१, पेज ९८) ।

अझ व्यापक रूपमा, अब्राम्स र म्याककुलोच सामूहिक जीवनलाई एक नीजि स्वार्थ विहिन विचारको रूपमा मान्दछन् जसले साम्यवादको प्रारम्भिक दिनको झल्को दिन्छ, जुन सामुहिक जीवनमा पारस्परिकताको उच्च मूल्य थियो । १९७२मा ब्रिटिश समाजमा सामुहिक आन्दोलनहरू अवलोकन गरेपछि उनीहरू कम्युनहरू सामाजिक जीवनको ठूलो परिवारसँग

सम्बन्धित भएको र यसलाई परिवारका अन्य सदस्यहरूबाट छुट्याउन गाह्रो छ भनेर रेखांकित गर्छन् (अब्राम एण्ड म्याककुलोच, १९७६; पेज २५) । कम्युनहरूमा समुदायको भावना, परिवारको भावना, र संस्थाको भावना पाइन्छ । तिनीहरूसँग क्लबहरू, रूपान्तणकारी आन्दोलनहरू, चिकित्सकीय समूहहरू, जनसमूह र गुटहरूका गुणहरू पाइन्छ । कम्युनहरूले भावनात्मक रूपमा प्रतिबद्ध व्यक्तिहरूबाट बनेको (सामान्यतया पाँच देखि पच्चीस सदस्यहरू सम्म) साझा जीवनलाई प्राथमिकता दिन्छन् र सामूहिक गतिविधिहरूमा संलग्न हुन्छन् । तिनीहरू साझा आवास वा घरहरूको सञ्चालमा बस्छन् । आन्तरिक एकता र अन्तरक्रियाको भावना बढाउँछन् । पर्याप्त स्रोतहरूले समूहलाई सँगै रहन, सदस्यहरू बीच एकता कायम राख्न र बाह्य शक्तिहरू साथै आन्तरिक तनाव कम गर्न सक्षम बनाउँछ ।

फ्रान्स, रुस, चीन र पूर्वी युरोपका धेरै देशहरूलगायत विभिन्न कम्युनिस्ट देशहरूमा सामूहिकीकरणको रूपमा कम्युनको अभ्यास गरिएको थियो । यहाँ ती मध्ये फ्रान्स, रुस र चीनका उदाहरणहरूको चर्चा गरिएको छ ।

### २.१.१ पेरिस कम्युन

कम्युन पहिलो पटक फ्रान्समा व्यापक रूपमा लोकप्रिय भएको थियो । क्रान्तिकारी मजदुर वर्गले मार्च १८ देखि मे २८, १९७१ सम्म पेरिसलाई आफ्नो नियन्त्रणमा लिएको थियो । सन् १८७१ को विद्रोहको फलस्वरूप गठित मजदुरवर्गको यो क्रान्तिकारी सरकार, १८ मार्चदेखि २८ मे सम्म, जम्मा ७२ दिन कायम रह्यो । यसलाई पेरिस कम्युन भनेर चिनिन्छ ।

कम्युन एक नगर प्रशासन थियो जुन मताधिकारद्वारा निर्वाचित नगर सदस्यहरू मिलेर बनेको थियो। सहरका वडाहरू जो एक निश्चित अवधिको लागि उत्तरदायी थिए । अधिकांश सदस्यहरू अनिवार्य रूपमा काम गर्ने पुरुष वा मान्यता प्राप्त श्रमजीवी वर्गका प्रतिनिधिहरू थिए । यसले पेरिस सहरमा समाजवाद निर्माण गर्यो, सहरभरि कामदारहरूको सहकारी उद्यमहरू, विश्वव्यापी निःशुल्क शिक्षा, चर्च र राज्यको स्वतन्त्रताको घोषणा गर्यो । कामदार वर्गको लागि रात्रि श्रमको उन्मूलन जस्ता विशेष आर्थिक मुद्दाहरूमा प्रस्तावहरू पारित गर्यो (गोल्ड, १९९१, पेज ७१८) । कलकारखानाहरू बन्द भएपछि र मालिकहरू पलायन भए। कम्युनले श्रमिकको स्वामित्वमा रहेको सहकारीमार्फत कारखाना सञ्चालन गर्न कदम चाल्यो । उनीहरूले सबै सरकारी कर्मचारी र मजदुरको ज्याला बराबर गरे । यसबाहेक, तिनीहरूले

चर्चको सम्पत्तिहरू राष्ट्रियकरण गरे र चर्चको प्रभावबाट शिक्षालाई मुक्त गरे, बिना शुल्क सबैको पहुँच सुनिश्चित गर्दै । कम्युनले वर्गीय सम्पत्ति हटाउने उद्देश्य राखेको थियो, जसले अनिवार्य रूपमा धेरैको कामलाई थोरैको सम्पत्तिमा परिणत गर्छ । यसको लक्ष्य उत्पिडकहरूलाई कब्जा गर्नु थियो (मार्क्स, १९७२, पेज ५९) ।

पेरिसको कम्युनले श्रमिकहरूलाई दास बनाउने र शोषण गर्ने माध्यमहरू र बाध्यकारी श्रमलाई स्वतन्त्र बनाउन उत्पादनका साधनहरू, भूमि र पूँजीको स्वामित्व परिवर्तन गर्ने उद्देश्य राखेको थियो । सामुहिक सुधारहरू गर्दा, कम्युनार्डहरूमाथि हमला र सत्ता बाहिर रहेका शक्तिहरूद्वारा पराजित भएपछि पेरिस कम्युन ७२ दिनभित्रै पतन भयो ।

समाजवादी आन्दोलनको विश्व इतिहासमा १८७१ मार्च १८ का दिन पेरिसका मजदुरहरूले कम्युनको स्थापना गरेका थिए । तर, ७२ दिनपछि अर्थात १८७१ मे २८ का दिन पेरिस कम्युनको अन्त्य भयो । यस्तै त्यसपछि अक्टोवर क्रान्ति (१९१७) पछि सोभियत सङ्घ र चिनियाँ जनवादी क्रान्ति (१९४९) पछि चीनमा राष्ट्रिय रूपमा नै कम्युनको स्थापना र सञ्चालन गरिएको थियो ।

## २.१.२ सोभियत कम्युन

सोभियत रुसमा सन् १९१७ को अक्टोबर क्रान्तिपछि कृषिमा सामुहिकरण प्रणालि सुरु गरियो तर यसले सन् १९३० पछि मात्र गति लियो । स्टालिनको प्रथम पन्चवर्षिय योजना सन् १९२८ मा सुरु भयो जसले कृषिमा सामुहिकरणको आवस्यकतालाई महसुस गर्दै किसानहरूलाई सामुहिक खेतमा काम गर्न लगाइयो। त्यो समयमा रुसमा अनाज आपूर्तिमा भारि गिरावट भईरहेको थियो भने उत्पादन प्रणालिपनि पुरानै ढाँचाको थियो । बोल्सेभिक नेता लेनिनको भनाई थियो 'सानो खेतका लागि गरिबिबाट उम्कने उपाय छैन ।' देश अनिकालको संघारमा उभिनलाग्दा बोल्सेभिकसँग एउटै उपाय थियो- सानासाना किसान खेतहरूलाई मिलाएर ठुलाठुला समाजवादी खेत बनाउनु र खेतिको छिटो उन्नति र बजारमा अन्नको परिणाममा वृद्धिको लागि ट्र्याक्टर र अन्य आधुनिक यन्त्रहरू प्रयोग गर्नु । यसको लागि कुलकहरूलाई हटाउन पनि आवस्यक थियो, जसले सामुहिक खेतिको विरोध गरिरहेका थिए ( श्रेष्ठ, २०५४) । शोभियतमा तीन प्रकारका सामुहिक खेति प्रणालि देखिन्थ्यो:

- टोज - यसमा कृषकहरूसँग आफ्नो खेति (व्यक्तिगत सम्पत्ति) हुन्थ्यो तर आधुनिक कृषि औजारहरू र कृषि काम साझा हुन्थ्यो ।
- सोभखोज - सोभखोज राज्यद्वारा नियन्त्रणमा रहेको जमिन हो। सोभखोजमा जमिन राज्यको हुन्थ्यो र कृषि उत्पादनमा राज्यकै स्वामित्व रहेको थियो । यहाँ काम गनेहरू ज्यालादारी कामदार थिए ।
- कोल्खोज - कोल्खोज निर्वाचित समितिद्वारा नियन्त्रण गरिएको सामुदायिक भूमि हो । कोल्खोजमा जग्गा जमिन सामुहिक हुन्थ्यो जसको स्वामित्व निर्वाचित समितिसँग रहन्थ्यो । कोलखोजका लागि भूमि, उपकरण र पशुधन एकत्रित गर्न आवस्यकता थियो र यसमा परिवारसँग निजि उपयोगका लागि निजि जमिन पनि हुन्थ्यो ।

रुसी सरकारको चाहना सोभखोजको बिस्तार गर्नुथियो। तर सन् १९३० आइपुग्दा सम्म रुसि किसानहरूको रुचि कोल्खोजमा बढि भयो (कोकैसल २०१३, पृष्ठ-१२४) ।

## २.१.३. चिनियाँ कम्युन

चिनले गरिबिबाट माथि उठ्नका लागि सोभियत विकासको मोडेलको सिको गर्यो जसमा 'कृषिमा सामुहिकिकरण' प्रमुख थियो । सन् १९५८ मा चिनले 'द ग्रेट लिप फरवार्ड' भन्ने आर्थिक तथा सामाजिक अभियान सुरु गरि 'पिपुल्स कम्युन' हरूको स्थापना गर्यो । १९५८ को सुरुमा यि कम्युनहरू परिक्षणात्मक थिए तर १९६२ हुँदाहुँदै यिनिहरूले स्थायित्व पाउन थाले । चिनको ग्रामिण विकासमा यि कम्युनहरूको ठुलो भूमिका रहेको थियो । चिनका कम्युनहरूको आफ्नै विशेषता थिए जसमा-

- चिनियाँ कम्युनहरू ग्रामिण प्रकृतिका थिए र यिनिहरू सफल पनि भए, सहरिया कम्युनहरू केहि स्थापना गरिएपनि यिनिहरू पछि यसै अलपत्र परे,
- चिनियाँ कम्युनहरू ग्रामिण अर्थव्यवस्थालाई मजबुत र आधुनिक बनाउन संगठनात्मक माध्यम बने। यिनिहरूले कृषि कार्यका लागि आवस्यक ट्र्याक्टरहरू बिउबिजन आदि उपलब्ध गराउने मात्र नभै ग्रामिण विकासका लागि पाँच घरेलु तथा साना उद्योगहरू ( सिमेन्ट, हाइड्रो पावर, कृषि औजार, मल, फलाम र स्टिल

उद्योग) मा लगानि बढायो । साथै अरु साना गैर कृषिका गरेलु उद्योह स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्यो ।

- पिपुल्स कम्युनले स्थानिय तहमा सानो आर्थिक क्रियाकलाप गर्नुको अलावा आफ्ना सदस्यहरूका लागि स्कूल, अस्पताल, पसल, बैंक , पसल, पुलिस सुरक्षा , टेलिफोन, हुलाकसेवा, खेल तथा साँस्कृतिक कृयाकलाप , रेडियो टेलिभिजन सेवा आदिको प्रबन्ध गर्दथ्यो ।

पिपुल्स कम्युनले तिन तहमा विभाजित भएर आफ्नो काम गर्दथ्यो- कम्युन तह, उत्पादन ब्रिगेड र उत्पादन टिम । कम्युनहरूले आफ्नो ठुलो जनसङ्ख्यालाई प्रयोग गर्दै सिंचाइ, ढल, अस्पताल, साना हाइड्रोपावर, कलकारखाना आदि सञ्चालन गर्थे । यसले आधुनिक कृषि प्रणालीका लागि मलहरू, आधुनिक कृषि औजार, ट्र्याक्टर आदि प्रयोग गर्थे र अरु कम्युनहरूलाई पनि यसको लागि प्रोत्साहन गर्दथे । कम्युन व्यवस्थापकहरू सामान्यत प्रतिस्पर्धी युवाहरू रहन्थे जसले व्यवस्थापकिय तालिम पनि लिएका हुन्थे । प्राय सबै कम्युनमा ५०० देखि १००० को सङ्ख्यामा कम्युनिष्ट पार्टी सदस्यहरू हुन्थे ।

हरेक कम्युनमा लगभग १५ वटा उत्पादन ब्रिगेडहरू हुन्थे, जसमा औसतमा २०० घरपरिवार वा १००० जनासम्म मान्छे रहन्थे। ब्रिगेडका नेताहरूले लगभग आधा समय ब्रिगेडका प्रशासनिक कार्यमा बिताउँथे भने आधा समय खेतहरूमा श्रम गर्दथे । ब्रिगेडको मुख्य काम-

- उत्पादन योजना बनाउने टिमको सहायता गर्नु र राज्यको अर्थव्यवस्था को साथ मा उत्पादन टिमको समन्वय गराउनु,
- योजना लक्ष्यको पूर्ति सुनिश्चित गर्न पर्यवेक्षण टिमको व्यवस्था गर्नु,
- आय को उचित विभाजनको साथसाथ सदस्यहरूमा आयको विभाजन सँगै पछिको विकासनिर्माणको कार्यका लागि वचत गर्नु,
- ब्रिगेडको जल संरक्षण परियोजनाको प्रबन्धन गर्नु,
- टिमका लागि चाहिने मिलिसिया, शिक्षा, स्वास्थ्य आदि सेवा प्रदान गर्नु साथै कृषिऔजारहरू उपलब्ध गराउनु

उत्पादन टिमका सदस्यहरू एकआपसमा चिनेजानेका हुन्थे, या त उनिहरू साथिभाइ वा छिमेकि वा आफन्त हुन्थे । टिमका सदस्यहरूले सामुहिक रूपमा को व्यक्तिले दिनमा कति पोइन्ट काम गर्यो भनेर रेकर्ड राख्नु हुन्थ्यो। एकअर्काले केके काम गर्ने भनेर पनि उनिहरूले छुट्याउँथे । ब्रिगेड र कम्युनबाट आएको आग्रह र निर्णयलाई के प्रतिक्रिया दिने भनेर पनि उनिहरू सामुहिक रूपमा नै निर्णय गर्थे । उत्पादन टिमले आफ्नो कार्य सम्पन्न गर्नका लागि आफ्नो टिमलाई विभाजन गर्थे, एउटा भागमा दैनिक कार्य गर्नेहरू हुन्थे जस्तैः सुङ्गुरको हेरचाह गर्नेहरू भने अर्को भागमा मौसमी काम गर्नेहरू हुन्थे जस्तै; धान काट्ने । मौसमी काम गर्नेहरू सिजनअनुसार हुने सबै काम गर्थे जस्तै घाँस काट्ने, किराहरू मार्ने, गोडमेल गर्ने आदि ।

पिपुल्स कम्युन व्यवस्था अन्तर्गत व्यक्तिगत परिवारको आम्दानि वा ज्याला कसरि दिइन्थ्यो त ? सामान्यतया १५० मिलियन चिनियाँ परिवारमा औसतमा ५ सदस्य रहेका हुन्छन् जसमध्ये २ वा ३ जनालाई ‘पूर्ण श्रम शक्ति’ भएका सदस्य मानिन्थ्यो र उनीहरूले टिमका अन्य सदस्यसरह हिस्सा पाउँथे । सामुहिक आय भएका परिवारले निजि आय पनि गर्न सक्दथे । उनिहरूले आफ्नो निजि जनिमबाट उत्पादन गरेका सामानहरू बिक्रि गरेर अन्य आयआर्जनपनि गर्न सक्थे । निजि आर्थिक क्रियाकलापमा तरकारिहरू फलाएर बिक्रि गर्नु, सुङ्गुर वा कुखुरा पालन, जडिबुटि संकलन तथा बिक्रि आदि स्थानिय बजारमा आफैंले बिक्रि गर्न सक्थे, यहाँ कुनै विचौलियाको उपस्थिति रहँदैनथ्यो । निजि आर्थिक क्रियाकलापमा लाग्नपनि पाइने र कम्युनमा सहभागि भएबापत अन्य सेवासुबिधा जस्तै सस्तो स्वास्थ्य सेवा, शिक्षा आदिका कारण चिनको ग्रामीण इलाकामा ‘पिपुल्स कम्युन’ लोकप्रिय भयो (बेनेट, १९७८) ।

## २.२ नेपालको सन्दर्भमा कम्युन

नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको रक्षा, जनतामा निहित सार्वभौमसत्ता र लोकतान्त्रिक प्रणालीका लागि सञ्चालित सामन्तवाद- साम्राज्यवाद विरोधी साम्यवादी पार्टीको रूपमा २००६ वैशाख १० (तदनुसार २२ अप्रिल, १९४९) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो ।

पाँचजनाबाट सुरू भएको कम्युनिस्ट पार्टी जबजब बढ्दै गयो, तबतब जुटभन्दा धेरै फुटको इतिहास बन्यो । स्थापनाको १३ वर्षपछि नेकपा पहिलोपटक फुट्यो । त्यसपछि फुटको अनगिन्ती शृंखला नै सुरु भयो । यस्कै शृंखला स्वरूप २०५१ साल फागुन २-४ मा ने.क.पा.( एकताकेन्द्र) को तेश्रो बिस्तारित बैठक बसी नयाँ जनवादी क्रान्तिको राजनीतिक तथा फौजी कार्यदिशा तय गर्दै ने.क.पा.(एकताकेन्द्र) नाम परिवर्तन गरी ने.क.पा.(माओवादी) बन्यो ।

विकाससँगै नेपालमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले वि.सं.२०५२ साल फाल्गुण १ गते जनयुद्धको सुरुवात गरेको थियो । पश्चिम नेपालको रोल्पा तथा रुकुमबाट जनयुद्धको उद्विकास हुँदै देशव्यापी बन्यो । जनयुद्धको तीव्र विकाससँगै पार्टीले विविध वैज्ञानिक साम्यवादी योजनाहरू पनि विस्तार गर्दै लग्यो । त्यही अनुरूप जनयुद्धको विकासको ८ बर्ष नपुग्दै जाँजरकोटबाट सुरु गरेर रोल्पा र रुकुमम वैज्ञानिक साम्यवादी व्यवस्थाको भ्रुणको रूपमा उनीहरू कै शब्दमा जनकम्युनको अभ्यास गरेको थियो ।

अर्को तर्फ नेपाली कम्युनिष्ट आन्दोलनमा समाजवादी क्रान्ति सम्पन्न नभए कै अवस्थामा साम्यवादको परिमण्डल निर्माण गर्ने भन्दै सामूहिकताको अभ्यास शुरु भयो । समाजवादी आन्दोलन, क्रान्तिकारी पार्टी निर्माण र वर्ग सङघर्षको श्रृफ्लालाई थप बलियो बनाउन भन्दै तत्कालीन सर्वहारावादी श्रमिक संगठनले २०४८ मा नवलपरासीको अग्यौली डन्डामा प्रारम्भ कम्युन स्थापना गरेको थियो ।

२०५२ फागुन १ बाट जनयुद्ध शुरु गरेको तात्कालिन नेकपा (माओवादी) ले नेपाली जनयुद्धको एउटा महत्वपूर्ण उपलब्धीका रूपमा आधार इलाकामा जनकम्युनको भ्रुणको रूपमा जाजरकोटमा जुनी, रोल्पालो जेलबाङमा जलजला, रोल्पाको राचिबाङमा अजम्बरी, रुकुमको छिपखोलामा बलिदान जन कम्युनको स्थापना गरेको थियो । (ओली, २०६४)

यस तथ्यलाई मनन् गर्दै नेपाली कम्युनिष्ट आन्दोलनमा समाजवादी क्रान्ति सम्पन्न नभएकै अवस्थामा साम्यवादको परिमण्डल निर्माण गर्ने भन्दै सामूहिकताको अभ्यास शुरु भयो । नेपालको सन्दर्भमा समाजवादी आन्दोलन, क्रान्तिकारी पार्टी निर्माण र बर्ग सङघर्षको शृफ्लालाई थप बलियो बनाउन भन्दै तत्कालीन सर्वहारावादी श्रमिक संगठनले २०४८ मा नवलपरासीको अग्यौली डन्डामा प्रारम्भ कम्युन स्थापना गरेको थियो । यसैगरि तात्कालिन

एकताकेन्द्र-मशालले २०५९ मा महोत्तरीको बर्दिवासमा आधारशिला, चितवनको माडिमा दिवाकर बालग्राम बनाएर सामूहिकताको अभ्यास शुरु गर्यो ।

नेपालका कम्युन "समाजवादी क्रान्ति पुर्व नै 'परिमाणको गुणमा रूपान्तरण' भन्ने सैद्धान्तिक मान्यतालाई स्वीकार गर्दै समाजवादी समाज निर्माणका लागि गरिएको सचेतन प्रयत्न हो । पुरानो रक्त सम्वन्धमा आधारित परिवारलाई भत्काएर नयाँ वर्ग सम्बन्धमा आधारित परिवार निर्माणको थालनी हो । साम्यवादको झल्को दिने सामूहिक जीवन शैलीको अभ्यास हो। यसलाई बचाउनु र यसको उज्यालोमा जनतालाई सामूहिकताको अभ्यासमा प्रेरित गर्नु आज हाम्रो प्राथमिक कार्यभार हो"। (पोखरेल, २०७१)

## २.३. सैद्धान्तिक समीक्षा

कम्युन सामुहिकताको अर्को नाम हो । मानिसहरूको सामुहिक कार्यहरूको अध्ययन गर्ने धेरै सैद्धान्तिक आँखाहरू छन् । मार्क्सवादको सिद्धान्तबाट अभिप्रेरित भएर समाजवादी समाज र राज्य स्थापनाका लागि भन्दै विभिन्न कालखण्डमा विभिन्न देशहरूले निजी सम्पत्ति र आयआर्जनलाइ विस्थापन गर्न खोज्दै सामुहिक सम्पत्ति, काम, आयआर्जन र बसोबासको प्रयास गरे जसलाई कम्युन व्यवस्था भनियो । यो सामुहिकता वा कम्युन व्यवस्थालाई अध्ययन गर्ने तमाम सिद्दान्तहरूमध्ये म यहाँ - संरचनात्मक प्रकार्यवादको सिद्दान्त (structural functional theory) र मार्क्सवादको सिद्धान्तबाट विश्लेषण गर्नेछु ।

प्रकार्यवादको सिद्धान्तले समाजलाई परस्परमा जोडिएको प्रणालिको रूपमा हेर्दछ जसमा हरेक अङ्गले फरक-फरक काम गर्दछन् र त्यसले समाजलाई जिवित राख्न मद्दत गरेको हुन्छ । प्रकार्यवादले कसरि समाजका विभिन्न संस्थाहरूले मिलेर कार्य गर्दछन् र यसले समाजको जरुरतलाई पुरा गर्दछ भनेर अध्ययन गर्छ ( रिट्जर,२०११) । टाल्कोट पार्सनका अनुसार प्रत्येक समाज स्थिर हुन र सामाजिक सन्तुलन कायम राखिराख्नका लागि चार कार्यात्मक आवस्यकताहरू पूरा गर्नुपर्ने हुन्छ । ति हुन्

- अनुकुलन (Adaptation) :- समाजले पर्यावरणसँग समन्वय गर्दै अगादि बढ्नुपर्छ । यस्तो गर्न नसक्दा समाज चल्न सक्दैन । यसर्थ प्रत्येक समाजले आफूलाई जीवित राख्न पर्यावरणसँग अनुकुलन राख्नुपर्छ । एडेप्टेसन भन्नाले पर्यावरणबाट पर्याप्त संसाधन संकलन र सुरक्षित गर्नु, उत्पादन गर्नु र त्यो संसाधनलाई वितरण गर्नु हो । अनुकुलन समाजको त्यो क्षमता हो जसले

पर्यावरणको साथमा मिलेर काम गर्छ । सामाजिक प्रणालिले विभिन्न अप्ठ्याराहरूको सामना गर्नुपर्ने हुन्छ । यसर्थ परिस्थितिजन्य आवस्यकताहरू परिपूर्ति गर्दै, पर्यावरणलाई अपनाएर समाज जिवित रहन्छ । यसमा संसाधनलाई सङ्कलन गर्नु र यसको पुनर्वितरण गर्ने कार्य पर्दछ ।

- लक्ष्य प्राप्ति ( Goal Attainment) :- पार्शनका अनुसार हरेक समाजका अङ्गहरूको आफ्नै लक्ष्य हुन्छ । लक्ष्य प्राप्तिको अर्थ सबै सामाजिक लक्ष्यको निर्धारित गर्नु हो जसले गर्दा समाजिक गतिविधि निर्धारित गर्न सकिन्छ । लक्ष्य प्राप्ति त्यो प्रक्रिया हो जसको माध्यमबाट सामुहिक लक्ष्य र उद्देश्यको पूर्तिका लागि मानव र अन्य संसाधनलाई जुटाइन्छ। एक सामाजिक व्यवस्थामा सामुहिक लक्ष्य प्राप्ति राजनीतिक गतिविधिबाट गरिन्छ, शक्तिको प्रयोगबाट गरिन्छ ।

- एकीकरण (Integration) :- समाज सामञ्जस्यपूर्ण हुन सकेन भने त्यसले राम्ररी काम गर्न सक्दैन । यसर्थ समाजका विभिन्न इकाइहरूबीच एकिकरण हुनुपर्छ । पार्शन सामाजिक प्रणालीभित्रका विभिन्न कारकहरूबीचको सम्बन्धलाई समन्वय, समायोजन र विनियमित गर्न आवस्यकता देखाउँछन् ।

- लेटेन्सी / प्याटर्न मेन्टेनेन्स ( Latency / pattern maintenance) :- लेटेन्सीलाई पार्शनले सांस्कृतिक-प्रेरणा प्रणालीको रूपमा हेर्छन् किनकि लेटेन्सीले समाजको सामाजिक- साँस्कृतिक संरचना संयन्त्रलाई सम्भार गरिराख्नुपर्ने आवस्यकता देखाउँछ । लेटेन्सी प्रणालीको विशिष्ट संस्कृति र मूल्यमान्यताहरू बनाउने, त्यसलाई संरक्षण गर्ने, त्यसको प्रसार गर्ने समस्या हो । हरेक समाजले यो समस्या हटाएपछि मात्र समाज सजिलो रूपमा अगाडि लम्किन सक्छ ( रिट्जर, २०११) ।

माओवादि जनयुद्धताका बनाइएका कम्युनहरूले कसरी कार्य गर्दथे ? कम्युन प्रणालि कसरि चलिरहेको थियो ? राज्यपक्षबाट लगातार हस्तक्षेप भइरहँदा पनि यसले कसरि आम मानिसलाइ आकर्षित गर्यो ? कम्युनको संरचनात्मक कार्यको विश्लेषण गर्न म पार्शनको प्रकार्यवादको सिद्धान्त AGIL को प्रयोग गर्नेछु ।

## २.४ मार्क्सवाद

वैज्ञानिक समाजवादीहरू, मार्क्सवादीहरू, कम्युनिस्टहरूले ‘कम्युन’ भन्नाले एउटा निश्चित समाज वा समुदाय मात्र नभई शासन व्यवस्था कै एउटा स्वरूप(model)को रूपमा

लिन्छन् जुन पुँजीवाद र त्यसका सबै प्रकारका शोषणकारी र दमनकारी बन्धनहरूबाट मुक्त हुन्छ। कम्युन यस्तो समाज व्यवस्था हो जहाँ भुई तहदेखि नै जनसहभागितामूलक लोकतन्त्रको अभ्यास हुन्छ । साझा संस्कृतिले एकता कायम भएको सांगठानिक समुदाय हो कम्युन ( Scholarly Community, 2022) । स्वशासन गर्ने समुदायको रूपमा कम्युनको आफ्नै स्थानीय शासन व्यवस्था हुन्छ , सामुहिक स्वामित्व हुन्छ, सांस्कृतिक संशक्ति वा एकता हुन्छ ।

मुक्तिकामी सामाजिक संगठनको रूपमा कम्युनको अवधारणा क्रान्तिकारी दर्शनमा उल्लेख्य मात्रामा पाइन्छ । बाकुनिन, क्रोप्टोकिन जस्ता अराजकतावादीहरूले आधुनिक प्रतिनिधिमूलक लोकतन्त्रलाई शासक वर्गको हतियार मात्र भएको भनि आलोचना गर्दै हरेक व्यक्तिले प्रत्यक्ष सहभागिता जनाउन पाउने सिद्धान्त भएको नयाँ समाजको आवश्यकता महशुस गर्दछन् ।

कम्युनको सन्दर्भमा पेरिस कम्युनको सन्दर्भ महत्वपूर्ण ऐतिहासिक सन्दर्भ हो । छोटो अवधिको पेरिस कम्युनको अनुभवबाट मार्क्स, ऐंगेल्स, लेनिन, त्रोत्स्की, आदीले विशेषगरी सर्वहारा वर्गको अधिनायकत्व र राज्यको विलोपिकरणको विषयबारे महत्वपूर्ण सैद्धान्तिक पाठ ग्रहण गरेको पाइन्छ । कम्युन बारे महत्वपूर्ण धारणा सुरुमा मार्क्सले नै दिएको पाइन्छ । सन् १८७१ मा प्रकाशित पुस्तिका फ्रान्समा गृहयुद्धमा उनी लेख्छन्;

कम्युन भनेको समाजद्वारा राज्य सत्ताको विलयन हो, जसमा समाजका नियन्त्रणकारी एवं दमनकारी शक्तिहरूको स्थानमा आफ्नै जिवन्त शक्तिहरूलाई स्थापित गरिन्छ, जनताको दमन गर्ने संगठित शक्तिको स्थानमा स्वमं जनताद्वारा आफ्नै शक्तिको स्थापना गरिन्छ ; कम्युन भनेको जनताको सामाजिक मुक्तिको त्यस्तो राजनीतिक रूप हो, जसले जनताका सामजिक उत्पिडकहरूद्वारा अपहरित कृतिम शक्तिको (जनता कै विरुद्ध लक्षित एवं तिनैको विरुद्ध संगठित तिनीहरूकै शक्तिको) स्थानमा आफूलाई स्थापित गर्दछ, जुन शक्तिलाई जनताका सत्रुहरूले तिनको दमन गर्नका लागि प्रयोग गरेका छन् । सम्पूर्ण महान कुराहरू सरह नै यो रूप पनि सामान्य थियो (मार्क्स सन् १९८७ : १६३)।

पेरिस कम्युनको अनुभवलाई सम्झदैं मार्क्स अगाडि थप लेख्छन् ;

विगतमा सबै प्रकारका ऐतिहासिक विकासहरूको लागि आवश्यक समय ती विभिन्न क्रान्तिहरूमै मात्र नष्ट पारिन्थ्यो र जनताले विजय प्राप्त गरेकै दिन ती विजयी हतियारहरू

सेनालाई सुम्पने वित्तिकै फेरी ती हतियारहरू तिनै जनताको विरुद्धमा उठाइन्थे । त्यसैले ती पहिलेका क्रान्तिहरूको विपरित कम्युनले सर्वप्रथम सेनाको विघटन गरेर राष्ट्रिय रक्षा दलको स्थापना गर्यो । (मार्क्स सन् १९८७ : १६३)

संक्षेपमा भन्नुपर्दा जब मैले मेरो अनुसन्धानको विषयसँग सम्बन्धित पूर्व शोधअनुसन्धान र लेखहरू पढें तब मैले पाएँ कि नेपालको जनयुद्दको बारेमा धेरै पाटोहरू अलिखित छन्, त्यसमा अध्ययन भएका छैनन् जसमा एउटा हो कम्युनको अध्ययन । जनयुद्दका विविध पाटाहरू अध्ययन भएपनि कम्युन जुन समाजवाद र साम्यवाद पुग्नका लागि द्वारका रूपमा काम गर्छ र जुन नेपालि माओवादि युद्दमा पनि अभ्यास भएको थियो, त्यसको अध्ययन एकदमै कम भएको छ । यसैले फिल्डस्तरमा कम्युनको अध्ययन, जनयुद्दका कम्युनममा बसेकाहरूसँग त्यसको बारेमा बुझ्नु मेरो अध्ययन अन्तर हो । त्यस्तै सैद्धान्तिक तवरमा मार्क्सवादको सिद्धान्तबाटै कम्युनको अध्ययन गर्नु र कम्युनमा सामुहिकताको अभ्यास कसरी भएको थियो भन्ने अध्ययन नगरिएकाले यो मेरो अनुसन्धानको सैद्धान्तिक अन्तर रहेको छ ।

## २.५. अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा (Conceptual Framework) कुनै पनि सोधको मार्गदर्शन गर्ने एक महत्वपूर्ण संरचना हो। यसले अनुसन्धानको आधारभूत सोच, सैद्धान्तिक आधार, र अनुसन्धानका विभिन्न पक्षहरू (variables) बीचको सम्बन्धलाई स्पष्ट पार्छ । यसले को सम्पूर्णसोधको प्रक्रिया व्यवस्थित गर्न र अनुसन्धानको लक्ष्य प्राप्त गर्न मद्दत पुर्याउँछ ।

यस सोधमा मुख्यतः कम्युनमा सामूहिकताको अभ्यास प्रक्रिया, व्यक्तिगत अनुभव, सामाजिक, राजनीतिक परिवेश, र पार्टी सम्बन्धलाई यससँग अन्तरसम्बन्धित सिद्दान्तभित्र राखि हेर्ने प्रयास गरिएको छ ।

अवधारणात्मक ढाँचा (Conceptual Framework)

**सामूहिकताको अभ्यास**

↓

**(सामाजिक तथा राजनीतिक परिवेश)**

↓

**कम्युनका सदस्यहरूको जीवन भोगाइ**

↙ ↓ ↘

**श्रम विभाजन** **निर्णय प्रक्रियामा सामेली** **पारदर्शिता**

↘ ↙ ↙

**हालको अवस्था (सन्तुष्टि)**

# परिच्छेद ३ : अध्ययन विधि

यस अनुसन्धानको उद्देश्य माओवादी जनयद्धका दौरानमा नेकपा माओवादीले आफ्नो केन्द्रीय आधार इलाका निर्माण भएका कम्युनहरू सञ्चालन गर्नु पछाडिको कारण र हाल तिनको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा सुक्ष्म तरिकाले खोज गर्नु हो । यसले खासगरी निर्माण, अभ्यास तथा सञ्चालन प्रक्रिया कस्तो थियो, कम्युनलाई समुदायले  कुन तह सम्म स्विकार भन्ने भन्ने कुरा बुझ्न सहयोग गरेको छ । शान्ति प्रक्रियापछि ती कम्युनहरू कसरी विघटनमा पुगे भने अर्को तिर नयाँ हाल उनीहरू के गरिरहेका छन । यो किन र कसरी भयो भन्ने विषयमा त्यती अध्ययन अनुसनधान हुन सकेको छैन । त्यसैले यस अनुसन्धानको उद्देश्य माओवादी जनयद्धका दौरानमा स्थापना भएका कम्युनमा सामुहिकताको अभ्यास कसरी गरिन्थ्यो ?  भन्ने कुराको सुक्ष्म तरिकाले खोज गर्नु हो ।

## ३.१ अनुसन्धान ढाँचा

जलजला कम्युनका तथ्यगत विवरण के छन्, यसका कारणहरू के-के हुन सक्छन् अनि किन जलजला कम्युनमा के कस्ता समस्या र चुनौती खडा भए भनि खोज गर्नु पर्ने भएकाले यो अनुसन्धान व्याख्यात्मक र विश्लेषणात्मक छ । व्याख्यात्मक अनुसन्धानले अध्ययनको के (समाजमा के कुराहरू त्यस्ता छन्र अध्ययन गर्न परेको छ) पक्षलाई जोड दिन्छ भने विश्लेषणात्मक अनुसन्धानले अध्ययनको किन त्यसो हुन्छ (कारण र असर) पक्षलाई जोड दिन्छ । विशेषगरी यो अनुभूति  साझेदारीमा आधारित छ । कम्युनको अभ्यास कति सम्म स्थायी भयो, ती कम्युन सदस्यलाई परिवार र समाजले कुन तहसम्म स्विकारेका छन भन्ने कुरालाई व्याख्यात्मक र विश्लेषणात्मक तरिकाले अनुसन्धान गरिएको छ । यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ । सामाजिक घटनाहरूको अध्ययन अनुसन्धान र व्याख्या गर्न गैर तथ्याङ्कीय माध्यमबाट खोज गर्ने तरिकालाई गुणात्मक अनुसन्धान विधी भनिन्छ । सामाजिक घटनाहरू वा विषयहरू जसको अध्ययन गर्दा गुणात्मक प्रकृतिका तथ्यहरू संकलन र विश्लेषणमा यो विधिको प्रयोग गरिन्छ । यसमा विषयगत व्याख्यालाई जोड दिईन्छ । खास खालको मानवीय व्यवहार र सम्बन्धका स्वरूपहरू बुझ्न गुणात्मक अनुसधान विधिको प्रयोग गर्ने गरिन्छ । गुणात्मक अनुसन्धान विधि अन्तर्गत गहन अन्तरवार्ता र व्यक्तिगत घटना अध्ययन विधि प्रयोग गरी सूचना संकलन गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

यो अध्ययनको अध्ययन क्षेत्र रोल्पा जिल्लाको सुनछहारी गाँउपालिका वडा नं. ७ मा रहेको सिरबाङ रहेको छ। यो साविक जेलबाङ गाविसमा पर्दछ। जेलबाङ माओवादी जनयुद्धको आधारभूमि हो । किनकी माओवादीले सशस्त्र विद्रोहको समयमा जेलवाङको ठूला गाँउ र सिरिबाङमा जलजला कम्युन शुरुवात गरेको थियो । त्यसो भएकाले यो अध्ययनमा जनयुद्धकालमा कम्युन स्थापना भई सञ्चालन भएकोले यसलाई अध्ययनका लागि लिइएको छ ।

आज ती कम्युनहरू जीवित छैनन । माओवादी पार्टीमा पनि ती कम्युनको रक्षा र विकासबारेमा छलफल, बहस र अध्ययनको दायरा फैलिन नसकिरहेको यस्तो अवस्था छ । प्राज्ञिक क्षेत्रमा त यो विषयमा अध्ययन, अनुसन्धानको एक प्रकारको खडेरी नै देखिन्छ। यस्तो अवस्थामा नेपालमा हालसम्म अभ्यास भएका सामुहिक बसाइ वा कम्युनको बहुआयामीक ढङ्गबाट अर्थात यसलाई ऐतिहासिक दृष्टिबाट हेर्ने, ती कम्युनहरूको सञ्चालन पद्धति, त्यहाँ बसोबास गरेका मान्छेहरूको अनुभव, ती कम्युनहरूले सामना गर्नु परेको समस्याहरू, आदीको वस्तुगत अध्ययन हुनु आवश्यक भएको छ । त्यसैले यो अध्ययन जलजला कम्युनमा सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन पद्दती विषयमा केन्द्रित छ।

### ३.२.१ अध्ययन क्षेत्रको परिचय

रोल्पा जिल्लाको पूर्वि उत्तर भेकमा रहेको जेलबाङ गा.वि.स. वि.स. २०७३ सालमा सुनछहरी गाउँपालिका सामेल भएको थियो । हाल प्रशासनिक रूपमा सुनछहरी गाउँपालिकाको वडा नं. ७ को रूपमा रहेको यस पालिकामा अग्ला र भिराला पहाडी श्रृंखलाले बनेका यस गाउँपालिकामा भीरपाखा तथा वसोवास योग्य क्षेत्रसहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। अधिकांश क्षेत्रमा भिरालो जमिन रहेको यस क्षेत्रमा समथर भुभाग न्युन रहेको छ। पर्याप्त बनजंगलले ढाकेको, साना साना खोल्साहरू उल्लेख्य भएको यस गाउँपालिकाको एकैठाँउमा झुप्प झुप्प रहेका बस्तिहरू रहेका छन् । यस वडामा जेल्वाङ, ठूलोगाउँ, माझिवाङ, कामीडेरा, डल्वाङ, कोरवाङ, थर्न, ऐसेलुखर्क, पन्ध्रपले मेटोडेरा, जाक्याङ्ग, सुल्कबाङ्ग, सिरिबाङ्ग, डम्फु, मोबाङ्ग, राँसि, चम्जा, खिबाङ्ग,जिबाङ्ग लगायतका १९ ओटा टोल/बस्तिहरू रहेका छन् ।

### ३.२.२ जेलबाङको सामाजिक जनसांख्यिकी

राष्ट्रिय जनगणना २०७८ अनुसार सुनछहारी गाउँपालिको जनसंख्या १७२४१ रहेको छ । जसमा कुल जनसंख्याको ५१.९ प्रतिश जनसंख्या महिला र ४८.१ प्रतिशत जनसंख्या पुरुषको रहेको छ । यहाँको लैङ्गिक अनुपात ९२.६२ पुरुष प्रति १०० महिला रहेको छ। ३५८६ घरधुरी रहेको यस पालिककाको जनघनत्व ६२ प्रति वर्गकिलोमिटर रहेको छ । यस पालिकाको साक्षरता दर ७२.१ प्रतिशत रहेको छ । यस मध्येको अध्ययन क्षेत्र वडा नं. ७ को जनसंख्या ३०३७ (१५७४ पुरुष र १४६३ महिला) रहेको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

अहिलेको अवस्था जलजला कम्युनमा सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन पद्दतीको विश्लेषण गरी उनिहरूका अनुभव र चुनौतीहरूको जानकारी दिने उद्देश्यले यो अध्ययन गरिएको छ । यो अध्ययन लुम्बिनी प्रदेशको रोल्पा जिल्ला सुछहारी गाउँपालिकाको वडा नं. ७ सिरिबाङ्गमा गरिएको छ ।

यो अध्ययन जुन उद्देश्यमा आधारित छ, त्यो उद्देश्य प्राप्त गर्नका लागि जलजला कम्युनमा बसेका परिवारका सदस्यहरूको विचार, भावना, उनीहरूको दृष्टिकोण संकलन गरिएको छ, जुन कुरा यस अध्ययनको लागि महत्वपुर्ण हुन्छ । त्यो कुरा उनीहरूसँगकै सामिप्यता, कुराकानी तथा वार्तालापबाट नै प्राप्त भएको छ । उनीहरूको जीवन भोगाई, विचार, दृष्टिकोणका लागि क्षेत्रकार्य गरिएको छ । त्यसैले यस अध्ययनको तथ्याङ्कको प्रकृति गुणात्मक खालको छ र यसको मुल श्रोत क्षेत्रकार्य र उत्तरदाता नै हुन् । किनकी जनयुद्धको दौरानमा स्थापना भएका कम्युनमा सामुहिकताको अभ्यास र त्यसको दिगोपना हेर्ने, बुझ्ने सहि विधि भनेको समाज विज्ञानमा क्षेत्रकार्य नै हो, उनिहरूको विचार दृष्टिकोण हो । जसका लागि गुणात्मक एवं प्राथमिक खालको तथ्याङ्कको प्रयोग गरिएको छ, जुन तथ्याङ्क क्षेत्रकार्यबाट लिइएको छ ।

यो अनुसन्धान मुलतः प्राथमिक तथ्याङ्कमा आधारित भएर गरिएको छ । उक्त तथ्याङ्क कम्युनमा बसेका व्यक्तिहरूसँगको गहन अन्तरवार्ता र व्यक्तिगत घटना अध्ययनबाट संकलन गरिएको छ । समाजका बुद्धिजिवी, सामाजिक अगुवा, शिक्षक, पार्टीका नेता कार्यकर्ताहरूलाई मुख्य सूचनादाताको रूपमा लिई तथ्याङ्क लिइएको छ । उत्तरदाताको नमूना छनौट गर्दा

उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरिएको छ । व्यक्तिगत घटना अभिलेख र गहन अन्तरवार्ताद्वारा तिनिहरूको बुझाई, अनुभव लिईएको छ । द्वितीय तथ्याङ्कका रूपमा माओवादी पार्टीको चुनावी घोषणा पत्र, सनुछहारी गाँउपालिकाबाट प्रकाशित गरिएको गाँउपालिको प्रोफाईलबाट लिइएको छ । चेक लिष्टमा आधारित भई गहन अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ ।

## ३.४ उत्तरदाताको छनौट/तथ्याङ्क संकलनको विधि

यो अध्ययन रोल्पा जिल्लाको सुनछहारी गाँउपालिका वडा नं. ७ सिरिवाङमा केन्द्रित छ । किनकी मैले अध्ययन गर्न खोजेको विषयसँग सम्बन्धित जलजला कम्युन यस वडामा नै रहेको छ । सुनछहारी गाँउपालिकाका वडा नं. ७ बाटै आवश्यक तथ्याङ्क संकलन गरिएको छ । सुनछहारी गाँउपालिकामा गई मुख्य सूचनादाता उत्तरदातासँगको सूचनाका आधारमा यस वडाहरूलाई छनौट गरिएको हो । यस अध्ययनमा उत्तरदाताको रूपमा मुलतः जलजला कम्युनमा रहेर सामूहिकताको अभ्यास गरेका कम्युनका सदस्य नै छनोटमा परेका छन् ।

घटना अध्ययन तयार पार्दा गहन अन्तरवार्ता र यस विषयमा उनिहरूको विचार, दृष्टिकोण समेटेको गरिएको छ । सकेसम्म उनिहरूले अभिव्यक्त गरेका कुराहरूलाई जस्ताको तस्तै राख्ने प्रयास गरिएको छ । उनीहरूको भोगाई, विचार, दृष्टिकोणलाई नै यहाँ स्थान दिने कोशिस गरिएको छ । उनिहरू जनयुद्धमा लाग्दाखेरीको अवस्था, अन्तरजातीय सम्बन्ध सुरुवात गर्दा खेरीको भोगाई, उतारचढाव, सम्बन्ध प्रतिको दृष्टिकोण, सम्बन्धमा आएका आरोह, अवरोहलाई नै समेटेर घटना अध्ययन तयार पारेको गरिएको छ । यसका अध्ययनका लागि उत्तरदाताको रूपमा कम्युनमा बसेका १३ जनासँग गहन अन्तरवार्ताका साथसाथै कम्युन सञ्चालनमा सहयोग गरेका ५ जना राजनीतिक नेतृत्वसँग पनि अन्तरवार्ता गरिएको छ । यी अन्तरवार्ताहरू अनौपचारिक छन् । उत्तरदाताहरू काम गर्दै गर्दा, चिया खादै गर्दा उनिहरूकै घर, आगन, चिया पसलहरूमा बस्दै कम्तिमा एक घण्टा देखि बढीमा साढे दुई घण्टा सम्म उनिहरूको सहमति लिई रेकर्ड गर्दै कुराकानी गरिएको छ ।

यस अनुसन्धानको लागि व्यक्तिगत घटना अध्ययन, गहन अन्तरवार्ता र मुख्य सूचनादाता अन्तरवार्ता विधिको प्रयोग गरिएको छ । जुन विधिलाई यसप्रकार तल उल्लेख गरिएको छ ।

### ३.४.१ व्यक्तिगत घटना अध्ययन

जलजला कम्युनमा बसेका सदस्यहरूको जीवन भोगाईलाई राम्ररी अध्ययन गर्न तथा बुझ्नको लागि व्यक्तिगत घटना अध्ययन विधि उपयुक्त हुन्छ। यस अध्ययनको मुख्य उद्देश्य जनयुद्धको समयमा जेलबाङमा स्थापना गरिएको कम्युन र त्यहाँ रहने सदस्यहरूको कम्युनमा प्रवेश, कार्य विभाजन, उत्पादन र वितरणको अवस्था कस्तो थियो ? व्यक्तित्व विकास कसरी गरिन्थ्यो ? आन्तरिक द्वन्द व्यवस्थापन कसरी हुन्थ्यो ? कम्युनमा रहेका सदस्यहरू किन नीजि जीवनमा फर्किए ? फर्किएपछि कस्ता खालका सामाजिक समस्याहरूसँग जुध्नु परेको छ ? परिवार तथा समाजको धारणा के छ भन्ने रहेको छ । व्यक्तिको जीवनमा आएका उतारचढाव, बाधा अवरोध, चुनौतीहरूलाई बुझ्न र उनिहरूको जीवनको गहिराई सम्म पुगि वास्तविक तथ्याङ्क ल्याउन व्यक्तिगत घटना अध्ययन विधि उपयुक्त हुने भएकाले यस विधिको प्रयोग गरिएको छ ।

यस विधीको प्रयोगद्वारा कम्युनमा रहेका सदस्यमध्ये मुल उत्तरदाताको रूपमा ५ वटा व्यक्तिगत घटना अध्ययन गरिएको छ । जसमा ८ जनालाई मुख्य सुचना दाताको रूपमा रूपमा लिइएको छ । त्यस्तै सामाजिक अगुवा, नेता कार्यकर्ता, विद्यार्थीहरू सम्मिलित एउटा समूह छलफल गरेको गरिएको छ ।

### ३.४.२ गहन अन्तर्वार्ता

अन्तरवार्ता खास गरी एउटा गुणात्मक तथ्याङ्क संकलन विधि हो जसले औपचारीक अथवा अनौपचारिक रूपमा एकैसाथ धेरै व्यक्तिहरूलाई व्यवस्थित तरिकाले प्रश्न गर्न सक्छ। उतरदातासँग राम्रो व्यवहारिकता निर्माण गरी गहन अन्तरवार्ताद्वारा उत्तरदाताका आन्तरिक तथ्याङ्क संकलन गरिएको छ । किनकी गहन अन्तरवार्तामा व्यक्तिका सामान्य धारणा, व्याख्या तथा जीवन भोगाईका अनुभव सम्बन्धि बुझाई आउने गर्दछन् । यसले व्यक्तिका आन्तरिक भावनाहरूलाई पनि उजागर गर्न मद्दत गर्दछ (मारभस्ति, २००४) ।

यस विधिद्वारा कम्युनमा रहेका सदस्यहरूको आन्तरिक जीवन बाहिर ल्याउन र जनयुध्दकालिन कम्युनसम्बन्धी धारणा बुझ्न सजिलो भएको छ । अन्तरवार्ता लिदा कम्युन सदस्यहरूको घरमै गई घरको आगन, बार्दलि, भान्छाकोठाहरूमा एकदमै अनौपचारिक रूपमा

कुराकानी गर्दै उनिहरूले भनेका कुरा पछि राम्ररी समेट्न सकियोस भन्ने उद्देश्यले अनुमति लिई रेकर्ड गर्दै गरिएको छ ।

### ३.४.३ मुख्य सूचनादाता अन्तरवार्ता

मुख्य सूचनादाता अन्तरवार्ता गुणात्मक अनुसन्धानको गहन अन्तरवार्ता कार्यको लागि प्रयोग गरिन्छ । यसमा त्यस्ता व्यक्तिहरूसित सूचना लिईन्छ कि जो व्यक्ति समाजमा के भइरहेका छ, के हुदैछ भन्ने विषयमा जानकारी राख्दछ । यसको उद्देश्य मुख्य व्यक्तित्वबाट बृहत तहको सूचना संकलन गर्नु हुन्छ । ती व्यक्तिहरू सामुदायिक नेता, पेशाव्यवसायी, शिक्षक बुद्धिजिवी, स्थायी बासिन्दा हुन सक्छन जससँग प्राथमिक ज्ञान र सूचना हुन्छ । ती समुदायका विज्ञहरूसँग भएको ज्ञान र बुझाइले समस्याको प्रकृति र समाधानको बाटो दिन्छ । त्यसैले यस अध्ययनमा तथ्याङ्क संकलनका लागि मुख्य सूचनादाता अन्तरवार्तालाई तथ्याङ्क संकलनको विधिका रूपमा विशेष जोह दिईनेछ ।

यस अध्ययनका लागि मुख्य सूचनादाताको रूपमा ५ जना लिइएको छ । उहाँहरूले दिएको तथ्याङ्क र सल्लाह सुझावका आधारमा अध्ययनलाई व्यवस्थित गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषणको तरिका

यस अध्ययनमा संकलन गरिएका प्राथमिक तथा द्धितिय तथ्याङ्कहरूलाई यिनिहरूको प्रकृतिको आधारमा विश्लेषण गरिएको छ । सम्पुर्ण तथ्याङ्कहरू अनुसन्धान कार्यक्षेत्र सुनछहारी ७ सिरिबाङ बाट संकलन गरिएको छ । सर्वप्रथम क्षेत्रकार्यबाट संकलन गरेर ल्याएका तथ्याङ्कलाई उल्था गरी व्यवस्थित गर्ने काम गरिएको छ । ती तथ्याङ्कलाई आधिकारीक स्रोतहरू (गाँउपालिकाका तथ्याङ्कहरू)सँग दाँजी प्रमाणीकरण गरिएको छ । ती तथ्याङ्कलाई विभिन्न शिर्षक उपशिर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ । तार्किक विश्लेषणको आधारमा नतिजा तथा निष्कर्ष निकालिएको छ ।

## ३.६ अध्ययनको सिमा

यो अनुसन्धान विशेष गरी रोल्पाको सुनछहारी गाँउपालिकाको सिरिबाङमा गरिएको छ । यो अनुसन्धान प्राथमिक र द्धितिय दुवै तथ्याङ्कमा आधारित छ । अध्ययन गर्नका लागि पर्याप्त

समय, ऐतिहासिक तथ्य-तथ्याङ्क (पुस्तक, पर्चा, प्रतिवेदन) को व्यवस्थित अभिलेख नहुनु, आर्थिक स्रोत, भौगोलिक विकटताले अध्ययनले सबै पक्षलाई समेट्न नसकेको हुनसक्छ ।

अर्को तर्फ कम्युन सदस्यहरूको मनोवैज्ञानिक र भावनात्मक अवस्थाले जलजला कम्युन सदस्यबाट लिइएको सुचना र त्यसकै आधारमा निकालिएका निस्कर्षहरू सामान्यीकरण गर्दा विश्वसनीयतामा प्रश्न उठ्न सक्दछ । तर अध्ययनका क्रममा यी सिमालाई अधिकतम् न्युनिकरण गर्ने प्रयत्न गरिएको छ ।

# परिच्छेद ४ : जलजला कम्युन स्थापना र अभ्यास

यस परिच्छेद अन्तरगत अध्ययन क्षेत्र रोल्पा जिल्लामा माओवादी जनयुद्धको सुरुवात, सामाजिक परिवेश, यसको प्रभाव, कम्युन निर्माण, अभ्यासका विषयमा विश्लेषण गरिएको छ । केन्द्रीय इलाकाका रूपमा रोल्पा र त्यहाको जनजीवनलाई व्याख्या गरिएको छ । साथै जेलबाङमा सञ्चालित जलजला ख समुह कम्युन सञ्चालन, यसमा सामाहित हुने परिवार, कम्युन - समुदाय सम्बन्ध, कम्युनमा पार्टीको भूमिका र कम्युनमा सुशासनको अभ्यासको बारेमा चर्चा गरिएको छ ।

## ४.१ जनयुद्धको सुरुवात

तत्कालिन नेकपा माओवादीद्वारा 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ' भन्ने मूल नाराका साथ २०५२ साल फागुन १ का दिन 'जनयुद्ध' प्रारम्भ गरेको थियो। जनयुद्धले सशस्त्र युद्धको माध्यमबाट राजतन्त्रको अन्त्य गर्नु र नयाँ जनवादी व्यवस्था कायम गर्ने उद्देश्य लिएको थियो । उक्त 'जनयुद्ध'ले क. सशस्त्र संघर्षको राजनीति स्थापित गर्ने, ख. संगठनको मुख्य रूप फौजी एवं संघर्षको मुख्य रूप युद्ध हो' भन्ने कुरालाई व्यावहारिक रूप दिने र ग. छापामार इलाकाहरूका लागि आधार तयार पार्ने लक्ष्य लिएको थियो । (नेपाली कम्युनिस्ट आन्दोलन र जाकान्तीका एतिहासिक दस्ताबेजहरू, २०६९)

'जनयुद्ध' शुरु गरेकै दिन माओवादीले रोल्पाको होलेरी, रुकुमको आठबीसकोट, सिन्धुलीको सिन्धुलीगढीमा रहेका चौकीहरू र गोरखाको च्याङ्लीमा रहेको कृषि विकास बैङ्क सफल रूपमा कब्जा गरेको थियो । त्यस क्रममा उनीहरूले प्रहरी चौकीमाथि आक्रमण गरी केही राइफल र बिस्फोटक पदार्थ समेत जफत गरेका थिए ।

त्यसपछि फौजी कार्वाहीलाई थाति राखेर माओवादी पार्टी संगठन विस्तारमा लाग्यो । यसमा प्रशिक्षण, क्रान्तिकारी गीत/संगित र नृत्य मञ्चन र अभियान जस्ता कायक्रमहरू समावेश थिए । २०५३ असारमा सम्पन्न माओवादीको केन्द्रीय समितिको बैठकले 'योजनाबद्ध ढङ्गले छापामार युद्धको विकास गरौँ' भन्ने मूल नारासहित जनयुद्धको विकासको दोस्रो योजना तय गर्यो । योसँगै उसले सैन्य आक्रमण पुनः शुरु गर्यो ।

२०५४ असारमा सम्पन्न माओवादी केन्द्रीय समितिको बैठकले 'छापामार युद्धलाई विकासको अर्को नयाँ उचाइमा उठाऔ" भन्ने मूल नारासहितको तेस्रो योजना पारित गर्यो । योसँगै माओवादीले सैन्य आक्रमण तिव्र बनायो । यसलाई कमजोर बनाउनभन्दै २०५५ बैशाखबाट सरकारले किलो शेरा टु नामक अपरेसन सञ्चालनमा ल्यायो । यस बखत युध्द प्रभावित क्षेत्रमा राज्यको दमन बढ्यो । योसँगै सहिद, बेपत्ता, घाइते, अंगभंग, विस्थापित, घर जलेर नष्ट, अपहरण लगायतका घटना बढ्न थाले (ओगुरा, २०६२)

२०५५ भदौमा सम्पन्न नेकपा (माओवादी) को केन्दीय समितिको चौथो विस्तारित बैठकले आधार इलाका निर्माणका लागि ६ वटा सर्त पूरा हुनुपर्ने संश्लेषण गर्दै, 'आधार इलाका निर्माणको दिशामा अघि बढौं' भन्ने मूल नारा तय गर्यो ।

२०५७ फागुनमा नेकपा माओवादीको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनले प्रचण्डपथ पारित गर्यो । त्यो वेला मालेमावाद र प्रचण्डपथ तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को वैचारिक कार्यदिशा हो । यसलाई मार्क्सवाद-लेनिनवाद-माओवाद (मालेमा)को विकसित रूप व्याख्या विश्लेषण गरिएको थियो । यसको नामकरण माओवादीका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'को नामबाट गरिएको हो । नेपालमा माओवादी जनयुद्धको सन्दर्भमा ग्रामीण क्षेत्रको नियन्त्रण र सहरी बस्तीलाई घेराबन्दी गरेर क्रान्तिमा विजय हासिल गर्नु नै यस विचारधाराको केन्द्रबिन्दु थियो ।

सम्मेलनबाट अध्यक्षमा प्रचण्ड नै निर्वाचित भए । सम्मेलनले 'आधार इलाका र स्थानीय सत्ता सुदृढ र विस्तार गरौं, केन्द्रीय जनसरकार निर्माणको दिशामा अघि बढौं' भन्ने मूल नारा पारित गर्यो । पुसमा जिल्ला विकास समिति अवैध घोषणा गर्दै रुकुममा जनसरकार घोषणा गरेर समानान्तर सत्ता चलाउने प्रयत्न गर्‍यो । आधार क्षेत्र मानिएका रुकुम र रोल्पा उत्तरी भेगका १३ वटा गाउँ विकास समितिहरू ( चुनबाङ, महत, काँक्री, कोल, टक्सेरा, हुकाम र माइकोट, थबाङ, उवा, मिरुल, जेलबाङ, राङ्कोट र कुरेली) मिलाएर नमूना जिल्ला बनाईएको थियो । (ओगुरा, २०६२)

माओवादीमा सैन्य शक्ति बढ्दै थियो । २०५८ भदौमा सम्पन्न माओवादी छापामारहरूको केन्द्रीय भेलाले आफ्नो सैन्य संरचनालाई नियमित सेनाको रूपमा विकास गर्ने निर्णय गर्दै संगठनको नाम जनमुक्ति सेना, नेपाल राख्यो । त्यसको केही महिनापछि मंसिर

८ मा जनमुक्ति सेना, नेपालको घोषणा गरियो । त्यसको सर्वोच्च कमाण्डर प्रचण्ड नै भए । सोही दिन डा. बाबुराम भट्टराईको नेतृत्वमा ४१ सदस्यीय संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालको पनि घोषणा गरियो । जसको नेतृत्वमा बाबुराम भट्टराई थिए । यो माओवादीको समानान्तर सत्ता अभ्यास गर्ने केन्द्रीय जनसरकार थियो । (ओगुरा, २०६२)

यहाँसम्म आईपुग्दा माओवादी विद्रोहले आक्रामक रूप लिईसकेको थियो । माओवादीले प्रहरी चौकीमात्र होइन शाही सेनाको ब्यारेकहरूमा पनि आक्रमण गर्न शुरु गर्यो। २०५८ मंसिरमा दाङको सैनिक ब्यारेक र स्याङ्जा लगायतका जिल्लामा माओवादीले भीषण आक्रमण गरेपछि सरकारले देशमा संकटकाल गरी सेना परिचालन गर्यो। सरकारले कठोर दमनको रणनीति लिएर अगाडि बढेको थियो । युद्धरत नेताहरूको टाउकाको मुल्य समेत निर्धारण गरिएको थियो (सापकोटा, २०६६)।

जनयुद्धको सकारात्मक होस या नकारात्मक प्रभाव देशव्यापी रूपमा परेको थियो । परिवारको कुनै सदस्य माओवादीका पूर्णकालीन नेता/कार्यकर्ता भएर हिँडेपछि उसको घरपरिवार राज्य पक्षको प्रमुख निसानामा पर्ने गर्दथे । सेना र पुलिस घरमा आएर अनावश्यक खोजतलास गर्दै परिवारलाई दिइने शारीरिक र मानसिक यातना सामान्य घटना जस्तै थियो । यातनाबाट मुक्ति पाउन सबै परिवार नै घरमा ताला लगाएर बस्तुभाउलाई छिमेकीको जिम्मा लगाई जंगल पस्न बाध्य थिए । पढ्ने उमेरका छोराछोरी बाबुआमाकै पछि जाँदा पढाइ छुट्यो । भविष्य बिग्रियो । माओवादीका घरपरिवारमात्रै होइन, सेना, प्रहरी, सरकारी जागिरे र फरक पार्टीमा आस्था राख्ने माओवादीबाट प्रताडित थिए । सेना र पुलिसले माओवादी परिवारलाई दिएको यातनाको बदला उसले सेना, प्रहरी, सरकारी जागिरे र फरक पार्टीका परिवारलाई देखाउन थाल्यो । माओवादीले दिने त्यो शारीरिक र मानसिक यातना, चन्दा असुली कार्य सहन नसकेर मानिसहरू घर छोडेर सदरमुकामलगायत अन्य जिल्लामा विस्थापित हुन पुगेका थिए । कतिले युध्दकै कारण जागिर छोडेका थिए ।

यसरी युध्दले स्थानीय जनजीवनमा प्रभाव पारिरहदा २०६० पुस २५ मा थवाङमा सन्तोष बुढामगरको अध्यक्षतामा मगरात स्वायत्त गणतन्त्र जनसरकारको घोषणा गरियो । त्यस्तै, २०६० माघ २ मा हितबहादुर तामाङको अध्यक्षतामा तामाङ स्वायत्त गणतन्त्र जनसरकार, २०६० माघ ५ मा खड्गबहादुर विकको अध्यक्षतामा भेरी-कर्णाली स्वायत्त गणतन्त्र जनसरकार, २०६० माघ १० मा मातृकाप्रसाद यादवको अध्यक्षतामा मधेश स्वायत्त

गणतन्त्र जनसरकार, २०६० माघ १५ मा लेखराज भट्टको अध्यक्षतामा सेती महाकाली स्वायत्त गणतन्त्र जनसरकार, सोही दिन रामचरण चौधरीको अध्यक्षतामा थारुवान स्वायत्त गणतन्त्र जनसरकार, २०६० माघ १६ मा देव गुरुङको अध्यक्षतामा तमुवान स्वायत्त गणतन्त्र जनसरकार र २०६० माघ १९ मा गोपाल खम्बुको अध्यक्षतामा किरात स्वायत्त गणतन्त्र जनसरकारको घोषणा गरियो (ओगुरा, २०६२) ।

२०६२ मंसिरमा ७ दल र माओवादीबीच भएको १२ बुँदे समझदारी अनि जनआन्दोलनको सफलतापछि २०६२/६३ को जनआन्दोलनको जगमा सुरु भएको शान्ति प्रक्रियासँगै माओवादी आन्दोलन शान्तिपूर्ण राजनीतिमा अवतरण भएको थियो । (गुरागाई, २०६९)

## ४.२. रोल्पाको राजनीतिक परिवेश

रोल्पालाई माओवादी जनयुध्दको आधारभूमि मानिन्छ। जनयुध्दको शुरुमा आधार ईलाका स्थापना गर्ने क्रममा माओवादीका क्रियाकलापहरू यीनै जिल्लामा केन्द्रित थिए । माओवादीले रुकुमको पूर्वी भेगका चुनबाङ, महत, काँक्री, कोल, टक्सेरा, हुकाम र माइकोट अनि रोल्पाको उत्तरी भेगका थबाङ, उवा, मिरुल, जेलबाङ, राङ्कोट र कुरेली गरी जम्मा १३ ओटा गाविस मिलाएर नमूना जिल्ला बनाएका थिए ।

२०५२ चैत ३ गते रोल्पाको कोर्जा जङ्गलमा घाँस काटिरहेका एक वृद्ध किसान हरिबहादुर रोकालाई स्थानीय गुण्डाहरूको एक टोलीले हत्या गरे । चैत ६ गते रोल्पाको ह्वामा गाउँमा घरमा सुतिरहेका जयघन थापालाई प्रहरीले पक्रेर आँगनमा ल्याई गोली हानी मार्यो र लहरे पुन र इन्द्रजित पुनलाई पक्रेर एउटै डोरीले बाँधेर नजिकको खोल्सामा लगी गोली हानी हत्या गर्यो । लहरे पुन पार्टी सदस्य थिए भने अरू सामान्य समर्थक मात्र थिए । चैत १२ गते रोल्पाको नुवागाउँमा प्रहरीले माओवादी पार्टीका एरिया सचिव चोपबहादुर डाँगी र सदस्य गेहेन्द्र गिरीलाई पक्राउ गर्यो र होलेरी चौकीमा लगेर गोली हानी हत्या गर्यो चैत १८ गते रोल्पाको खुङ्गीका एक गरिब सर्वसाधारण किसानलाई माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी चौकीमा ल्याई हत्या गर्यो । चैत ३० गते रोल्पाको कोटगाउँमा जनमोर्चाका तर्फबाट निर्वाचित गाविस उपाध्यक्ष तिलकराम बुढालाई प्रहरीले पक्रेर हत्या गर्यो ।

हुन त रोल्पा २०३७ पछि निरन्तर राज्यसत्ताको विपक्षमा छ। माओवादी जनयुध्द सफल बनाउन रोल्पाली जनताले आफू खाइ नखाइ प्रत्येक बाली भित्र्याउँदा माओवादीलाई मौसमी चन्दास्वरूप मकै, गहुँ, कोदो, फापर जे छ, त्यही दिए । दैनिक ३/४ जना कार्यकर्तालाई खुवाए, बास दिए । महिनैपिच्छे नगद सहयोग गरे । माओवादीले चलाउने प्रत्येक अभियानमा सहभागि भए (जीएम, २०७९) ।

परिवारको कुनै सदस्य माओवादीका पूर्णकालीन नेता/कार्यकर्ता भएर हिँडेपछि उसको घरपरिवार राज्य पक्षको प्रमुख निसानामा पर्ने गर्दथे । सेना र पुलिस घरमा आएर अनावश्यक खोजतलास गर्दै परिवारलाई दिइने शारीरिक र मानसिक यातना सामान्य घटना जस्तै थियो । यातनाबाट मुक्ति पाउन सबै परिवार नै घरमा ताला लगाएर बस्तुभाउलाई छिमेकीको जिम्मा लगाई जंगल पस्न बाध्य थिए ।

अर्को तर्फ माओबादी आन्दोलनले सरकारी कार्यालय र गतिविधिलाई जनताको दुश्मन भएको भाष्य स्थापित गरेको थियो । सरकारी गतिविधि जिल्ला सदरमुकाममा केन्द्रित थिए । कर्मचारी गाउँमा बस्न सक्ने अवस्था थिएन । गाउँमा बस्न नसक्ने भएपछि कर्मचारी सदरमुकाममा सुरक्षा घेराभित्रै रहन्थे ।

किलो शेरा टु अप्रेसन पछि त रोल्पा कसैको लागि शुरक्षित थिएन । सशस्त्र द्वन्द्वताका जेलबाङबाट मात्रै ज्यान गुमाउनेको संख्या ६१ थियो । ठुलो संख्यामा जनमुक्ति सेना र पार्टी संगठनमा पूर्णकालिन थियो । जसले गर्दा परिवारहरू एक प्रकारले विच्छेद हुने स्थिति बन्यो । श्रीमान/श्रीमतीको पनि विच्छेद हुने, बुढाबुढीहरू पनि एक प्रकारले असहाय हुने, केटाकेटीहरू पनि असहाय हुने स्थिति भइसकेपछि यसलाई व्यवस्थापन गर्नका लागि कम्युनिस्ट चेतनासहित सामूहिक प्रयत्न गर्ने र विशेषतः पार्टीको उच्च नेतृत्वको तर्फबाट आफ्नो सम्पत्तिको हिस्सा समेत राख्ने र साझा सम्पत्तिको विकास गर्ने ध्येय उद्धेश्यका साथ परिवारहरू मिलेर जनयुद्धको प्रक्रियामा पार्टीले कम्युनको स्थापना गरेको देखिन्छ ।

## ४.३. सुनछहरी गाउँपालिकाको सामाजिक परिवेश

सुनछहरी गाउँपालिका रोल्पा जिल्लाको उत्तरपुर्वि क्षेत्रमा अवस्थित पहाडी तथा दुर्गम गाउँपालिका हो । यस पालिकाले २७७.६२ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । प्रशासनिक विभाजन अनुसार साविकका सेरम, गाम, स्यूरी, जैमाकसला, फगाम (२ देखि ९), र जेलबाङ्ग

गाविसलाई समावेश गरी ७ ओटा वडाहरूमा विभाजन गरिएको छ। यस पालिकामा ३, ५८६ घरधूरी रहेका छन ।

२०७८ को जनगणना अनुसार यस पालिकाको कुल जनसंख्या १७,२४१ जना रहेको छ। जसमध्ये ८,२९० जना पुरुष (४८.१ प्रतिशत) र ८,९५१ (५१.९ प्रतिशत) महिलाको संख्या रहेको छ । यस पालिको लैङ्गिक अनुपात ९२.६२ पुरुष प्रति १०० महिला रहेको छ । यस पालिकाको जनघनत्व ६२ प्रति वर्गकिलोमिटर रहेको छ। यस पालिकाको साक्षरता दर ७२.१ प्रतिशत रहेको छ।

ऐतिहासिक महत्वका साथै साँस्कृतिक विशेषता बोकेको यस गाउँपालिका मगरात तथा खस सभ्यता तथा हिन्दु एवं बौद्ध साँस्कृतिको अनुपम संयोजन रहेको छ । आदीवासी मगर समुदायको ७० प्रतिशत भन्दा बढी बसोबास रहेको यस गाउँपालिकामा क्षेत्री,ब्राम्हण,दलित, सन्यासी जातिको समेत मिश्रित बसोवास रहेको छ।

यस गाउँपालिकामा मुख्य कामकाजीको भाषा नेपाली रहेको छ भने समुदायहरू बीच आपसी बोलिचालीको भाषा मगर तथा स्थानीय खाम भाषा पनि उत्तिकै प्रचलनमा छ। धार्मिक रूपमा हिन्दु धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो गाउँपालिकामा मनाइले चाडपर्वहरूमा कृष्णाष्टमी, तीज,जनैपर्णिमा, दशै, तिहार, माघे सक्रान्ति, चैते दशैं आदि रहेका छन । जलजलामा ब्रह्मा पुजावर्षको ३ पटक, भदौरे पुजा, जेठासी मेला, मङ्गसीरे मेला,लुङ्गमा मेला, माघेसक्रान्ती मेला, कुल बराह मेला, भुमे पुजा आदी गर्ने गरिन्छ।

## ४.४. जलजला कम्युन निर्माणको परिवेश

विसं २०५१ मा नेकपा (एकता केन्द्र) फुटेर पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा नेकपा (माओवादी) बन्यो । नारायणकाजी श्रेष्ठ नेतृत्वको एकता केन्द्रले वि.सं. २०५४ मा महाधिवेशनस्तरको राष्ट्रिय सम्मेलनमार्फत 'ग्रामीण वर्ग संघर्ष'मा जुट्ने निर्णयसहितको राजनीतिक कार्यदिशा पारित गऱ्यो । पूर्णकालीन राजनीतिक आन्दोलनमा लागेका नेता कार्यकर्ताका छोराछोरीको पालनपोषण र रेखदेखमा समस्या आएपछि उनीहरूलाई संरक्षण दिने उद्देश्यले 'सामूहिक अभ्यास'को अवधारणा ल्याइएको थियो ।

जनयुद्धको प्रभाव बढेसँगै समूदाय द्वन्दको चपेटामा परेको थियो । परिवारको कुनै सदस्य माओवादीका पूर्णकालीन नेता कार्यकर्ता भएर हिँडेपछि राज्य पक्षको प्रमुख निसानी उसको घरपरिवार बन्न पुग्यो । सेना र पुलिस घरमा आएर अनावश्यक खोजतलास गर्दै परिवारलाई शारीरिक र मानसिक यातना कति दियो कति जना यातनाबाट मुक्ति पाउन सबै परिवार नै घरमा ताला लगाएर बस्तुभाउलाई छिमेकीको जिम्मा लगाई जंगल पस्न बाध्य भए । पढ्ने उमेरका छोराछोरी बाबुआमाकै पछि जाँदा पढाइ छुट्यो । भविष्य बिग्रियो । माओवादीका घरपरिवारमात्रै होइन, सेना, प्रहरी, सरकारी जागिरे र फरक पार्टीमा आस्था राख्नेहरूलाई माओवादीले पनि देखी सहेन । सेना र पुलिसले माओवादी परिवारलाई दिएको यातनाको बदला उसले सेना, प्रहरी, सरकारी जागिरे र फरक पार्टीका परिवारलाई पनि देखाउन थाल्यो । माओवादीले दिने त्यो शारीरिक र मानसिक यातना, चन्दा असुली कार्य सहन नसकेर त्यस्ता धेरै परिवार पनि घर छोडेर सदरमुकामलगायत अन्य जिल्लामा विस्थापित हुन पुगेका थिए ( जीएम, २०७९)।

परिवारहरू एक प्रकारले विच्छेदको स्थितिमा थिए । शहिद, बेपत्ता र घाईते अपाङ्गहरूको संख्या बढ्दो थियो । युवा युवति यध्दमा जाने त्यसो नभए गाउँ छाड्ने प्रवृत्तिले बुढा-बुढीहरू पनि असहाय हुने परिस्थिती सिर्जना भएको थियो । शहिद र वेपत्ता परिवारका बालबालिकाहरूको दैनिक निर्वाह नै कष्टपूर्ण हुदै गएको थियो । उमेर पुगेका बलियाबाङ्गा जनशक्ति घरमा नहुँदा कृषि उत्पादनलाई निरन्तरता दिन गारो थियो । अन्य उत्पादनका क्षेत्रहर विकास भएका थिएनन । यसले समूदाय नै असाहय जस्तै बनेको थियो ।

माओवादीले आफ्नो आधार इलाकामा राज्यसत्ताविरुध्द समानान्तर हुनेगरी जिल्ला जनसरकार, गाउँ जनसरकार  र स्वायत्त राज्यको घोषणा गर्दै आएको थियो । यसलाई उसले 'जनयुध्दले रणनीतिक सन्तुलनमा प्रवेश गर्यो तव सामन्तवाद र साम्राज्यवादबाट मुक्त इलाकाहरूमा नयाँ सत्ताको जन्म' भनेको थियो । यस सन्दर्भमा माओवादीकै भनाईमा "एउटा नयाँ सामाजिक व्यवस्थाको बोध गरी महान् साम्यवादको भ्रुणको रूपमा केन्द्रीय आधार ईलाकामा २०५८ भाद्र २६ गते १२ घर सम्मिलित भएर जलजला कम्युनको स्थापना भएको भएको थियो ।

त्यसका लागी कम्युनिस्ट चेतनासहित सामूहिक प्रयत्न गर्ने र त्यसका साथै पार्टी लिडरहरूको तर्फबाट र विशेषतः उच्च नेतृत्वको तर्फबाट आफ्नो सम्पत्तिको हिस्सा समेत

राख्ने र साझा सम्पत्तिको विकास गर्ने ध्येय उद्देश्यका साथ परिवारहरू मिलेर जनयुद्धको प्रक्रिया कै रूपमा जनकम्युनको स्थापना गरिएको थियो।

माओवादी पार्टी कै भनाईमा 'जनयुध्दले रणनीतिक सन्तुलनमा प्रवेश गर्यो तव सामन्तवाद र साम्राज्यवादबाट मुक्त इलाकाहरूमा नयाँ सत्ताको जन्म भयो । यतिमात्र होइन कैयौ इलाकाहरूमा एउटा नयाँ सामाजिक व्यवस्थाको बोध गरी महान् साम्यवादको भ्रुणको रूपमा केन्द्रीय आधार ईलाकामा २०५८ भाद्र २६ गते १२ घर सम्मिलित भएर जलजला कम्युनको स्थापना भएको भएको थियो ।

नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन कम्युन निर्माणको परिवेश सम्झदै भन्छनः 'पार्टी सशस्त्र विद्रोहमा थियो । गाउँमा युध्दलाई समर्थन गर्ने एउटा संयन्त्र हुन्थ्यो । कसैले सूचना दिएर, कसैले सरसामान दिएर, कसैले सप्लाई गरेर, कसैले स्थानीय जनसत्ता सञ्चालनमा सहयोग गरेर एउटा परिस्थिती सिर्जना भएको थियो । त्यस प्रकारको राजनीतिक परिस्थितमा खास गरीकन होलटाइमर अथवा पूर्णकालिन कार्यकर्ताहरू या जनयूध्दमा राज्यसत्ताबाट हत्या गरिएका, विभिन्न ढंगले सताइएका वा स्वेच्छिक रूपमा सामुहिक जीवनमा आउन चाहेका परिवारहरू मिलेर जनकम्युनको निर्माण भएको हो ।'

## ४.५. कम्युनमा सहभागीहरूको विवरण

जलजला कम्युनमा १४ परिवारका ७९ जना सदस्यहरू आवध्द रहेका थिए । जसमा महिला ३५ र पुरुषको संख्या ४४ रहेको थियो ।

कम्युनमा एउटै टोलको बाहुल्यता थियो । नीजि स्वामित्वमा रहेको जग्गामा सामूहिक खेति गर्ने र उत्पादन पनि सामूहिक रूपमा खर्च गर्ने व्यवस्था रहेको थियो । कम्युनका अधिकांश सदस्य वृध्द र बालबालिका थिए । युवा युवतिहरू कुनै न कुनै रूपमा माओवादी पार्टीमा आवध्द थिए ।

| क्र.सं. | घर मुलीको नाम | परिवर संख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | अबिलाल पुन मगर | ३ | २ | ५ |
| २ | चिनि बुढा मगर | १ | २ | ३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | जंगबहादुर बुढा मगर | ३ | ४ | ७ |
| ४ | टुल बहादुर बुढा मगर | ५ | ३ | ८ |
| ५ | द्याते घर्ती मगर | २ | २ | ४ |
| ६ | दिल बहादुर बुढा मगर | ८ | ३ | ११ |
| ७ | ननसिंह बुढा मगर | ३ | ३ | ६ |
| ८ | बाज पुन मगर | २ | १ | ३ |
| ९ | बहादुर पुन मगर | २ | २ | ४ |
| १० | बालसिंह बुढा मगर | ३ | ३ | ६ |
| ११ | बिष्णु बुढा मगर | ७ | ६ | १३ |
| १२ | रले बुढा मगर | १ | ० | १ |
| १३ | राम लाल बुढा मगर | १ | २ | ३ |
| १४ | सन बहादुर बुढा मगर | ३ | २ | ५ |
| जम्मा | | ४४ | ३५ | ७९ |

स्रोत: स्थलगत अध्ययन, २०८०

## ४.६. कम्युनको संगठन संरचना र जिम्मेवारी बाँडफाँड

यो मुलतः कम्युन पार्टी कम्युन थियो । पार्टी कम्युन कम्युनिस्ट पार्टी संगठनको एउटा विशिष्ट रूप हो। पार्टीको समय संरचना र व्यहारको एउटा महत्वपूर्ण कड़ी। त्यसकारण, कम्युनहरूको निर्माण पार्टीको क्रान्तिकारी उद्देश्य र सांगठिन आचरण अनुरूप नै हुन जरुरी छ। त्यस्तै, कम्युनको सांस्कृतिक स्तरलाई पनि सोहीअनसार नै कायम गरूनुपर्छ । यो निरन्तर जारी रहने प्रक्रिया हो । ( मुखर्जी, २०६७)

पार्टी नीतिको आवलम्वन गर्नु र पार्टीको योजना कार्यक्रमलाई सघाउनु यस कम्युनको मुख्य उद्देश्य रहेको थियो । यसका साथै माओवादी विद्रोहले गाउँमा उत्पन्न कृषि श्रमको अभावलाई परिपुर्ति गर्नु, आश्रित परिवारको व्यवस्थापन गर्नु र समूदायको पार्टीप्रतिको भरोसालाई थप बलियो बनाउनु र पार्टी अनुकुल जनमत तयार गर्नु यसका उद्देश्य थिए ।

हाल ७५ बर्षमा हिडिरहेका  रले बुढा मगर एकल कम्युनमा आबद्ध भएका थिए। उनको श्रीमतिको मृत्यु भएपछि उनि एक्लै बसिराखेका थिए।  पार्टीले उनलाई कम्युनमा आउन भन्यो। कम्युनमा आएपछि उनलाई  आफुले परिवार पाएको जस्तो लाग्यो।

माओवादी पार्टी युध्दरत पार्टी थियो। जलजला माओवादी पार्टीको योजनामा सञ्चालित कम्युन भएकोले यसको संगठन संरचना मुलतः अर्धशैन्य शैलीको थियो। कम्युनका सबै सदस्यको मुख्य कार्यभार पार्टी संगठनलाई सहयोग गर्नु थियो। उनका अनुसार कम्युन एक जनाको इन्चार्जसिप ( प्रणाली) मा चलेको थियो।  इन्चार्जको मातहतमा  बाकी बिभागहरू थिए। कम्युनले बिशेषगरी कृषि उत्पादन गर्ने भएकोले होटल/ पसलबाहेक अरु काम सबै मिलेर गर्ने गरिन्थ्यो। यस बाहेक  उनि पुरुष बिभागमा काम गर्थे। यो पार्टीलाई सघाउने राजनीतिक संरचना थियो। यसकासाथै उनि कृषिमा बिभागमा काम गर्थे। कम्युनमा बस्नु र तोकिएको काम गर्नु पार्टी जिम्मेवारी पुरा गर्नु नै हुन्थ्यो।

पार्टीबाट तोकिएका व्यक्तिले यसको कमाण्ड सम्हाल्थे। सिरिबाङमा सामुहिक बसाई थियो। पालैपालो महिनाको रुटिनमा खाना पकाउने काम गरिन्थ्यो। हरेक टोलिमा महिला पुरुष सँगै हुन्थे। बालबालिकाले पानि ल्याउने, तरकारी काट्ने गाई बस्तुलाइ घास हाल्ने काममा सघाउने गर्दथे। शनिबार हामी सबै घास दाउराको लागि जंगल जाने लगायत साना तिना काम गरी अभिभावकलाइ सगाउने काम गर्थे। यसले बालबालिकामा सामूहिक श्रम, पारस्परिक सम्बन्ध विकास र सामाजिकरणमा सहयोगी भूमिका खेलेको थियो।

कम्यूनमा बाल संगठन, महिला समुह, आमा समुह, कृषि समुह, जन सहकारी एकाई थिए। कम्युन सदस्य कुनै न कुनै विभागको सदस्य हुन अनिवार्य जस्तै थियो।  अभिलाल पुन मगर, धाँते घर्ति मगर, दिल बहादुर बुढा मगर र रामलाल बुढामगर पार्टीको एरिया कमिटी मेम्वर (एसिएम) कमिटीमा रहेर काम गर्दथे। उनीहरू पार्टीको पूर्णकालिन कार्यकर्ता थिए। कम्युनमा भन्दा उनीहरू अन्य क्षेत्रमा सक्रिय हुन्थे। कमाई लगाउने र उठाउने समयमा उनीहरू अनिवार्य रूपमा कम्युनमा आईपुग्थे।

यसैगरी सन बहादुर बुढा मगर जनमुक्ति सेनामा थिए। उनलाई कम्युनका दैनिक गतिविधिमा सामेल भएनन। कम्युनमा नै बस्ने परथ बहादुर बुढामगर जनमिलिसिया

अन्तरगतको स्क्वाड कमाण्डर थिए । एरियाको शुरक्षा स्वाइडले हेर्ने हुँदा उनी पनि दैनिक गतिविधिमा खास सामेल थिएनन ।

अन्य सदस्यले तोकिए अनुसारको काम गर्ने गर्दथे । शान्ति वार्ताभएसँगै कम्युनले पोबाङ्गमा ८ आना जग्गा किनि दुइ तल्लाको घर बनाइ होटल संचालन गरेको थियो । सुलि चौरमा दुइ फ्ल्याट भाडामा लिइ होटेल र किराना पसल चलाएको थियो । राम बहादुर बढा मगरले होटल/किराना पसल प्रमुख भएर काम गरेका थिए ।

## ४.७. कम्युनमा उत्पादन तथा वितरण प्रणाली

कम्युनमा आवध्द सबै परिवार गरिव किसान थिए । उनीहरूको जीवन निर्वाहको मुख्य पेसा निर्वाहमुखि कृषि रहेको थियो । कम्युनमा बस्ने सबैले आफ्नो सम्पूर्ण सम्पत्ति, जायजेथा पार्टीकरण गरेर एउटै परिवार जसरी बसेका थिए । 'साझा काम, साझा परिवार, साझा आम्दानी, साझा सम्पत्ति भनेर यसको सुरु गरिएको थियो ।

उत्पादन र उत्पादन प्रक्रियामा सामूहिक स्वामित्व कायम गर्ने उद्देश्यका साथ अगाडि बढेको क्रान्ति नै श्रमिकवर्गको नेतृत्वमा संचालित सर्वहारा क्रान्ति हो र सामूहिक नेतृत्वको अवधारण नै सर्वहारा क्रान्तिको नेतृत्वसम्बन्धी अवधारणा हो । भारतीय नेता माणिक मुखर्जी भन्छन "आफ्नो सम्पूर्ण व्यक्तिगत जीवन र निजी सम्पत्तिलाई तिलाञ्जली दिएर उन्नत कम्युनिस्ट संस्कृक्तिको विकास गर्ने संघर्षमा होमिन तयार र सम्पूर्ण जीवन पार्टीप्रति समर्पित गर्ने उच्च चेतनास्तर भएको संगठक मात्र कम्युनको सदस्य बन्न सक्दछ" (मुखर्जी, २०६७)।

कम्युन सामूहिक व्यवस्थापनमा आधारित थियो । जहाँ हरेक कम्युन सदस्यहरू श्रममा जोडिन अनिवार्य रहेको थियो । खेती, पशुपालन, किराना पसल र नास्ता पसल कम्युनका मुख्य उत्पादन क्षेत्र थिए । को कुन काममा जोडिने भन्ने कुरा कम्युनका सबै सदस्यहरूको सहमति नै निर्णय लिईने गरिन्थ्यो । क्षमताका आधारमा श्रम (उत्पादनमा सहभागिता) र आवश्यकताका आधारमा वितरण कम्युनको नीति थियो ।

भौगोलिक दृष्टिले सिरिबाङ पश्चिम मोहडा परेको भिरालो भूभाग हो । यो भूभाग कृषि भूमि, वनक्षेत्र, झांडीक्षेत्र र खोला/नदी किनारले ओगटेको छ । मुख्य पेशा कृषि र पशु पालन हो । कृषि भूभागमा पर्याप्त सिंचाई सुविधा छैन । गहुँ , मकै , आलु , कोदो , धान, तरकारी

उत्पादन हुन्थ्यो। चिसो हावापानीमा पाइने भएकोले कृडि उत्पादन ढिलो गरी पाक्दछ । पशु व्यवसायमा उन्नत नश्लको खास विकास भएको छैन । भेडा पालन आय आर्जनको स्रोत रहेको छ ।यहाँको यहाँको जंगल क्षेत्रमा टिमुर, पाँच औले लगायतका जडिबुटी पाइन्छ । भाङ्गोको खती पनि प्रसस्तमात्रामा हुन्छ । त्यसेले सानो संख्या जडिबुटीजन्य वन पैदावरको निकासी पैठारीमा जोडिएको छ । स्थानीय उत्पादनले १२ महिना खान पुग्ने अवस्था छैन । अर्को सानो जनसंख्या वैदेशिक रोजगारीमा छ । यस्तो अवस्थामा कम्युनमा ठूलो कृषि उपजको उत्पादन थिएन ।

महिला बिभागले फुर्सदको समयमा भागोको डल्ला धागो ,अल्लोको धागो बाटेर बेच्ने गर्थ्यो। यसका साथै भागोको खेती , अल्लो खेती , अदुवा , खुर्सानी ,बेसार , पदमे (पदम चाल्नो) अलैची खेती लगायतका नगदे वालीको खेती पनि कम्युनले गर्ने गरेको थियो । आधार इलाकामा समाजवादी सहकारी (जन सहकारी) निर्माणका गरिएका थिए । जसले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने उपेक्षा गरिएको थियो । रामलाल बुढामगरको नेतृत्वमा जन सहकारीले पोबाङ्गमा किराना पसल, होटल र सुलिचौरमा होटल संचालन गरेको थियो।

पार्टीमा पूर्णकालिन भएर हिडेकाहरू कम्युनमा नियमित बस्दैननथिए । कहिलेकाहि आउने र सघाउने गर्थे । खेति लगाउने र भित्र्यारने बेलामा सबै सदस्यको उपस्थिती अनिवार्य जस्तै थियो । कम्युनमा आएको बेला सबैले अनिवार्य रूपमा श्रम गर्थे ।

कम्युन सदस्यकहरूको खास खर्च थिएन । कुनै काम विषेशले बाहिर जान वा केही गर्न कमाण्डले खर्च व्यवस्थापन गरिदिन्थे । ग्रामिण क्षेत्र भएकोले निर्वाहमुखि खेतीले कम्युन धानिएको थियो । नपुग किन्नु पर्ने सामाग्री आफ्नै पसलबाट ल्याउने गरिन्थ्यो । आफ्नो नगदे वालीको विक्रि वितरणमा जन सहकारीले सहयोग गर्दथ्यो ।

बेलाबखतमा गाँउबाट ऋण खोजेर कम्युन चलाउनु पर्ने हुन्थ्यो । त्यो पनि बैठकमा पेश गरिन्थ्यो ।कम्युनमा नियमित रूपमा बैठक हुन्थ्यो । बैठकमा योजनाहरू पेश हुन्थे । सबै सदस्यले राय दिन्थे । सोहि बमोजिम इन्चार्जले निर्णय लिने गर्दथे ।

## ४.८. कम्युन र स्थानीय समुदाय बीचको सम्बन्ध

कुनै पनि सामुदायिक संरचना समाजमा बाच्न समुदायसँगको सम्बन्ध महत्वपूर्ण हुन्छ। संस्थाका नीति र कार्यक्रमहरू समुदायको आवश्यकताहरूमा आधारित हुनुपर्ने हुन्छ। जलललला पार्टी कम्युन भएको र अन्य समुदाय पनि समर्थन गरेको थियो । पार्टीले गर्ने स्थानीय विकाससँग कम्युन पनि जोडिएर समुदायको आवश्यकता सम्बोधन गर्ने प्रयास गरेको थियो ।

माओवादीले सामाजिक रूपान्तरणको अभियान सही चलाएको थियो । कोही(कसैले बहुविवाह, बालविवाह गरे, समाजविरूद्धको गतिविधि गरे, दाइजो लेनदेन गरे, आपराधिक क्रियाकलाप, जातीय छुवाछूत गरे, जाडरक्सी खाएर हल्ला गरेमा गोर्खे लौरीद्वारा गरिने कडा सजाय र अन्य सजायले सबै रोल्पाहरू तर्सिएर सजग बन्थे । यसले माओवादी आन्दोलनप्रति जनताको सदासयता बढेको थियो ।

दिल बहादुर मगरका अनुसार ‘कम्युन ” सामूदायिक विकासमा पनि क्रियाशिल हुने गर्दथ्यो । स्थानीय बाटो घाटो निर्माण , कुलो खन्ने/सफा गर्ने , बिद्यालयको भवन निर्माण र शिक्षा सुधार लगायतमा यसले नेतृत्वदायि भुमिका खेल्दथ्यो । ।कम्युन सदस्यहरू स्थानियसँग बाटो निर्माण गर्ने , मेला लगाउने , कुलो बनाउने जस्ता काममा जोडिएर काम गर्थे । समुदायको विकासका लागि विभिन्न कार्यक्रमहरू अघि सारेर सम्पन्न गर्न कम्युनले नेतृत्वदायी भूमिका खेलेको थियो ।

## ४.९. कम्युनमा सुशासनको अभ्यास

माओबादीले आफ्नै सत्ताको अभ्यास गरेको थियो । त्यसैले यो नेपालको कानुन अनुसार राज्यका कुनै निकायमा दर्ता थिएन । कम्युन कम्युनिष्ट आचरणमा आधारित स्वःनियमा चलेको थियो । कम्युनमा ‘हामी आफूलाई फेर्न आफ्नै निम्ति नयाँ जीवन प्राप्त गर्ने दिशामा अगाडि बढीरहेका छौं’ भन्ने भावना जागृत थियो। कम्युनमा बसेकाले नै के गर्ने के भन्नेबारेमा निर्णय लिन्थे ।

पार्टी शान्ति प्रक्रियामा आएपछि २०६४ असाढ ५,६ र ७ गते रोल्पाको थवाङमा सम्पन्न जनकम्युन तथा सहकारीहरूको प्रथम साधारण सभाले कम्युन र सहकारी सञ्चालनका लागि अलग अलग निर्देशिका तयार पार्ने कार्यक्रम पारित गरेको थियो । तर त्यसो हुन सकेन ।

कम्युनको आफ्नो बैंक खाता थिएन । आम्दानी र खर्चको विवरण तिकिएको व्यक्तिले राख्थे । हिसाव राख्न छुट्टै एक जनालाई जिम्मेवारी दिईएको थियो । उनले कम्युनको आम्दानी खर्चको विवरण नियमित बैठकमा सुनाउने गर्दथे ।

बैठकमा व्यक्तिमात्र होइन कम्युन र कम्युन सञ्चालनमा भएका कम्जोरीबारे पनि समिक्षा हुने गर्दथ्यो । कम्युनको आगामी योजना निर्माण र सदस्यहरूको जिम्मेवारी हेरफेर पनि बैठकबाटै गरिन्थ्यो ।

मार्क्सवादी चिन्तक शिवदास घोषले भनेका छन 'आन्तरिक जनवादको प्रयोगमार्फत पार्टी जीवनबाट व्यक्तिवाद र व्यक्तिगत नेतृत्वलाई निर्मुल गरी संघर्षसँगसँगै विचार एवम् अनुभवको आदानप्रदानको माध्यमबाट सिंगो पार्टीका नेता र कार्यकर्ताले आर्जन गरेका सामूहिक ज्ञानका जव पाटीको कुनै एक नेतामा केन्द्रीकरण र मूर्तिकरण हुन्छ तब मात्र सामूहिक नेतृत्वको स्थापना गर्न सकिन्छ। त्यहाँ त्यहि अभ्यास गर्न खोजिएको थियो (मुखर्जी, २०६७) ।

## ४.१०. पार्टीको सहयोग र सुपरिवेक्षण

स्थलगत अध्ययनको क्रममा सिरिबाङ पुग्दा त्यहाका जनता जो हिजो कम्युनमा बसेका थिए, उनीहरू हामीलाई प्रचण्डका जासुस भन्दै प्रवेश निशेध गर्ने मनस्थितीमा देखिन्थे । सबैको एउटै कुरा थियो नेतृत्वले क्रान्तिलाई धोका दियो । प्रचण्डले सो कुरालाई स्वीकार पनि गरेका छन । आधारशिलाको प्रकाशन प्रस्थानमा प्रकाशित अन्तरवार्तामा उनले भनेका छनः 'हाम्रो नेतृत्वमा सरकार बन्यो । सरकारले जे जस्ता काम गर्नुपर्थ्यो, जनताका हामी प्रति जे अपेक्षा थिए, त्यो अपेक्षा अनुसार हाम्रो पार्टी नेतृत्वको सरकारले काम गर्न सकेन ।

पार्टी कम्युन कम्युनिस्ट पार्टी संगठनको एउटा विशिष्ट रूप हो । त्यसकारण, कम्युनहरूको निर्माण पार्टीको क्रान्तिकारी उद्देश्य र सांगठिन आचरण अनुरूप नै हुन जरुरी हुन्छ । त्यस्तै, कम्युनको सांस्कृतिक स्तरलाई पनि सोहीअनसार नै कायम गरूनुपर्छ। यो निरन्तर जारी रहने प्रक्रिया हो । तर जलजला कम्युनमा त्यसो भएन । पार्टीले शान्ति प्रक्रियामा आउनु पर्ने कारणबारे गरेको राजनीतिक विश्लेषण कम्युनसम्म पुग्न सकेको छैन ( मुखर्जी, २०६७) ।

अर्को कुरा कम्युन जीवनका विभिन्न पाटापक्षसँग जोडिएका यावत् प्रश्नहरूको सहजै हल गर्न सक्ने र कम्युनलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर मार्गदर्शन र अगुवाई गर्न सक्ने क्षमता भएको सक्षम नेतृत्व उपलब्ध भएको खण्डमा मात्र पार्टी कम्युनको निर्माण गर्न सकिन्छ । त्यो कुरामा पनि पार्टी चुकेको देखिन्छ। केहि समय कम्युनको इन्चार्ज बनेका धनबहादुर बुढा नै कम्युन विघटनको कारण भएको कम्युन सदस्यहरूले आरोप समेत लगाएका छन ।

# परिच्छेद ५: कम्युन सदस्यहरूको जीबन भोगाई र कम्युनको वर्तमान अवस्था

यस परिच्छेद अन्तरगत कम्यनमा रहेका ५ जना सदस्यको घटना अध्ययन र उनीहरूको जीवन भोगाई, कम्युन विघटन पछाडि कम्युन सदस्यहरूको अवस्था र पार्टी सम्बन्धकोबारेमा प्राप्त तथ्य तथ्याङ्कको प्रस्तुती र विस्लेषण गरिएको छ ।

## ५.१. कम्युन सदस्यहरूको जीवन भोगाइ सम्बन्धी घटना अध्ययन

### घटना अध्ययन-१

अहिले उमेरले ५४ टेकेका दिल बहादुर मगर माओवादी कार्यकर्ता हुन । २०५८ ताका उनी एरिया कमिटी सदस्य (ब्क्ष्ः) थिए । उनी पार्टी संगठनको काममा नै धेरै सक्रिय हुन्थे । साम्यवादी कम्युनिष्ट नीति अँगाल्दै सशस्त्र द्वन्द्वकै क्रममा तत्कालीन विद्रोही नेकपा माओवादीले रोल्पा, रुकुम र जाजरकोटमा सामूहिक परिवार बस्ने 'कम्युन घर'को अभ्यास सुरु गर्ने भयो । कम्युन घर भन्नाले व्यक्तिगत सम्पत्ति छाडेर सामूहिक रूपमा उत्पादन गर्ने, एउटै व्यस्थापनमा चल्ने, सामुहिक रूपमा बस्ने बासस्थानलाई जनाउदछ । यसको मुल मर्म सबै नागरिक बराबर हुने, निजी सम्पत्ति केही नहुने, सामूहिक परिवार एउटै घरमा बस्ने, सामूहिक कार्य गर्ने र जे आउँछ बाँडीचुँडी खाने भन्ने नै थियो । पार्टीले उनकै टोललाई लिएर सामुहिक घर शुरु गर्ने भएपछि उनको परिवार पनि सामुहिक घरमा जोडियो ।

कम्युन घरको दार्सनिक महत्व नबुझे पनि राजनीतिक महत्वले उनलाई कम्युन घरमा जान त्यत्ति गारो लागेन । युध्दको वेला थियो । उनलाई परिवारको व्यवस्थापन, दुस्मनबाट हुने शुरक्षा थ्रेटबाट बच्न र कृषिमा आधारित निर्वाहलाई यसले सजिलो बनाउला भन्ने लाग्यो । त्यसैले उनी आफ्नो ११ जनाको परिवार सहित 'कम्युन घर'मा बस्न थाले ।

कम्युन घरमा केटाकेटी हुर्काउनेदेखि खेतीपाती गर्ने, खाना बनाउने सबै काम सामूहिक हुन्थ्यो । परिवारका सबै सदस्य एउटै घरमा बस्ने, एउटै भान्सामा खाना बनाएर सँगै खाने र सबै काम सँगै गर्थे ।

त्यो वेला उमेर पुगेका सबै युवा युवति पार्को कुनै न कुनै कमिटीमा आवध्द हुन्थे । समावेश परिवारमा शहिद परिवार र सेनामा भर्ति भएका र पूर्णकालिन कार्यकर्ताका परिवार धेरै हुने गर्दथे । 'कम्युन घर'मा विभागिय प्रणाली थियो । कृषि विभाग, पशु विभाग, आर्थिक बिभाग , महिला बिभाग , बिद्यार्थी बिभाग, पुरुष बिभाग ,आमा समुह जस्ता संरचना खडा गरिएको थियो । परिवारका सबै सदस्य कुनै न कुनै विभागको सदस्य रहने गर्दथे । विभाग सदस्यलाई विभाग प्रमुखले नै दैनिक कार्यतालिका दिने गरिन्थ्यो । भोलि हुने कामबारे अघिल्लो दिन साझ नै विभागको बैठक बसेर सरसल्लाह गरिन्थ्यो ।

कृषि विभागले कृषि उत्पादन (गहुँ, मकै , आलु , कोदो, धान, तरकारी) गर्दथ्यो । पशु विभागले पशु चौपायाको व्यवस्थापन गर्दथ्यो । आर्थिक विभागले जन सहकारीमार्फत किराना पसल, होटल सञ्चालन गरेको थियो । महिला बिभागले फुर्सदको समयमा भागो, अल्लोको धागो बाटेर बेच्ने गर्दथ्यो । साथै नगदे वालीको रूपमा भागोको खेति, अल्लो खेती, अदुवा, खुर्सानी ,बेसार, अलैचिको खेती गर्ने गरिएको थियो ।

निर्वाहमुखि अर्थतन्त्र भएकोले होला परिवार सदस्यको छुट्टै खर्च व्यवस्थापन गर्ने चलन थिएन । खाना, वास, शिक्षा र स्वास्थ्यको व्यवस्थापन 'कम्युन घर'ले गर्दथ्यो । यहाँ मुजलत राज्यसत्ता परिवर्तनको आवश्यकता, दुस्मनबाट बच्ने उपाय, तालिमहरू दिने , भाषण कला लगायतका विषयमा छलफल, तालिम र कार्यक्रमहरू हुने गर्दथे । परिवार सदस्यको मुल ध्यान 'कम्युन घर"ले कसरी पार्टीलाई सहयोग गर्न सक्छ भन्ने नै हुन्थ्यो ।

'कम्युन घर'को दैनिक आम्दानी खर्चलाई लेजर खाता मार्फत राख्ने गरिएको थियो । आय व्यय हरेक महिना परिवार सदस्य विचमा राख्ने गरिएको थियो ।

सदस्य विच हुने मनमुटावलाई परिवार सदस्य वीच छलफलको प्रक्रियाद्वारा हल गर्ने गरिन्थ्यो ।

'कम्युन घर" सामूदायिक विकासमा पनि क्रियाशिल हुने गर्दथ्यो । स्थानीय बाटो घाटो निर्माण , कुलो खन्ने/सफा गर्ने , बिधालयको भवन निर्माण र शिक्षा सुधार लगायतमा यसले नेतृत्वदायि भुमिका खेल्दथ्यो ।

तर पार्टी पार्टी शान्ति प्रक्रियामा आएपछि जब पार्टी सत्तामा पुग्यो, नेतृत्वले कम्युन घरलाई खास महत्व दिएन ।  'कम्युन घर' कमजोर बन्दै गयो । केहि सदस्य क्यान्टोन्मेन्टमा बस्न गए । केहि घर फर्क थाले । युद्धकालमा नेताहरू कम्युन घरमा देखाएको सपना, समाजवादमा जाने आठोट बिर्सिसए । कम्युन परिवारलाई भुले । उनीहरू कम्युन घरमा फर्केर आएनन् ।

हिजो कम्युन घरमासँगै बसेका परिवारहरू अहिले आ-आफ्नै घरगृहस्थी गरिरहेका चलाईरहेका छन । दिल बहादु पनि अहिले आफ्नै घरगृहस्थीमा जुटेका छन । उर्जावान समय पार्टीमा लगाएका उनमा एउटै गुनासो छः 'पार्टीले मुध्दा छाड्यो । पार्टी हाम्रो भएन ।

'उनी अहिले पोखरा बसाई सरेका छन । मेसनको काम गर्छन । पार्टी कमिटीमा आवध्द छैनन । ३ छोरा हुर्किएर बैदेशिक रोजगारमा गएका छन । आफ्नो दैनिक ज्याला मजदुरीको आम्दानीले उनको जीवन धानिएको छ। उनको अनुभव छ : 'कम्युन घरमा बस्दा भन्दा बाहिर रहदा सजिलो । दुख सुख जे भए मतभेद कम हुने र यसलाई पारिवारिक रूपमा नै हल हुने'।

**घटना अध्ययन-२**

विगतमा कम्युनमा बसेकी शहिद चन्द्र बुढा मगरको श्रीमती चिनि बुढा मगर अहिले ५७ बर्षकी भइन । उनको एक छोरा र एकछोरी छन् । अहिले उनि जिबिकोपार्जनका लागी अहिले कृषि गर्छिन् । उनले कम्युन बिघठनपछि दोस्रो बिबाह गरिन अहिले खेतीपातिबाट जिबिकोपार्जन चलेकोछ। उनि नेकपा माओबादीमा आबद्ध छिन् । सामान्य पार्टी सदस्य मात्र छिन् ।

पाटिले देशैभर कम्युनमा जाने निति लिएपछि उनिसहित उनको परिवार कम्युनमा सामेल भयो । उनि कम्युनमा रहदा टोल महिला सदस्य थिइन् । कम्युन इन्चार्जसिपमा चल्थ्यो । कम्युन इन्चार्ज मातहत महिला बिभाग, बिधार्थी बिभाग, पुरुष बिभाग, कृषि बिभाग, बालबालिका बिभाग थिए ।

युद्धकालमा कम्युन कृषिमा आवद्ध थियो । कृषिमा पनि पशुपालन र खेतिपाती कम्युनले गर्थ्यो । मेषको काम महिनावारी रूपमा बिभाजन गरिएको हुन्थ्यो । खेतीपातिको काम सबै मिलेर गरिन्थ्यो ।

पार्टी शान्ति प्रक्रियामा आएपछि कम्युन मातहत होटल र पसल पनि गर्न थालियो । एक परिवारले पोबाङमा हेर्ने र अर्को परिवारले सुलिचौरको पसल चलाउने गरिन्थ्यो ।

कम्युनले उत्पादन गरेको सामाग्री सबै कम्युनमा खपत हुन्थ्यो । किनकि कम्युनले निर्वाहमुखी कृषि मात्र गर्दथ्यो ।

कम्युनमा रहदा मैले मेषको काम , कृषि , अल्लोको धागो बनाउने काम गर्थे । बेलाबखतमा महिला कमिटि बनाउनलाइ गाँउ गाँउ पनि जाने जान्थे ।

कम्युनमा रहदा साझपख नियमित छलफल हुन्थ्यो । योजनासहितको काम हुन्थ्यो । बैठकमा योजनाहरू पेश हुन्थे । सबै सदस्यले राय दिन्थे । कहाँ कम्युनले कम्जोरी गर्यो र अब कसरी जाने भन्नेसम्मको एजेण्डा प्रस्तुत गरिन्थ्यो । आउदो महिना कस्को के जिम्मेवारि भनि जिम्मेवारी हेरफेर गरिन्थ्यो ।

हिसाव हेर्ने एक जना राखिएको थियो । उहाँले आम्दानि खर्च भनेर नियमित बैठकमा हिसाब सुनाउनु हुन्थ्यो । बेलाबखतमा गाँउबाट ऋण खोजेर कम्युन चलाउनु पर्ने हुन्थ्यो । त्यो पनि बैठकमा पेश गरिन्थ्यो । कम्युनले स्थानियसँग बाटो निर्माण गर्ने , मेला लगाउने , कुलो बनाउने जस्ता काममा जोडिएर काम गर्थ्यो ।

कम्युनमा बसेकाले के गर्ने के नगर्ने भनेर नियम कानुन बनेको थियो । भएकोले कम्युनले अन्तर बिरोधहरूलाइ सामुहिकरूपमा छलफल गरेर हल गर्दथ्यो ।

कम्युनमा रहदा उनले खासै कठिनाइ भोग्नु परेन । । छोराछोरीले पढ्थे । खास कामको चाप थिएन । कुनै विभेद थिएन । प्रकारको बिभेद भोग्नु परेन । तर, पार्टी शान्तिप्रक्रियामा आएसी कम्युनलाइ भुल्न थाल्यो । त्यसपछि हामी सबै जना छलफल गरेर पारिवारिक जिवनमा फर्कियौं । उनले कम्युन छोडेर आएकै कारण सामाजिकरूपमा कुनै प्रकारको हिंसा भोग्नु परेको छैन । उनलाई लाग्छ, अहिले पनि देशमा कम्युन आवश्यक छ ।

**घटना अध्ययन-३**

अहिले रले बुढा मगर ७५ बर्ष पुगेका छन् । उनको घरबाट उनिमात्र जलजला कम्युनमा आबद्ध भएका थिए । उनको श्रिमतिको मृत्यु भएपछि उनि एक्लै बसिराखेका थिए । कम्युन

बनेपछि आफुले परिवार पाए । उनि पुरुष बिभागमा काम गर्थे । उनि कृषिमा बिभागमा काम गर्थे ।

एक जना इन्चार्ज प्रणालीमा थियो र इन्चार्जको मातहतमा  बाकी बिभागहरू थिए । कम्युनमा बिशेषगरी कृषि गर्ने भएकोले गोठाला , होटल र भान्सा बाहेक अरुमा सबै मिलेर गर्ने गरिन्थ्यो ।युद्धकालको अवस्था भएकोले बृत्ति बिकासमा  त्यस्तो खासै केहि हुदैन थियो । युद्ध काल पछि चाहिं तालिमहरू दिइएको थियो । कम्युन कृषिमा आत्मनिर्भर हुने भएकाले खाध्यान्न , पशु , भागो र अल्लो यहाँको उत्पादन हुने गर्थ्यो । कम्युनमा आत्मनिर्भर उत्पादन हुने भएकाले सबै कम्युनमा खपत हुन्थ्यो । कम्युन निर्माण पार्टिलाइ सहयोग गर्नका लागी थियो । हामी सबै कम्युन सदस्यहरू बसेर छलफलबाट अन्तरबिरोधहरू  हल गर्थ्यौं ।कम्युनमा कम्युन सदस्यले के गर्ने के नगर्ने भन्नेसम्मको नियम कानुन बनाएका थियौं ।कम्युनको दैनिक रूपमा आम्दानी खर्चको हिसाब गरेर मासिक रूपमा बैठकमा प्रस्तुत गरिन्थ्यो ।कम्युनमा नियमित बैठक छलफल हुन्थ्यो । कम्युनका सदस्यको कामीकमजोरि देखि गर्नु पर्ने कामको टुङ्ग्याइन्थ्यो । कम्युनले समायसँग मिलेर बाटो निर्माण , कुलो सफा गर्ने , मेलामा सहकार्य गर्थ्यो ।

उनि माओबादी पार्टिमा आस्था राख्थे । पार्टिले गर्ने भनेसि  ठिकै होला भनेर आए। उनि कृषिको काम गर्थे बेलाबखत गोठालो जान्थे । कम्युनमा ठुलो परिवार हुने भएकाले  कृषि मात्र भनेर बस्नु पर्दैन थियो । कम्युनले कृषि बाहेक होटल , पसल पनि संचालन गरेको थियो । एउटामा घाटा भएनि अर्को क्षेत्रले क्षति हुन दिदैन थियो । जनशक्ती धेरै हुने भएकाले काम छिटै सकिने गर्थ्यो ।उनको परिवारबाट उनि मात्रै कम्युनमा गएको थिए । कृषि तालिम लिएका थिए । उनको परिवारले कम्युनमा बस्दा कुनै किसिमको कठिनाई भोग्नु परेको थिएन कम्युनमा रहदा कुनै किसिमको बिभेद भोग्नु परेको थिएन । उनको बिचारमा नेपालमा कम्युन आवश्यक छ ।

पार्टी देशैभर कम्युनमा जाने भनेको थियो शान्ति प्रक्रिया पछि भएको कम्युनलाइ पनि चासो ब्यक्त नगरेपछि हामी पनि ब्यक्तिगत जिवनमा फर्कियौं ।उनि अहिले कृषि पेशामा आबद्ध छन र त्यहिबाट जिबिकोपार्जन चलाइराखेका छन् ।उनले कम्युनमा रहदा कृषि तालिम लिएको थिए । उनको दैनिक जिवन कृषिबाटै चलिराखेको छ । अहिले उनको दलिय आबद्धता छैन ।

तर उनि नेकपा माओबादी केन्द्र पार्टीमा आस्था राख्छन् । उनले कम्युन छोडेर आएकै कारण सामाजिक बिभेद भोग्नु परेको छैन । दैनिक जिवन चलुन कम्युनमा रहदा सजिलो थियो ।

### घटना अध्ययन-४

बिष्णु बुढा मगर उमेर ३१ वर्षका भए । उनि शहिद परिवारका सदस्य हुन । उनको बुबालाई २०५६ सालमा प्रहरीले घरबाट गिरफतार गरी तल खोलामा पुर्याइ कुटेर हत्या गरेको थियो । उनको घरबाट १४ जना सदस्य जलजला कम्युनमा आबद्ध भएका थिए । बुबाको हत्या पछि त्यो घरको मुलिको रूपमा बिष्णुको काका टिकलाल बुढा मगर भए । काका टिकलाल बुढा मगर कम्युनको इन्चार्ज थिए ।

कम्युन इन्चार्ज प्रणालिमा संचालन भएको थियो ।  जसमा पुरुष बिभाग, महिला बिभाग, आर्थिक बिभाग, बिध्यार्थी बिभाग, कृषि बिभाग थिए । भान्साको काम चाहिँ रोटेसनमा बाडफाड हुन्थ्यो । कृषिको काम मिलेर गर्ने गरिन्थ्यो । पार्टिले कम्युनमा क्षमता बिकासको लागि तालिमहरू दिने काम गर्थ्यो । कृषि क्षेत्र , पोबाङ्गमा होटल र सुलि चौउरमा किराना पसल र होटेल थियो । निर्वाहमुखी उत्पादन प्रणाली भएकोले सबै कम्युनमा खपत हुन्थयो । कम्युनमा कहिलकाहीं झैझगडा हुने गर्थ्यो । त्यसलाई सबै जना संगै बसेर छलफलबाट हल गर्ने गरिन्थ्यो । बिहानउठेदेखी बेलुका सुत्नेबेलासम्म केके गर्ने भन्ने थियो । लेखाको काम पनि हुन्थ्यो । नियमित बैठकहरू हुने गर्थे । कुन बिभागले केके त्रुटि गर्यो भनेर छलफल हुन्थ्यो । आदा दिनमा त्रुटि नगर्ने समिक्षा सहित हामी काममा जोडिन्थ्यौं । कम्युन समुदायसँग मेलाहरूमा मिलेर सामेल हुन्थ्यो । हामी सबै मिलेर मेलाको आनन्द लिन्थ्यौं ।

बिष्णु सानै थिए । उनि कम्युनमा जोडिनुको कारण शहिद परिवार भएकोले हो त्योभन्दाअरु कारण थाहा भएन भन्थे।म बिधार्थी थिए । मैले पानि ल्याउने , तरकारी काट्ने गाइ-बस्तुलाइ घास हाल्ने गर्थे । शनिबार हामि सबै घास दाउराको लागि जंगल जाने गर्थ्यौं।म त बाउ गुमाएको टुहुरो हु । मैले भन्नु पर्दा अभिभावक पाए । पढ्ने कुरामा , खेतीपाती भित्र्याउने कुरामा । आमाले तालिम लिनु भयो । त्यसकारण बृत्ति बिकासमा सहयोग भयो भनौं ।कम्युनमा रहदा कुनै प्रकारको हिंसा भोगेको थिइन। कम्युनमा कुनै प्रकारको बिभेद भोग्नु पारेको थिएन । उनको बिचारमा नेपालमा कम्युनको आवश्यक छ भन्थे ।

बिष्णु भन्छन् "म अहिले पनि कम्युन मै छु। अरुले छोडेर जानु भयो। म त सानै थिए धेरै कुरा बुज्दिन थिए । देशै भरि कम्युनको अभ्यास गर्ने भन्ने कुरा थियो शान्ति प्रकृया पछि पार्टीले पनि कम्युनको आवश्यक छैन जस्तो गरे पछि बिस्तारै सबै जना अलग हुनु भयो अनि हामी एकलै पर्यौं।" उनको पुर्खौली खेत छ त्यसमै खेती गरेर बाचेको छन् । कम्युन भत्किदा उनि १४ बर्षका थिए। त्यो उमेरमा केहि लिन पाएनन्। उनको पुर्खौली जमिन छ त्यस जमिनमा कृषि गरेर जिविका चलाएका छन्।उनि कुनै पनि पार्टीमा आबद्ध छैनन्। बिष्णु भन्छन् "बुबा शहिद भएकोले हामीलाइ माओबादी पार्टिको माया लाग्छ।" कम्युनमै बसेका कारण उनको सामुने त अहिलेसम्म कसैले बिभेद गरेको छैन पछाडी कस्ले के भन्छ भनेर खोज्दै हिड्ने कुरा नि भएन उनि भन्छन्।बिष्णु भन्छन् "मैले कम्युनमा हुदा अभिभावक पाएको थिए। अहिले टुहुरो भएको जस्तो लाग्छ। हामी इमान्दार भएर नितिनियम भित्र रहने हो भने कम्युन जिवन सजिलो हुन्छ।"

**घटना अध्ययन-५**

अहिले बालसिहं बुढा मगर ४५ बर्षका भए। उनले आधारभुत तह सम्मको अध्ययन गरेका छन्। उनि बिबाहित पुरुष हुन्। उनी पेशाले कृषक हुन्। आफ्नै पुर्ख्यौली जमिनमा खेती गरि आफ्नो परिवारको जिबिकोपार्जन गर्छन्। उनि अहिले नेकपा माओबादी केन्द्रमा आबद्ध छन्।

बालसिंह बुढा मगरसहित उनका ६ जना पारिवारिक सदस्य कम्युनमा आबद्ध भएका थिए। उनिले नेकपा माओबादीको २०५७ सालमा पार्टी सदस्य लिएका थिए। उनले कम्युनमा कृषि बिभागको जिम्मा पाएका थिए। उनका दुइ भाइ जनमुक्ति सेना हुन्।

एक जना इन्चार्ज प्रणालीमा थियो र इन्चार्जको मातहतमा महिला बिभाग , पुरुष बिभाग , बिधार्थी बिभाग थिए। कम्युनमा बिशेषगरी कृषि गर्ने भएकोले गोठाला , होटल र भान्सा बाहेकका कामहरूमा सबै मिलेर गर्ने गरिन्थ्यो। युद्धकालको अवस्था भएकोले बृत्ति बिकासमा त्यस्तो खासै केहि हुदैन थियो। युद्ध काल पछि चाहिं कृषि तालिम दिइएको थियो। कम्युन कृषिमा आत्मनिर्भर हुने भएकाले खाध्यान्न , पशु , भागो र अल्लो यहाँको उत्पादन हुने गर्थ्यो। कम्युनमा आत्मनिर्भर उत्पादन हुने भएकाले कम्युनले उत्पादन गर्ने उत्पादित सामाग्री कम्युनमा नै खपत हुन्थ्यो। कम्युन निर्माण पार्टिलाइ सहयोग गर्नका लागी थियो।

हामी सबै कम्युन सदस्यहरू बसेर छलफलबाट अन्तरबिरोधहरू  हल गर्थ्यौं । कम्युनमा कम्युन सदस्यले के गर्ने के नगर्ने भन्नेसम्मको नियम कानुन बनाएका थियौं । कम्युनको दैनिक रूपमा आम्दानी खर्चको हिसाब गरेर मासिक रूपमा बैठकमा प्रस्तुत गरिन्थ्यो ।कम्युनमा नियमित बैठक छलफल हुन्थ्यो । कम्युनका सदस्यको कामीकमजोरि देखि गर्नु पर्ने काम टुङ्ग्याइन्थ्यो । कम्युनले समुदायसँग मिलेर बाटो निर्माण , कुलो सफा गर्ने , मेलामा सहकार्य गर्थ्यो ।

उनि पार्टि सदस्य थिए । पार्टिले देशैभरी कम्युनमा जाने भनेसी । उनि पनि परिवार सहित कम्युनमा आएका थिए ।  उनि कम्युनमा रहदा कृषिको काम गर्थे, कम्युनको ब्यवस्थापनको काम गर्थे । कम्युनमा रहदा खानको लागी नै जोहो गर्नु पर्दैनथ्यो  । कम्युनले उनको परवारको वृत्ति बिकासमा तालिम दिइ कृषिमा आत्म निर्भर हुन सिकायो । उनको परिवार कम्युनमा रहदा कुनै पनि कठिनाइ भोग्नु परेन । उनि कम्युनमा रहदा कुनै किसिमको बिभेद भोग्नु परेन । उनको बिचारमा नेपालमा कम्युन आवश्यक छ ।

पार्टिले देशैभरी कम्युनमा जाने भनेको थियो । २०६४ को पहिलो संविधान सभाको चुनावपछि पार्टिले आफूले बोकेको कम्युन बिस्तारको एजेण्डा बिर्सियो । कम्युन बिस्तारबाट बर्गिय खाडल हल गर्न सकिन्छ भन्ने कुरा बिर्सिएर पार्टी कहाँ अल्झियो पार्टीले नै थाहा पाएन । त्यसपछि कम्युन सदस्यहरू पनि संकटमा निर्माण गरेको कम्युन बिघठन गरी पारिवारिक जिवनमा फर्किन थाले । उनि अहिले कृषि पेशामा आबद्ध छन् । उनको परिवारको जिबिकोपार्जन घुमाउरो खेती मार्फत चलेको छ । उनले कम्युनमा रहदा कृषिका सामान्य तालिमहरू लिएका थिए । उनि अहिले कृषिमा आबद्ध छन् । उनको पारिवारिक जिवन सोहि उत्पादनबाट चलेको छ । उनि अहिले नेकपा माओबादी केन्द्रमा आबद्ध छन् । उनि पार्टि सदस्यको जिम्मेवारीमा छन् । उनले कम्युन छोडेर आएकै कारण सामुनेरूपमा कुनै बिभेद भोग्नु परेको छैन । किन कि उनको गाँउ नै कम्युनमा आबद्ध थियो । उनि भन्छन् “ दैनिक जिवन चलाउन कम्युन बाहिर रहदा सजिलो “ ।

## ५.२. कम्युन सदस्यहरूको जीवन भोगाइ

शंखरा बुढा मगरका अनुसार कम्युन द्वन्दको चपेटामा परेका भूईमान्छेको बाच्ने साहारा थियो । गाँउका उमेर पुगेका सबै मान्छे पार्टीमा लागेका थिए। उनीहरू घर बस्न सक्ने अवस्था

थिएन । त्यो वेला राज्यले हामीलाई दुस्मन भन्थ्यो । हामी पनि राज्यलाई दुस्मन नै भन्थ्यौ । पार्टीमा लागेपछि को कति वेला शहिद बन्छ पत्तै हुदैन थियो । उमेर पुगेका सबै पार्टीमा हिडेपछि घरमा काम गर्ने मान्छे नै नहुने । परिवार चलाउनै धौ पर्ने । त्यो वेला पार्टीले सबैसँगै बस्ने। सँगै काम गर्ने। सँगै खाने भन्यो । हामीलाई पनि ठिक लाग्यो । हामी सबैको जग्गामा काम गर्न जान्थ्यौ । जमिन आ-आफ्नै थियो । सबैले मिलेर काम गर्ने । आम्दानी पनि सबैको हुने भनिएको थियो।

सबै मिलेर काम गर्थ्यौ । हरेक दिन साझ बैठक हुन्यो । बैठकले भोलिको योजना बनाउथ्यो । केहि भए बैठकमा नै भन्नु पर्थ्यो । केहि कुरा चित्त नबुझे बैठकमा नै भन्ने हो । कुनै पनि समस्याको समाधान छलफलद्वारा नै गरिन्थ्यो । कम्युनको बसाई उनलाई ठिकै लागेको थियो ।

कम्युन शुरु हुँदा विष्णु बहादुर बुढा मगर ११ वर्षका थिए । टोलका सबै सँगै बस्ने, खाने र काम गर्न थाले। यसले उनलाई रमाईलो लागेको थियो । घरायसी काममा उनको बोझ पनि घट्यो । पढ्नमा समय मिल्यो । रिजल्ट पनि राम्रो आउन थाल्यो । लगाउने र उठाउन बाहेको समयमा कृषि काम पनि घट्यो । पानी ल्याउने, भान्सामा सघाउने काम बढी गरको उनलाई सम्झना छ । विदाको दिन घाँस उदरा गर्न जङ्गल जान्थे । सकेको काम गर्थे । कहिलेकांहि पार्टीका कार्यक्रममा पनि उनी सहभागि हुन्थे । उनी अखिल क्रान्तकारीको सदस्य थिए । तर नेतृत्व तहमा रहेर उनले काम गरेनन्।

दिल बहादुर मगर २०५८ ताका उनी माओवादी पार्टीको एरिया कमिटी सदस्य (ब्क्ष्ः) थिए । उनी पार्टी संगठनको काममा नै धेरै सक्रिय हुन्थे । साम्यवादी कम्युनिष्ट नीति अँगाल्दै सशस्त्र द्वन्द्वकै क्रममा तत्कालीन विद्रोही नेकपा माओवादीले रोल्पा, रुकुम र जाजरकोटमा सामूहिक परिवार बस्ने 'कम्युन घर'को अभ्यास सुरु गर्ने भयो । कम्युन घर भन्नाले व्यक्तिगत सम्पत्ति छाडेर सामूहिक रूपमा उत्पादन गर्ने, एउटै व्यस्थापनमा चल्ने, सामुहिक रूपमा बस्ने बासस्थानलाई जनाउदछ । यसको मुल मर्म सबै नागरिक बराबर हुने, निजी सम्पत्ति केही नहुने, सामूहिक परिवार एउटै घरमा बस्ने, सामूहिक कार्य गर्ने र जे आउँछ बाँडीचुँडी खाने भन्ने नै थियो । पार्टीले उनकै टोललाई लिएर सामुहिक घर शुरु गर्ने भएपछि उनको परिवार पनि सामुहिक घरमा जोडियो ।

शहिद परिवार चिनी बुढा मगर पनि कम्युनमा बसिन । पार्टीले कम्युनमा जाने र शहिद परिवार बिशेषरूपमा कम्युनमा जोड्नै पर्ने भनेपछि कम्युनमा उनको परिवार कम्युनमा आयो । युध्दको चपेटामा परेको परिवारको लागि एउटा राहतको महसुस भयो । कम्युनमा रहदा उनले मेषको काम , खेतीपाति र अल्लोको धागो बनाउने लगायतका काम गर्थिन । प्राय महिलाहरू फर्र्सदको समयमा अल्लोको धागो बनाउने काममा ब्यस्त हुन्थे । उनी महिला संघमा रहेर पार्टी काम पनि गर्थिन । उनले गर्ने पार्टी काम भनेको अन्य समूदायमा गएर महिला कमिटि बनाउने, प्रशिक्षित गर्ने र पार्टीको पक्षमा जनमत तयार गर्ने हुन्थ्यो । कम्युनमा रहदा साझपख परिवार सदस्य वीच नियमित छलफल हुन्थ्यो । काम योजनावध्द रूपमा हुन्थ्यो । जनशक्ति धेरै नै हुनाले कामको बोझ धेरै थिएन । छोराछोरीले पढ्ने वातावरण पाए । उनले र उनको परिवार सदस्यले कम्युनमा रहदा कुनै पनि प्रकारको बिभेद भोग्नु परेन । उनले कम्युनमा रहदा कुनै पनि कठिनाइ भोग्नु परेन ।

तर तर पार्टी पार्टी शान्ति प्रक्रियामा आएपछि जब पार्टी सत्तामा पुग्यो, नेतृत्वले कम्युन घरलाई खास महत्व दिएन । 'कम्युन घर' कमजोर बन्दै गयो । केहि सदस्य क्यान्टोन्मेन्टमा बस्न गए । कोही घर फर्कन थाले । उनी पनि फर्किईन ।

कृषिमा पशु र खेतिपाती कम्युनले उत्पादन गर्थ्यो । मेषको काम महिनावारी रूपमा बिभाजन गरिएको थियो । खेतीपातिमा सबै मिलेर गरिन्थ्यो ।

युध्दको वेला थियो । उनलाई परिवारको व्यवस्थापन, दुस्मनबाट हुने शुरक्षा थ्रेटबाट बच्न र कृषिमा आधारित निर्वाहलाई यसले सजिलो बनाउला भन्ने लाग्यो । त्यसैले उनी आफ्नो ११ जनाको परिवार सहित 'कम्युन घर'मा बस्न थाले ।

कम्युन घरमा केटाकेटी हुर्काउनेदेखि खेतीपाती गर्ने, खाना बनाउने सबै काम सामूहिक हुन्थ्यो । परिवारका सबै सदस्य एउटै घरमा बस्ने, एउटै भान्सामा खाना बनाएर सँगै खाने र सबै काम सँगै गर्थे ।

परिवार सदस्यको छुट्टै खर्च व्यवस्थापन गर्ने चलन थिएन । खाना, वास, शिक्षा र स्वास्थ्यको व्यवस्थापन 'कम्युन घर'ले गर्दथ्यो । यहाँ मुजलत राज्यसत्ता परिवर्तनको आवश्यकता, दुस्मनबाट बच्ने उपाय, तालिमहरू दिने , भाषण कला लगायतका विषयमा

छलफल, तालिम र कार्यक्रमहरू हुने गर्दथे । परिवार सदस्यको मुल ध्यान ‘कम्युन घर”ले कसरी पार्टीलाई सहयोग गर्न सक्छ भन्ने नै हुन्थ्यो ।

कम्युनको जीवन उनलाई ठिक लागेको थियो । यसले आफु र समग्र समुदायलाई हित गर्छ भन्ने विस्वास थियो । तर हिजो कम्युन घरमासँगै बसेका परिवारहरू अहिले आ-आफ्नै घरगृहस्थी गरिरहेका चलाईरहेका छन । दिल बहादु पनि अहिले आफ्नै घरगृहस्थीमा जुटेका छन । उर्जावान समय पार्टीमा लगाएका उनमा एउटै गुनासो छः ‘पार्टीले मुध्दा छाड्यो । पार्टी हाम्रो भएन ।‘

## ५.३. हाल कम्युन छोडेका सदस्यहरूको अवस्था

कम्युन छाडेर नीजि जीवनमा फर्कनेहरूको जीवनस्तर त्यहीं छ, जहाबाट उनीहरू कम्युनमा आएका थिए । केहिको अझ जटिल बन्दै (बिग्रँदै) गएको छ । बेरोजगारी, आर्थिक अभावका कारण मानसिक रूपमा विक्षिप्त बनेका छन् ।

कम्युनमा रहदा व्यवस्थापकीय जिम्मेवारी संहालेका बालसिंह बुढामगर हाल गाउँमा नै खेती किसानी गरेर परिवार धानिरहेका छन । कम्युनमा रहदा लिएका तरकारी खेती सम्बन्धि तालिमलाई उनले कृषि व्यवसायसँग जोड्न सकेका छैनन । उत्पादन ढिलो , बजार टाढा र यातातातको असुविधाको कारण कृषि व्यवसाय गर्न कठिन छ। अहिले र पहिलेको जीवनको तुलना गर्दै उनी भन्छन : ‘ कम्युनमा रहदा कम्युनमा रहदा खानकै लागि खास चिन्ता गर्नु पर्दैनथ्यो । उमेर थियो । आट थियो । बच्चाको पढाईको चिन्ता थिएन । तर अहिले त्यस्तो छैन ।

उनले अहिले त्यस्तो छैन भन्नुको अर्थ पार्टीले पढाईलाई खास महत्व दिएको थिएन । वुर्जुवा शिक्षा बहिष्कारको नीति लिएको थियो । बच्चालाई जसरी पनि राम्रो शिक्षा दिनुपर्छ भन्ने सोच नै थिएन । तर अहिले समयले कोल्टे फेर्यो । पढाई कै कारण धेरै रोजगारीका अवसर गुमे । सेना समायोजनमा शैक्षिक योग्यता नभएकै कारण पाउने भनिएको तह पाउन सकेनन् ।

त्यो वेला जनसहकारी मार्फत होटल/पसल सञ्चालन गर्ने दिल बहादुर मगर अहिले पोखरा बसाई सरेका छन । मेसनको काम गर्छन । पार्टी कमिटीमा आवध्द छैनन । ३ छोरा

हुर्किएर बैदेशिक रोजगारमा गएका छन । आफ्नो दैनिक ज्याला मजदुरीको आम्दानीले उनको जीवन धानिएको छ ।

हिजो बालक अवस्थामा कम्युनमा बसेका विष्णु बहादुर बुढा मगर शहिद परिवार पनि हुन । अहिले दैनिक ज्यालादारीको काम गर्छन । कामको खोजीमा उनी कहिले दाङ त कहिले नेपालगञ्ज गरिरहन्छन । सिजनल मजदुरी गरेर बचाएको केहि पैसा लिएर उनी कामको सिजनमा गाँउ फर्किन्छन ।

चिनी बुढामगर शहिद चन्द्र बुढा मगरको श्रीमती हुन । पार्टीले शहिद परिवार कम्युनमा बस्नु पर्छ भनेपछि पार्टीको पछि लागेर आएकी उनी कम्युन विघटनसँगै पुरानो घर फर्किईन । उनी अहिले निर्वाहमुखि कृषि गरेर जीविका धानिरहेकी छन ।

स्थापनादेखि विघटनहुँदासम्म कम्युनमा बसेका अभिलाल पुन मगर बैदेशिक रोजगारीबाट फर्किएका छन । युध्दकालमा पार्टीमा एसिएमसम्मको जिम्मेवारी सम्हालेका उनीसँग हिजो हाम्रो सत्ता आएपछि समाजका सबै समस्या समाधान गर्छौ भन्ने नेतृत्वको वर्ग उथ्थान भएको र जनता विर्सिएको गुनासो छ ।

रामलाल बुढामगर अहिले पोबाङमा व्यवसायिक कृषि गर्छन ।

## ५.४. पार्टीको यथार्थ संगत भनाई र गराँई वीचको तादम्यता

### क. पार्टीको अपनत्व

माओवादी पार्टीको केन्द्रीय आधार ईलाकामा जेलबाङमा २०५८ भाद्र २६ गते जलजला कम्युनको स्थापना भएको थियो । पार्टीले शहिद तथा वेपत्ता परिवार, जनमुक्ति सेनाका परिवार र स्थानीय पार्टी नेताका परिवारलाई कम्युनमा आउन भनेको थियो । जसलाई साम्यवादी व्यवस्थाको भ्रुणको रूपमा परिभाषित गरिएको थियो । कम्युनमा सामवेश परिवारको सम्पतीको केन्द्रीकरण गरिएको थियो। । पार्टीले शहिद परिवारलाई 'तपाईंका छोराछोरी सहिद भए पनि हामी सयौं तपाईंका छोराछोरी हौं, क्रान्तिमा जीतेपपछि तपाईंहरूलाई पाल्ने पार्टी र हाम्रो जिम्मेवारी हुनेछ' भनी आश्वस्त पारेको थियो । तर पार्टी शान्ति प्रक्रियामा आएपछि उनीहरूलाई पालनपोषण त टाढाकै कुरा, पार्टीले सहिद परिवारसँग औपचारिक भेटघाटसमेत नगरेको धेरै वर्ष भयो । युद्धकालमा नेताहरू कम्युनमा देखाएको सपना र समाजवादमा जाने

आठोट बिर्सए । कम्युनलाई भुले । उनीहरू कम्युन फर्केर आएनन् । जसको कारण कम्युनले उत्पन्न चुनौतिलाई सामना गर्न सकेन ।

शान्ति प्रक्रियामा कम्युनको रक्षा र  विकास सन्दर्भमा भनेका थिए 'ग्रामिण कम्युन, उत्पादन एकाई र ग्रामिण सहकारीलाई सहरमा हुने सामुहिक बसाई, सामुहिक उत्पादन, सामुहिक जीवन र सहकारी र मजदुर युनियनसँग जोड्यौभने यसले नयाँ उचाई हाँसिल गर्छ।' तर त्यसो भएन । आफुलाई कम्युनिष्ट भन्ने पार्टी कार्यकर्तासँग कम्युनमा जानु बाहेको अर्को बाटो छैन भन्ने उनी कम्युनलाई व्यवस्थित गर्नतिर लागेनन । जनसहकारी व्यवस्थित गर्न पनि पार्टीले खास ध्यान दिएन । यस कोणबाट हेर्दा हिजो कम्युनमा स्थापना गरेर गरेको अभ्यास गरि आदर्श मात्र रहेको देखिन्छ।  जुन आदर्श आजको परिस्थितीमा व्यवहारतः सम्भव छैन । (पुन, २०६७)

## ख.   सामुहिक नेतृत्व

लेनिनको शब्दना पार्टीका सम्पूर्ण सदस्यहरूको सामूहिक ज्ञान नै सामूहिक नेतृत्व हो । मार्क्सवादी चिन्तक शिवदास घोषले उक्त अवधारणाको व्याख्या र विश्लेषण गर्दै भनेका छन, 'आन्तरिक जनवादको प्रयोगमार्फत पार्टी जीवनबाट व्यक्तिवाद र व्यक्तिगत नेतृत्वलाई निर्मुल गरी संघर्षसँगसँगै विचार एवम् अनुभवको आदानप्रदानको माध्यमबाट सिंगो पार्टीका नेता र कार्यकर्ताले आर्जन गरेका सामूहिक ज्ञानका जव पाटीको कुनै एक नेतामा केन्द्रीकरण र मूर्तिकरण हुन्छ तब मात्र सामूहिक नेतृत्वको स्थापना गर्न सकिन्छ ।

यसलाई हेर्दा मुख्य नेतृत्वले कम्युनहरूमा सामूहिक जीवनयापन गर्न अनिवार्य छ । आफूभित्र लुकेर रहेको व्यक्तिवाद जुन साधारण जस्तो देखिने मुद्दामा वा व्यक्तिगत आदतमा वा खाने, बस्ने र सँगै समय बिताउने क्रममा प्रकट हुन्छ, त्यसलाई कम्युनका सामूहिक जीवनशैलीले सतहमा ल्याउन मद्दत गर्छ । यसरी कम्युनिस्ट संस्कारको विकास गर्नुका साथै पार्टी नीतिअनुसार पार्टीको समग्र हितलाई सर्वोपरी मानेर व्यवहार गर्ने आचरणका विकास गरे कम्युनका सदस्यहरूले एक-अर्कालाई मद्दत गर्न सक्छन् ।

### ग. जनवादी केन्द्रीयता

जनवादी केन्द्रीयता भनेको संगठनका विभिन्न तहमा हुने जनवादी छलफल र सर्वसम्मति या बहुमतबाट भएको निर्णयमा आधारित एकल केन्द्रिकृत नेतृत्वको योग हो । शरीरविज्ञानमा भैँ हामीले जनवादी केन्द्रीयताको चिरफार गर्ने हो भने, यसका दुईवटा भाग छन् वैचारिक केन्द्रीकरण र सांगठानिक केन्द्रीकरण । आर्थिक र राजनीतिक प्रश्नका अलावा जीवन र जगतलाई हेर्ने र बुझ्ने सवालमा समेत मार्क्सवाद-लेनिनवाद द्वन्दात्मक भौतिकवादको आधारमा साझा चिन्तनपद्दती बुझाइमा एकरूपता, दृष्टिकोणमा समानता र उद्देश्यमा एकनिष्ठता कायम गर्न संघर्ष गर्ने क्रममा नै वैचारिक केन्द्रीयताको विकास हुन्छ । यसले नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तर पार्टीले यस मान्यतालाई पनि आत्मसात गर्न सकेन ।

## ५.५. हाल कम्युन अवस्था

सिरिबाङमा हाल कम्युन अस्तित्वमा छैन । पार्टी शान्ति प्रक्रियामा आएपछि जब पार्टी सत्तामा पुग्यो, नेतृत्वले कम्युनलाई खास महत्व दिएन । 'कम्युन' कमजोर बन्दै गयो । केहि सदस्य क्यान्टोन्मेन्टमा बस्न गए। केहि नीजि जीवनमा फर्किएर आ-आफ्नै घरगृहस्थी गरिरहेका चलाईरहेका छन । कतिले त स्थानीय थाक थलो नै छाडेका छन । बच्चाहरू हुर्किएर नयाँ परिवार बनाएका छन । यसको पछाडि शान्ति प्रक्रिया पछि पार्टीले लिएको नीति, कम्युन जीवना आएको चुनौति र चुनौति चिर्न पार्टीले प्रयाप्त ध्यान दिन नसकेको देखिन्छ। जसको कारण कम्युन आफ्नो लक्ष्यबाट विचलित हुने स्थिति उत्पन्न भयो ।

अर्को कुरा त कम्युनमा आएका परिवार र सदस्यहरूले क्रान्तिको महान् उद्देश्यको आत्मसात् गर्दै पार्टीले सञ्चालन गरेको यो प्रक्रिया ठिकै होला भनेर समर्पित भएका वा त्यसलाई साथ दिएका थिए । यसरी साथ दिने कार्यकर्तालाई पार्टीले उनीहरूलाई यो आफ्नै लागि हो अरु कसैका लागि होइन । हामी सबैभन्दा राम्रा मान्छे, उन्नत मान्छे बन्न यो प्रक्रियामा लागेका हौं, अरुका लागि होइन । भन्ने कुरा प्रशिक्षित गर्न सकेन ।

हाल सिरिबाङमा कम्युन सञ्चालन भएका घर बाँकि छन । भान्सा, बैठक कक्ष, आवास स्थल सहितको व्यवस्थित संरचना खण्डहर भग्नाबशेष बन्दै गईरहेको छ। कम्युन सञ्चालनका लागि निर्माण गरी आवासको लागि प्रयोग गरिएको ८ कोठाको ३ तले घर आफै अंश विवादमा

परेर भत्काउनु पर्ने अवस्थामा छ । उक्त घरमा हाल विष्णुबहादुर बुढा मगरको परिवार बस्छ । काका बाउको भाई अंशमा घडेरी आधा आधा भएकोले उनका काका त्यो घर भत्काएर घडेरी खाली गर्ने पक्षमा छन । विष्णुलाई त्यो घर नभत्काउन पाए हुन्थ्यो भन्ने लागेको छ । तर परिवार पाल्नै मुस्किल अवस्थामा उनी त्यसलाई जोगाउन सक्ने अवस्थामा छैनन ।  पार्टीले शहिद पार्क र शहिद गेट निर्माणमा धेरै लगानी जुटाएको छ । तर त्यो संरचना संरक्षणमा ध्यान दिएको छैन ।

# परिच्छेद ६ : सारांश, निष्कर्ष

## ६.१ अध्ययनको सारांश

जलजला जनकम्युनको स्थापना ०५८ साल भाद्र २६ गतेको दिन धनहादुर बुढा मगरको कमाण्डमा १२ घर संख्या रहेको (क) समूह गठन भएको थियो । लगतै भाद्र २८ गतेको दिन १४ घर परिवार रहेको (ख) समुह गठन भएको थियो । दुवै समुहवाट गरी २६ घर संख्या र १५० सदस्य संख्या रहेको जलजला जनकम्युन स्थापना भएको थियो ।

यस कम्युनको सांगठनिक संरचना हेर्दा (क) युनिट कमिटी र शाखा कमिटि (ख) जन वर्गिय संगठन (ग) टोल कमिटी (किसान, महिला, विद्यार्थी, बाल) (घ) विभाग (व्यवस्थापन विभाग, जनपरिचालन विभाग, मेश संचालन विभाग, कृषि तथा पशुपालन विभाग आर्थिक विभाग, स्वास्थ्य तथा सरसफाई विभाग) रहेको देखिन्छ ।

आर्थिक उपार्जनका लागि कम्युनले कृषि तथा पशुपालन, पानीघट्ट सञ्चालन, होटल तथा पसल सञ्चालन गरेको थियो । कम्युनको सिरिवाङमा १, पोबाङमा १ र सुलीचौरमा १ पसल सञ्चालनमा थिए । सुलीचौरमा खाना खाजा सुविधा सहितको लज (होटल) सञ्चालन गरिएको थियो ।

कृषि तथा पशुपालनलाई हेर्दा खाद्यान्न तर्फ मकै, गहुँ, जौ उत्पादन हुने गर्दथ्यो भने नगदे बाली आलु, भट्ट, भांगो, तोरी, खुर्सानी प्याज उत्पादन हुने गर्दथ्यो । यसैगरी तरकारी बाली तर्फ रायो, सिमि, काउली, बन्दा, फलफुल । दाते ओखर, स्याऊ, सुन्तला परिक्षणको लागि लगाईएको थियो ।

जडिबुटीहरूमा अलैची, पदमचालको व्यवसायिक खेती शुरु गरिएको थियो । पशुपालन तर्फ गाई, वाख्रा, भैसी, बंगुरको पालन मुख्य रूपमा रहेको थियो ।

कम्युन स्थापनाबाट नै प्रभावकारी हुन सकेको थिएन । राजनैतिक तथा वैचारिक क्षेत्रमा अतिनै कमजोर परिवार सदस्य भएकोले पार्टीको निर्णय मान्न मात्र परिवारहरू कम्युनमा आएका थिए । सबल परिवारहरू कम्युन सञ्चालनको १ वर्षबाट बाहिरिने क्रम शुरु भएको

थियो । ०५९ साल मंसिर ८ गते १ घर, ०६० साल भाद्र १६ गते ५ घर, ०६० फागुन १२ गते १ घर गरी ७ घर परिवारवाट ४० जना कम्युन सदस्य निस्किएका थिए ।

नीति योजना कार्यान्वयन गर्नमा शाखादेखि यूनिटसम्म एकरूपता कायम हुन सकेको थिएन । कमाण्ड गर्ने र कमाण्डमा नचल्नेको समस्या जबरजस्त रूपमा थियो । परिवार सदस्यहरू जुझारु र विद्रोही भए पनि सीप र कौसलमा निपूर्ण थिएनन । दक्ष प्राविधिक जनशक्ति र श्रम शक्तिको अभाव थियो । परिवारको वसाई दुई फरक स्थानमा हुदाँ (जेलवाङ्ग र सिरिवाङ) काम कार्वाहीमा एकरूपता कायम हुन सकेको थिएन । परिवार सदस्यहरूको साक्षरता र स्वास्थ्य चेतना कमजोर थियो । परिवारमा कम्युन गठनको आवश्यकता र औचित्यबारेमा स्पष्ट हुन/गर्न नसक्दा आत्मविस्वास र इच्छा शक्तिलाई जागृत गर्न सकेको देखिएन ।

कम्युन सञ्चालन विधिलाई व्यवस्थित रूपमा विकास गर्न पार्टीले ध्यान नदिनु, राजनीतिक परिस्थिति बदलिएसँगै यस्ता संरचनाको रक्षा र विकासको ठोस योजना नबन्नु, शुरुवातमा समग्र किसिमको समाजव्यवस्था तयार गर्नका लागि अपनाईएको तरिका सबैको साझा सम्पत्ति र उत्पादनको जमिन साझा बनाएर त्यसमा सबैले श्रम गर्ने, त्यो अनुसार केटाकेटीको शिक्षा, स्वास्थ्य हेर्ने, त्यसपछि सम्पत्तिको सम्बन्ध साझा हुने र त्यसको एउटा नेताले त्यसलाई सिस्टममा चलाउने स्थिति बनेको थियो । त्यो नै सामुहिकताको मर्म अनुरूप थिएन । परिवारको सबै सम्पत्ति त्यहाँ राख्ने त्यो सम्पत्तिको साझा स्वामित्व हुने र एउटा व्यवस्थापन समिति बनाएर त्यसलाई सञ्चालन गरिएको थियो । त्यसैको शाखाका रूपमा अन्य सहकारीहरू, पसलहरू, स्कुलहरू पनि सञ्चालन गर्ने व्यवस्था मिलाइएको थियो । यसले राजनीतिक रूपमा प्रोपागाण्डा सिर्जना गर्न सके पनि समुदायको जीवन व्यवहारमा गुणात्मक परिवर्तन र आशा भरोषा स्थापित गर्न सकेको थिएन ।

## ६.२ निष्कर्ष

यो शोध मुलतः २ वटा (क) संरचनात्मक प्रकार्यवादको सिद्दान्त र (ख) मार्क्सवादी सिद्दान्तमा आधारित रहेर विश्लेषण गरिएको छ ।

'श्रमिक वर्गको नजरमा मार्क्सवाद एउटा राजनीतिक वा आर्थिक सिद्दान्तमात्र होइन, यो त जीवन र जगतको वृहत दर्शन पनि हो (घोष, २०६७) । कम्युनको निर्माण, अभ्यास र

कम्युन सदस्यहरूको जीवनभोगाईलाई हेर्दा यहि सिद्वान्तको जगमा यो निर्माण भएको देखिन्छ । जसले पार्टी कार्यकर्ताको रक्षा र विकासमा मुल ध्यान दिएको छ ।

कम्युन भनेको सामुहिक बसाई वा सामुहिक उत्पादन प्रक्रियामात्रै होइन बरु कम्युन त क्रान्ति पछिको एउटा आर्थिक, राजनितिक र सामाजिक एकाईको रूपमा कम्युनको विकास गर्ने कम्युनिष्ट अवधारणा अनुसार साम्यवादी सामजको एउटा उच्चतम रूप हो । सिरिबाङ कम्युन निर्माण यो बैचारिक धरातलसँग मेल खादैन । भेटको क्रममा कम्युनमा आउने सबै सदस्यले आफुहरू पार्टी निर्देशन अनुसार कम्युनमा आएको बताएका थिए । पार्टी निर्देशन अनुसार जम्मा भएका, पार्टीले तोकेको व्यक्ति कमाण्डर हुने र कमाण्डर मातहत शाखा कमिटि रहने व्यवस्थाले कम्युनको मुल मर्मलाई आत्मसात् गरेको देखिदैन ।

जलजला कम्युन माओवादी जनयुध्दको क्रममा “नयाँ सामाजिक व्यवस्थाको आवश्यकता बोध गरी महान् साम्यवादको भ्रुणको रूपमा गठन गरिएको थियो” (ओली, २०६७) । त्यसैले यो जनयुद्धको क्रममा शहिद परिवार, जनमुक्ति सेनाको परिवारका असहाय परिवार सदस्यहरूलाई व्यवस्थापन गर्न निर्माण गरिएको सामुदायिक संरचना मात्र हो ।

स्थलगत भ्रमणको क्रममा  कम्युन सदस्यले यस कुरालाई बुझेको र आत्मासात् गरेको देखिएन । उनीहरूले अन्तरवार्ताको क्रममा नेतृत्वले कम्युनमा ल्याएर विचैमा छाडेर विचल्लीमा पारेको जस्तो अभिव्यक्ति दिएका थिए । यसले कम्युन स्थानीय चाहनामा नभई नेतृत्वको क्षणिक आवेग र रोमान्चकताबाटमात्र भएको देखिन्छ ।

पार्टीले वर्गीयताको संसारबाट निर्वर्गीयताको बाटोमा जाने कम्युन निर्माणको  जटिल प्रक्रिया बुझाउन पार्टीले ठोस योजना नबनाउदा पार्टी पनि यसको रक्षा र विकासमा प्रतिवध्द रहेको देखिदैन ।

कम्युन सदस्यहरूको क्षमता विकासमा कम्युनले खास काम गरेको छैन । उनीहरू कम्युनमा आउदा जुन सीप कौसल बोकेर आएका थिए त्यसकै वरिपरी नै उनीहरूले जिम्मेवारी पाए । जसले गर्दा अहिले पनि उनीहरूको आर्थिक जीवन कमजोर र निराशाजनक छ ।

कम्युनको युध्दकालमा रणनैतिक महत्व भए पनि पार्टी शान्ति प्रक्रियामा आएपछि यसको उज्यालो भन्दा अध्यारो पक्ष बलियो हुदै गयो । पार्टीले यसको ऐतिहासिक महत्वलाई समेत संस्थागत गर्ने काम गरेको छैन ।

अन्त्यमा के भन्न सकिन्छ  भने जसरी नेकपा माओवादीले कम्युनको स्थापना एउटा अभियानको रूपमा गरेको थियो त्यसको विघटन पनि त्यत्तिकै कुण्ठा, निराशा भाव सहित भयो । जसले कम्युन सदस्यहरूलाई  इतिहासप्रति गर्व गर्ने  अवसर समेत प्रदान गर्न सकेन ।

# सन्दर्भ सामग्री


ओगुरो, कियोको । (२०६२) । रूपान्तरण । समाज अध्ययन २ : ३९ - ७५ । काठमाडौं : मार्टिन चौतारी

ओली, हेमन्त प्रकाश । (२०६७) । जनकम्युन तथा सहकारीहरूको साधारण सभामा प्रास्तुत एंव पारित प्रतिवेदन-२०६४ । *नयाँ दिशा अङ्क* । चितवन : दिवाकर बालग्राम ।

कोइराला, माधव । (२०७१) । *आधारशिलाको छैटौं परिषदमा प्रस्तुत प्रतिवेदन* । महोत्तरी : आधारशिला ।

गुरागाइ, रमेश । (२०६९) । शान्ती मोर्चामा माओवादी । काठमाडौं : एकिकृत नेकपा ( माओवादी) अध्यक्षको स्वकिय सचिवालय ।

घोष, शिवदास । (२०६७) । पार्टी कम्युनबारे । *नयाँ दिशा अङ्क* । चितवन : दिवाकर बालग्राम ।

जिएम, इश्वरी । (२०७९) । दश वर्षे जनयुद्धको ११ बुदे चिरफार – कमरेड प्रचण्ड ! यसरी रोल्पा नबिर्सनुस् , काठमाडौं : nepalpress.com

नेपाल राजपत्र । (२०७२) । *नेपालको संविधान* । काठमाण्डौं : कानुन किताब खाना ।

नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तीका एतिहासिक दस्ताबेजहरू । (२०६९) । मगराँत राज्य सम्मेलन आयोजक समिती नेकपा । ए.ने.क.पा (माओवादी)

पुन, वर्षमान । (२०६७) । कम्युनको दिशामा जानुबाहेक अर्को बिकल्प छैन । *नयाँ दिशा अङ्क* । चितवन : दिवाकर बालग्राम ।

पोखेल, गिरिराजमणी । (२०७१) । *आधारशिलाको छैटौं परिषदमा प्रस्तुत प्रतिवेदन* । महोत्तरी : आधारशिला ।

बराल, ऋषिराज (२०७३) । विकल्प । काठमाण्डौं : क्रान्तिकारी बौध्दिक-सांस्कृतिक मञ्च , नेपाल ।

बुढाथोकी, आभास। (२०७८) । युद्धकालमा साम्यवादी अभ्यास ’कम्युन घर’संगै भत्किएको सपना । काठमाडौं : अनलाइन खबर

मन्सुर, हेक्मत (२०८०) । *२१ औं शताब्दीमा निगरानी र स्वतन्त्राता* । काठमाण्डौं : इन्डिगो इन प्रा.ली. ।

मार्क्स, कार्ल र फ्रेडरिक एंगेल्स । (१९८७) । *पेरिस कम्युन,* (अनु. : राजेन्द्र मास्के) । मस्को : प्रगती प्रकाशन ।

मुखर्जी, मणिक । (२०६७) । *नयाँ दिशा अङ्क* । चितवन : दिवाकर बालग्राम ।

रिट्जर, जर्ज । (२००८) । *सोसोलोजिकल थ्यौरी,* म्याक ग्र-हिल ।

सापकोटा, दिपक । (२०६६) । उथलपुथलका दश वर्ष । काठमाडौं : कान्तिकारी पत्रकार संघ ।

श्रेष्ठ , नारायणकाजी । (२०६८) । प्रस्थान त्रैमासिक, अङ्क १ । महोत्तरी : परिवर्तन ।

श्रेष्ठ, पुष्पलाल । (२००६) । नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र । नेपाल : नेपाल कम्युनिष्ट पार्टी ।

Abrams, P. and McCulloch, A. (1976). *Communes, sociology and society*. New York: Cambridge University Press

Diamond, S.(1971). *What the trees said: Life of a new age farm.* New York: Dell

Fitzpatrick, Sheila.(2010). The question of social support for collectivization. *Russian History, 37*(2), 153-177.

Gould, R. V. (1991). Multiple Networks and Mobilization in the Paris Commune, 1971. *American Sociological Reveiw, 56*(6), 716-729.

Kokaisl, P. (2013). Soviet Collectivization and its Specific Focus on Central Asia. Agris On-line Papers in Economics and Informatics, Vol.V, No. 4, Czech University of Life Sciences in Prague.

Marvasti, A.B. (2004). *Qualitative research in sociology: An introduction.* London EC2A 4PU:SAGE Publications.

Marx, K. (1972). The Paris commune. Address to the international workingmen's association, May 1871. In K. Marx, & F. Engels, The Communist Manifesto. Moscow: Progress Publishers.

Marx, K., & Engels, F. (1848/1972). *Manifesto of the communist party*. Moscow: The Progress Publishers.

Parsons, T. (1951). *The social system*. New York: Free Press.

Rigby, A. (1974). *Communes in britain*. USA: Routledge

Ritzer, G., Kammeyer, K. C. & Yetman, N. R. (1987). *Sociology: Experiencing a changing society*. Boston: Allyn and Bacon

Scott & Marshall. (2009). *Dictionary of sociology*. New York: Oxford University Press

Sokolovsky, J. (2019). *Peasants and power: State autonomy and the collectivization of agriculture in Eastern Europe* (First published 1990 by Westview Press, Inc.). New York: Routledge

Weber, M. (1947). The theory of social and economic organization. Translated by A.M. Henderson and Talcott Parsons. New York: The Free Press and the Falcon' s Bring Press.

# प्रश्नावली

## सामूहिकताको अभ्यास र कम्युनका सदस्यहरूको जीवन भोगाई (जलजला कम्युन, सिरिबाङ, रोल्पाको एक अध्ययन) लागि अन्तरबार्ता प्रश्नावली

**१) उत्तरदाताको व्यक्तिगत विवरणः**

क. लिङ्ग

अ) पुरुष आ) महिला इ) तेस्रो लिङ्ग

ख. पेसा

अ) कृषि आ) स्वरोजगार इ) दैनिक ज्यालादारी

ई) निजामति उ) बैदेशिक रोजगार

ग. शैक्षिक योग्यता

अ) निरक्षर आ) आधारभूत तह इ) माध्यमिक तह

ई) स्नातक तह वा सो भन्दा बढी

घ. बैवाहिक स्थिति बिबाहित

अ) विवाहित आ) अविवाहित इ) एकल

**२. जलजला कम्युनमा सामुहिकताको सुरुवात किन गरिएको थियो ?**

क.

**३. कम्युनमा को-को सहभागी थिए ?**

क. मुलीको नाम थर :

ख. शिक्षा :

ग. पेशा :

घ. दलिय आवध्दता : पार्टी कमिटीः

ङ. परिवार संख्याः

च. पारिवारिक विवरण

| क.सं. | नाम, थर | लिङ्ग | उमेर | शिक्षा | पेशा | पार्टी कमिटी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |

**४. कम्युनमा सामुहिकता कसरी लागु गरियो ?**

क. कम्युनको संगठन संरचना कस्तो थियो ?

ख. कामको जिम्मेवारी बाँडफाँड कसरी गरिन्थ्यो ।

ग. सदस्यको वृत्ति विकास योजना के थियो ।

घ. उत्पादनका क्षेत्रहरू के के थिए ?

ङ. उत्पादनको वितरण प्रणाली कस्तो थियो ?

च. अन्तर विरोधहरूको हल कसरी गरिन्थ्यो ?

छ. नियम/ कानुन आचार संहिताहरू के के बनेका थिए ।

ज. लेखा प्रणाली कसरी व्यवस्थित गरिन्थ्यो ?

झ. नियमित वैठक/ छलफल हुन्थ्यो कि हुदैन थियो ।

हुन्थ्यो भने वैठक/ छलफलको मुख्य एजेण्डा के हुन्थ्यो ?

ञ. कम्युन स्थानीय समुदायसँग कसरी जोडिएको थियो ?

**५. कम्युन सदस्यहरूको जीवन भोगाइ कस्तो छ ?**

क. तपाई कम्युनमा किन आउनु भएको थियो ?

ख. तपाई कम्युनमा रहदा के काम गर्नु हुन्थ्यो ?

ग. कम्युनमा रहदा बाहिर रहदा भन्दा के-के कुरामा सजिलो थियो ?

घ. कम्युनले तपाईको परिवारको वृत्ति विकासमा सहयोग भयो कि भएन ?

ङ. कम्युनमा रहदा व्यक्तिगत र पारिवारिक रूपमा कुनै कठिनाई भोग्नु भएको थियो ?

च. कम्युनमा रहदा तपाईले कुनै प्रकारको विभेद भोग्नु पर्यो कि परेन ?
परेको भए कस्तो ...............................

छ. तपाईको विचारमा नेपालको सन्दर्भमा कम्युनको आवश्यकता छ कि छैन ?

**६. कम्युन छोडेका सदस्यहरू के गर्दैछन् ?**

क. तपाईले कम्युन छाड्नु वा कम्युन विघटनको मुल कारण के थियो ?

ख. अहिले तपाईले जिविकोपार्जनका कुन पेशा अंगाल्नु भएको छ ?

ग. कम्युनमा रहदा तपाईले व्यक्तित्व विकास र आयआर्जन सम्वन्धि कुनै तालिम पाउनु भयो ?

घ. अहिले तपाईको पारिवारको दैनिक जीविका कसरी चलिरहेको छ ?

ङ. अहिले तपाईको दलिय आवध्दता छ कि छैन ?
छ भने कुन कमिटीमा कार्यरत हुनुहुन्छ ?

च. तपाईले कम्युन छोडेर आएकै कारण कुनै प्रकारको सामाजिक विभेद भोग्नु भएको छ ?

छ. दैनिक जीवन चलाउन कम्युनमा रहदा र बाहिर रहदा कुन सजिलो अनुभव गर्नुभएको छ ?

ज. तपाईको परिवारबाट कोहि वैदेशिक रोजगारीमा गएको छ ?

## अध्ययन क्षेत्रको तस्बिरहरू



सिरिबाङ स्थित जलजला कम्युनका एक कम्यून सदस्य (अध्ययन क्षेत्रको तस्बिर, १८ माघ, २०७९)



सिरिबाङ स्थित सुनछहारी गाँउपालिकाका स्थानीय बासिन्दाहरू (अध्ययन क्षेत्रको तस्बिर, १९ माघ, २०७९)



सिरिबाङ स्थित जलजला कम्युनको कम्युन घर (अध्ययन क्षेत्रको तस्बिर, २० माघ, २०७९)



सिरिबाङ स्थित जलजला कम्युनको कम्युन घरमा मकै भंडारण गरि राखिएको (अध्ययन क्षेत्रको तस्बिर, २० माघ, २०७९)



सिरिबाङ स्थित जलजला कम्युनमा रहेका कम्युन सदस्यहरू (अध्ययन क्षेत्रको तस्बिर, २२ माघ, २०७९)